# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधपत्रको शीर्षक "भिखारी सङ्ग्रहका कवितामा पूर्वीय दर्शन" रहेको छ । **भिखारी** कवितासङ्ग्रह महाकवि लक्ष्मीप्रसाद देवकोटा (जीवनकाल : १९६६-२०१६)द्वारा रचिएका उत्कृष्ट फुटकर कविताहरूको सँगालो हो र यसको प्रकाशन वि.सं २०१० सालमा भएको हो । आफ्ना काव्य र कविताहरूमार्फत् नेपाली काव्य साहित्यमा स्वच्छन्दतावादको प्रवर्तन गरी त्यस युगको सफल नेतृत्वसमेत सम्हालेका स्वच्छन्दतावादी महाकवि देवकोटा आफ्नो गौरवमय अतीतप्रति सचेत छन् । प्राचीन सांस्कृतिक भारतवर्षीय सभ्यता, संस्कार र संस्कृतिप्रति मोह प्रकट गर्ने उनका अधिकांश रचनाहरू पूर्वीय दर्शन चिन्तनबाट अनुप्राणित छन् । पूर्वीय दर्शन भन्नाले मूलतः भारतीय उपमहाद्वीपमा विकसित दर्शनलाई बुझिन्छ । वैदिक पृष्ठभूमिमा विकसित भएको यस दर्शनले जीवन र जगत्सम्बन्धी गम्भीर दृष्टिकोण प्रस्तुत गरेको छ र त्यसले यस क्षेत्रको समग्र साहित्यमा समेत गहिरो प्रभाव पारेको छ । आत्मा, जगत्, कर्म, बन्धन र मोक्षसम्बन्धी मान्यता, सुख र दुःखसम्बन्धी दृष्टिकोण, आध्यात्मिक आदर्श, आत्मसंयम, नैतिक चेतना आदि विषयको समष्टि रूप पूर्वीय दर्शन हो र महाकवि देवकोटाको उक्त कवितासङ्ग्रहमा पूर्वीय दर्शनका यी र यस्तै मान्यताहरू अन्तर्निहित छन् । यसैले **भिखारी** सङ्ग्रहका कवितामा पाइने पूर्वीय दर्शन प्रस्तुत शोधको अध्ययनीय विषय बनेको छ ।

## १.२ शोधसमस्या

**भिखारी** कवितासङ्ग्रह भित्रका कविताहरूमा पूर्वीय दर्शनको अध्ययन गर्नु यस शोधको प्रमुख समस्या रहेको छ । नेपाली साहित्यमा महाकवि देवकोटा र उनका कविताहरूको उच्च स्थान छ । प्रस्तुत कवितासङ्ग्रह पनि देवकोटाको उच्च कोटिको कवितासङ्ग्रह हो । यसभित्रका कविताहरूमा स्वच्छन्दतावादी मानवतावादी विचारसँगसँगै पूर्वीय अध्यात्मवादी दार्शनिक चिन्तन पनि मूल कथ्यका रूपमा आएको छ तर यस विषयमा गहिरिएर अध्ययन गर्ने कार्य भएको छैन । यसभित्रका कविताहरूको व्याख्या विश्लेषणबाट जीवनोपयोगी गम्भीर दार्शनिक निष्कर्षहरू निस्कने निश्चित भएकाले **भिखारी**

कवितासङ्ग्रहमा पूर्वीय दर्शनको अध्ययन गर्नु यस शोधको मुख्य समस्या रहेको छ साथै यस शोधकार्यसँग सम्बद्ध शोधप्रश्न यसप्रकार रहेका छन् -

क) **भिखारी** कवितासङ्ग्रहका कवितामा पूर्वीय दर्शनका के-कस्ता पक्षहरू समेटिएका छन् ?

ख) **भिखारी** कवितासङ्ग्रहका कवितामा पूर्वीय दर्शनको अभिव्यक्ति के-कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

कविता जीवन जगत्को अभिव्यक्ति हो । कविले यसबारे आफ्नो चिन्तन, विचार वा दृष्टिकोणलाई सौन्दर्यपूर्ण ढङ्गले प्रस्तुत गर्दा त्यो कुरा कविता बन्दछ । महाकवि देवकोटाले जीवन र जगत्सम्बन्धी आफ्ना धारणा दृष्टिकोणहरूलाई कविताका रूपमा व्यक्त गरेका छन् र त्यस्तै कविताहरू **भिखारी** कवितासङ्ग्रहमा सङ्गृहीत छन् । यस सन्दर्भमा त्यस कवितासङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनका के-कस्ता पक्षहरूको अभिव्यक्ति के-कसरी गरिएको छ त्यसको अध्ययन, विश्लेषण गरी ती कविताहरूमा पूर्वीय दर्शनको प्रभाव केलाउनु शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यस शोधसँग सम्बद्ध उद्देश्य यसप्रकार रहेका छन् -

क) **भिखारी** कवितासङ्ग्रहका कविताहरूमा पाइने पूर्वीय दर्शनसम्बद्ध पक्षहरूको खोजी गर्नु,

ख) **भिखारी** कवितासङ्ग्रहका कवितामा पाइने पूर्वीय दार्शनिक चिन्तनको अध्ययन, विश्लेषण गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

लक्ष्मीप्रसाद देवकोटाले आधुनिक नेपाली कविताका क्षेत्रमा स्वच्छन्दतावादी धाराको नवप्रवर्तन गरी ऐतिहासिक योगदान दिएका छन् । वि.सं. १९९१ मा पूर्णिमाको जलधि ( गोरखापत्र, मार्ग १५) र गरीब (शारदा, १:१) शीर्षकका कविताको सार्वजनिक रूपमा प्रकाशन गरी उनले १९९१ देखि २०१५ सम्म सक्रिय भएर स्वच्छन्दतावादी धाराको सहप्रर्वतन गरे । नेपाली कविताको क्षेत्रमा एउटा ठूलो मोड ल्याउन सफल यस भिखारी कवितासङ्ग्रह कृतिको दार्शनिक विचारतत्त्वका कोणबाट आजसम्म विशद अध्ययन हुन नसके पनि अग्रज विद्वान्हरूद्वारा यस भिखारी कवितासङ्ग्रहका विषयमा प्रस्तुत गरिएका

विचारहरू निकै महत्त्वपूर्ण एवं उल्लेखनीय भएकाले ती विचारहरूलाई यस शोधका पूर्वकार्यका रूपमा यहां प्रस्तुत गरिएको छ -

सर्वप्रथम कवि देवकोटा स्वयंले वि.सं.२०१३-१४ सालतिर आफ्ना शिष्य हरिविक्रम शाहलाई पढाउने क्रममा भिखारी कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये १५ वटा कविताको परीक्षोपयोगी टिप्पणी गरेका छन् । यो टिप्पणी २०४८ सालमा कुमारबहादुर जोशीले लेखेको **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना** भन्ने पुस्तकमा संकलित भई प्रकाशमा आएको छ ।

नित्यराज पाण्डेले **महाकवि देवकोटा** (२०१७) भन्ने पुस्तकमा भिखारी, गरीब, किसान, यात्री, बालककाल, माली र जिन्दगीको मौसमजस्ता केही मात्र कवितालाई लिई तिनमा प्रयुक्त प्रकृतिप्रेम, आस्तिकता, मानवता र कर्मवादी दर्शनको सामान्य चर्चा गरेका छन् । यसका साथै यस कृतिमा 'दर्शन र सिद्धान्त' शीर्षकमा देवकोटाका काव्यका पृष्ठभूमिमा दर्शन रहेको बताइएको छ र उनका कविताहरुमा साङ्ख्यदर्शन, निष्काम कर्मयोग र ज्ञानयोगका साथसाथै धार्मिक, आस्तिकवादी भाव पाइने कुरा उल्लेख गरिएको छ ।

हृदयचन्द्रसिंह प्रधानले **नेपाली काव्य र उसका प्रतिनिधि कवि** (२०२१) मा साहित्यका प्रतिनिधि कविहरूको परिचय दिने क्रममा देवकोटाका सम्बन्धमा 'उनका गरीब, यात्री, मार्ग, वीरता, वन र मुनामदन काव्य हेर्दा स्पष्ट बुझिन्छ; देवकोटाजी खाली गायक र प्रकृतिवर्णनको मात्र लहरे र सर्सरे होइनन् जगत् जीवन मानवता आदिको रहस्य, उसको सभ्यता र सौन्दर्य, उसको रूपरेखा र कणकण, अणुअणुबाट पनि परिचित, अभ्यस्त र अनुकूल पनि छन्, मस्तिष्क पनि उसको विचार र कल्पनाले भरेको छ' भनेका छन् ।

घटराज भट्टराईले *लक्ष्मीप्रसाद देवकोटा, व्यक्ति र कृति* (२०३५) मा कृतिगत परिचय पहिल्याउँदै देवकोटाका यात्री र मार्ग कवितालाई क्रमशः मानवतावादी र प्रकृतिवादी ठहराएका छन् ।

चूडामणि बन्धुले **देवकोटा** (२०३६) कृतिमा देवकोटाको जीवनीका प्रमुख घटनाको प्रस्तुतिसँगै उनको कवित्वलाई दर्शाउने क्रममा विभिन्न प्रसङ्गमा भिखारीमा सङ्कलित कविताहरूको पनि चर्चा गरेका छन् । यस सन्दर्भमा बादल, गरीब, प्रश्नोत्तर, बालककाल, भिखारी कविताका विचारपक्षमाथि दृष्टि पुर्‍याउँदै बन्धुले यस सङ्ग्रहमा सङ्गृहीत

कविताहरूले नेपाली कविताको इतिहासमा नयाँ युग ल्याउन सहयोग गरेका छन् पनि भनेका छन् ।

कुमारबहादुर जोशीले **कविता चर्चा** (२०४०) मा देवकोटाको भिखारी कवितासङ्ग्रहको चर्चा गर्दै कवित्वस्तरका दृष्टिले यस सङ्ग्रहमा सङ्गृहीत

कविताहरूको वर्गीकरण गरेका छन् । उनले यस सङ्ग्रहका बादल, सम्झना, अन्त्यमा र जिन्दगीको मौसम कवितालाई निम्नमध्यम, माली, आफ्नो घर, जीवन वन, किसान, वसन्त, जीवन, झरना र प्रश्नोत्तर कवितालाई मध्यम, चारु, वृक्ष र बालककाल कवितालाई उच्चतातर्फ उन्मुख, वन, घाँसी र तिनको घँसिया गीत कवितालाई उच्च तथा सन्ध्या, यात्री र भिखारी कवितालाई उच्चस्तर भनी वर्गीकरण गरेका छन् ।

गार्गीले **केही समीक्षा** (२०४१) मा देवकोटाका भिखारी, यात्री र गरीब कवितालाई मानवतावादी उद्घोषका रूपमा हेरेका छन् ।

कुमारबहादुर जोशीले **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन** (२०४७) कृतिमा देवकोटाका कवितायात्राका ५ वटा मोडहरूको चर्चा गर्ने क्रममा त्यसका दोस्रो मोड (१९९१-१९९९)मा नेपाली स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तन र संवर्द्धन गर्दा भिखारीमा सङ्गृहीत कविताहरूको योगदान रहेको चर्चा गरेका छन् ।

कुमारबहादुर जोशीले **देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना** (२०४८) मा देवकोटाका कविताहरूको कालक्रमिक विवेचना गर्ने क्रममा गरीब, वृक्ष, घाँसी, झरना, किसान, सन्ध्या, जीवन वन, अन्त्यमा, प्रश्नोत्तर, भिखारी, वन, चारु, बादल र यात्री गरी पन्ध्र वटा कविताको लय, भाव, आयाम र गुणस्तरको सङ्क्षिप्त विवेचना गरेका छन् । उक्त कृतिमा जोशीले सालगत कृति-अध्ययनका निष्कर्षहरुमा देवकोटाका कविताहरुमा जीवनको निश्छलता, पवित्रता, शुद्धता, स्वाभाविकताप्रति आकर्षण तथा सरल, प्राकृत, सन्तोषी र परिश्रमी जीवनप्रति अभिमुखता र सांसारिक भोगविलासप्रति विमुखता, परोपकारद्वारा इहलोक र परलोक दुवै सपार्ने जीवनदृष्टि, आदर्शवाद र रहस्यवादबाट अभिप्रेरित जीवनचिन्तन पाइने कुरा उल्लेख गरेका छन् । यसका साथै त्यस कृतिमा देवकोटाको नैतिक साहस, मानवसेवा र विश्वबन्धुत्वको भावनालाई प्रस्तुत गर्दै उनमा धार्मिक, नैतिक चेत, ईश्वरप्रतिको आस्था र पूर्वीय वेदान्तदर्शनका प्रति आकर्षण रहेको कुरासमेत उल्लेख गरिएको छ ।

रुद्रबहादुर बुढाथोकीले आफ्नो स्नातकोत्तर शोधपत्र "भिखारी कवितासङ्ग्रहका कविताहरूको पाठनिर्धारण" (२०६२) मा यस सङ्ग्रहका कविताहरूको सामान्य चर्चा मात्र गरेका छन् ।

डिल्लीराम सङ्ग्रौलाले आफ्नो स्नातकोत्तर शोधपत्र "भिखारी कवितासङ्ग्रहमा स्वच्छन्दतावाद" (२०६५) मा स्वच्छन्दतावादमा आधारित रहेर यस सङ्ग्रहका कविताहरूको छोटकरीमा चिनारी प्रस्तुत गरेका छन् ।

पुरुषोत्तम ज्ञवालीले आफ्नो स्नातकोत्तर शोधपत्र "भिखारी कवितासङ्ग्रहको कृतिगत अध्ययन" (२०६९) मा यस सङ्ग्रहमा रहेका कविताहरूको परिचय दिँदै तिनीहरूको विषयवस्तुगत तथा शिल्पगत विश्लेणष गरेका छन् । यस क्रममा भिखारी कवितासङ्ग्रहका कविताहरूको मुख्य विषय र त्यससँग सम्बद्ध भाव वा विचारका साथै कविताहरूको संरचना, उक्तिढाँचा, लयविधान, भाषाशैली, अलङ्कार प्रयोग र आयाम पक्षलाई केलाइएको छ ।

उपर्युक्त पूर्वाध्ययनहरूलाई हेर्दा **भिखारी** कवितासङ्ग्रहका कविताहरूलाई चिनाउने, यसको विषयवस्तु केलाउने, शिल्पसंरचना देखाउने अनि यिनै कविताका आधारमा महाकवि देवकोटाको मूल्याङ्कन गर्नेसम्मका कार्यहरू भइसकेका भए तापनि पूर्वीय दर्शनका तथ्यका आधारमा ती कविताहरूको गहनतलमा पुगेर दार्शनिक भावविश्लेषण गर्ने काम बाँकी रहेको छ । यसैले भिखारी सङ्ग्रहका कवितामा पूर्वीय दर्शन' शीर्षकको यस  शोधमा **भिखारी** कवितासङ्ग्रहमा अभिव्यञ्जित पूर्वीय दर्शनसम्बद्ध चिन्तनको काव्यात्मक रूपान्तरणको अध्ययन विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य

संवेग र अनुभूतिका माध्यमले गरिएको सत्यको प्रकाशन साहित्य हो भने तर्क, बुद्धि र अनुभवका माध्यमले गरिएको सत्यको प्रकाशन दर्शन हो । यसैले साहित्य र दर्शनका बिच निकै नजिकको सम्बन्ध रहेको छ । साहित्यले कुनै न कुनै दर्शन वा विचारलाई वहन गरेकै हुन्छ । दर्शन विना साहित्यको अस्तित्व रहँदैन । दर्शन र साहित्यको यस्तो निकटता रहेको पाइए पनि नेपाली साहित्यमा दर्शनको गहिराइ छिचोल्ने कार्य गरिएको खासै देखिँदैन । यसै परिप्रेक्ष्यमा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको भिखारी कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको दार्शनिक विवेचना गरी पूर्वीय दर्शनको प्रभावको अध्ययन गर्नु

महत्त्वपूर्ण कार्य हो । देवकोटाको कवित्वका बारेमा चर्चा गर्दा पूर्वकार्यका रूपमा गरिएका अध्ययन अनुसन्धानहरू आफ्ना स्थानमा स्तुत्य एवं महत्त्वपूर्ण नै छन् तापनि आजसम्म पूर्वीय दर्शनको दार्शनिक उच्चता र **भिखारी** कवितासङ्ग्रहका कवितामा पाइने त्यसको अभिव्यक्तिको अध्ययन कहीं पनि भएको पाइँदैन यसैले यस संग्रहका कविताहरूको दार्शनिक विश्लेषण गरी भावको गहिराइसम्म पुग्नका निम्ति पनि प्रस्तुत शोध औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधको अध्ययनक्षेत्र **भिखारी** कवितासङ्ग्रहका कविताहरूको दार्शनिकतामा पूर्वीय षड्दर्शन ( सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त ) लाई प्रस्तुत गर्दै शिल्पगत अभिव्यक्तिको विश्लेषण गर्नु रहेको छ भने त्यसबाहेक अन्य प्रसङ्गतिर नजानु यसको सीमा रहेको छ ।

## १.७ अध्ययनविधि

### क) सामग्री सङ्कलनकार्य

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सामग्रीका रूपमा देवकोटाको भिखारी कवितासङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने **भिखारी** कवितासङ्ग्रह, महाकवि देवकोटा र पूर्वीय दर्शनसम्बन्धी लिखित, प्रकाशित पुस्तक, शोध, पत्रपत्रिकालाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसरी शोधकार्यका लागि उपयोग गरिएका सामग्री दुई किसिमका छन् – (१) पूर्वीय षड्दर्शनसँग सम्बन्धित ग्रन्थहरूको उपयोग गरी सङ्कलन गरिएका पूर्वीय दार्शनिक चिन्तनसम्बन्धी सैद्धान्तिक सामग्री तथा (२) **भिखारी** कवितासङ्ग्रहको सूक्ष्म पठन गरी सङ्कलित पूर्वीय दर्शनका विविध चिन्तनसम्बन्धी सामग्री । यी दुवैथरी सामग्रीको सङ्कलन गर्दा केवल पुस्तकालयीय सामग्री सङ्कलनविधिको प्रयोग गरिएको छ र यी सामग्रीहरूका स्रोत त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठको पुस्तकालय एवं आफ्नै व्यक्तिगत सङ्ग्रहका पुस्तकहरू रहेका छन् ।

### ख) सैद्धान्तिक ढाँचा

यस अध्ययनमा क्रमशः साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनमा पाइने जीवनजगत्सम्बद्ध विविध चिन्तनको अध्ययन गरी त्यसकै आधारमा **भिखारी**

कवितासङ्ग्रहभित्रका कविताहरूमा रहेका पूर्वीय दर्शनसम्बद्ध ब्रह्म, माया, कर्म, ईश्वर, जीव, प्रकृति, जीवन र आस्तिकता एवं नैतिक चेतनासँग सम्बद्ध भावविचारको अनुसन्धान एवं विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि निम्नलिखित छ अध्यायहरूमा विभाजन गरिएको छ र ती सबै अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षक र उप-उपशीर्षकहरूमा वर्गीकरण गरी व्यवस्थित गरिएको छ -

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : पूर्वीय दर्शनको परिचय  र विश्लेषण ढाँचा

अध्याय तीन : भिखारी सङ्ग्रहका कविताहरूको सर्वेक्षण

अध्याय चार : भिखारी सङ्ग्रहका कवितामा पाइने पूर्वीय दर्शन विश्लेषण

अध्याय पाँच : भिखारी सङ्ग्रहका कविताहरूको अभिव्यक्तिशिल्प

अध्याय छ : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# अध्याय दुई

# पूर्वीय दर्शनको परिचय र विश्लेषण ढाँचा

## २.१ परिचय

यस परिच्छेदमा पूर्वीय दर्शनको परिचय र यसका मूलभूत धारणाहरूको विवेचना गरिएको छ । पूर्वीय वाङ्मयमा आस्तिक र नास्तिक गरी दर्शनका दुई भाग छन् । ईश्वरीय आस्था र वेद प्रामाण्यका आधारमा न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त आस्तिक दर्शनका रूपमा गृहीत छन् । यिनै छ दर्शनका दार्शनिक सिद्धान्त, मान्यता र विशेषताहरूको सामान्य दिग्दर्शनका साथै यी दर्शनका प्रतिपाद्य विषयहरूको संक्षिप्त चर्चा गर्दै यस परिच्छेदमा कविताहरूको विश्लेषण गर्ने ढाँचासमेत प्रस्तुत गरिएको छ ।

## २.२ दर्शनको परिचय

हेर्नु वा देख्नु अर्थमा संस्कृत भाषाको दृशिर् प्रेक्षणे (दृश्) धातुदेखि ल्युट् (अन) प्रत्यय विधान गर्दा दर्शन शब्दको निर्माण हुन्छ । यसको अर्थ अवलोकन, निरीक्षण, हेर्ने वा देख्ने भन्ने हुन्छ । ज्ञानका क्षेत्रमा जीव, ब्रह्म, प्रकृति, पुरुष आदि कुराको तत्त्वज्ञान बोध गराउने शास्त्रलाई दर्शन भनिन्छ (बराल, २०६८:३३०) । विशेष गरेर जीवन र जगत्का बारेमा गरिने सूक्ष्म अवलोकन, कुनै पनि वस्तुको वास्तविकता बुझ्ने कोसिस वा त्यस वस्तुका बारेमा हुने विशिष्ट दृष्टि नै दर्शन हो । संस्कृतका ग्रन्थहरूमा *जसद्वारा जड र चेतनको सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वलाई केलाएर देखिन्छ, त्यसलाई दर्शन भनिन्छ* भनी दर्शनलाई परिभाषित गरेको पाइन्छ ( गिरि, २०५५: १) । अङ्ग्रेजीमा दर्शन शब्दको समानार्थी रूपमा फिलसफी (philosophy) शब्द प्रचलित छ । यसको व्युत्पत्तिगत अर्थ ज्ञानको अनुराग वा प्रेम भन्ने हुन्छ । फिलसफी मा प्रयोग भएको ज्ञान (wisdom) को अर्थ ज्ञान मात्र नभइ अर्न्तदृष्टि, विवेक र सत्यको ज्ञान भएकाले पश्चिमी जगत्मा पनि दर्शनको सम्बन्ध परम तत्त्व वा सत्यलाई जान्नुसँग नै रहेको छ (मिश्र, २०६५:३) । यसैले दर्शन भनेको जीवनजगत्को सूक्ष्म निरीक्षण हो, जीवनमा ज्ञानको गहिराइ तर्फको यात्रा हो, जीवनमा प्राप्ति अनुभूतिका आधारमा बुद्धिका माध्यमले गरिने सत्यको अन्वेषण हो र जीवनमा मुक्तिको खोजी गर्ने बौद्धिक विधा हो ।

## २.३ पूर्वीय दर्शनको सीमाङ्कन

भाषा, साहित्य, दर्शन, ज्ञान, विज्ञान आदि सबै जसो क्षेत्रमा पूर्वीय र पाश्चात्त्यको दिग्विभाजन गर्ने परम्परा प्रचलित छ । यस्तो दिग्विभाजन ग्रीसेली प्रायद्वीपलाई केन्द्र मानी सूर्योदय र सूर्यास्तका आधारमा तथा युरोपा र एसिया भूदेवीको पुराकथात्मक बिम्ब समेतका आधारमा अघि सारिएको हो । यस अनुसार युरोपेली र सो मूलका आप्रवासीहरूको बाहुल्य रहेका युरोप, अमेरिका, अष्ट्रेलिया आदिको दर्शन, साहित्य आदि पाश्चात्त्य हो भने एसिया तथा अफ्रिका क्षेत्रको दर्शन साहित्य आदि पूर्वीय हो । अझ प्रचुरता र प्रखरताका दृष्टिले अरवी, फारसी, भारतवर्षीय, चिनिया, जापनी आदि भाषा क्षेत्रको साहित्यलाई पूर्वीय साहित्यका रूपमा लिइन्छ र अझै सीमित सन्दर्भमा बुझ्दा पूर्वीय साहित्यको तात्पर्य पूर्वीय जगत्को सर्वाधिक विस्तारित संस्कृत साहित्य हुन आउँछ (त्रिपाठी, २०६५:६३६) । यसरी पूर्वीय साहित्य शास्त्रका रूपमा संस्कृत साहित्यशास्त्रलाई नै मुख्य रूपमा बुझिए जस्तै पूर्वीय दर्शन भनेर पनि प्राचीन सांस्कृतिक भारतवर्षमा विकसित भएका दर्शनहरूलाई बुझिन्छ । प्रस्तुत शोधमा वैदिक पृष्ठभूमिमा आधारित षड्दर्शनलाई लिएर विश्लेषण गरिएको छ । ती हुन् - : साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त । यी बाहेक जैन, बौद्ध, चार्वाक आदि दर्शनलाई पनि पूर्वीय दर्शनकै रूपमा लिइन्छ । सांख्य आदि षड्दर्शन पूर्वीय आस्तिक दर्शन हुन भने जैन, बौद्ध र चार्वाक पूर्वीय नास्तिक दर्शन हुन् ।

## २.४ षड्दर्शनको चिनारी

पूर्वीय जगत्मा विकसित भएका विभिन्न दर्शनहरूमध्ये कतिपयले वेदलाई प्रामाणिक मान्दछन् भने कतिपयले अप्रामाणिक मान्दछन् । वेदको प्रामाणिकताका कसौटीमा जाँचेर आस्तिक र नास्तिक छुट्याउने प्रचलन पूर्वीय दार्शनिक परम्परामा पाइन्छ । यसरी विभाजन गर्दा आस्तिक दर्शन अन्तर्गत सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त पर्दछन् र यिनै छ वटा दर्शन पूर्वीय षड्दर्शनका नामले चिनिन्छन् । यिनीहरूको संक्षिप्त परिचय तल उपस्थापित गरिएको छ -

### २.४.१ सांख्यदर्शन

गणना अर्थ बुझाउने संख्या शब्दमा अण् प्रत्यय लागेर सांख्य शब्दको व्युत्पत्ति हुन्छ । यसको अर्थ गणनाद्वारा जानिने भन्ने हुन्छ । संख्या पदको अर्थ सम्यक प्रकथन वा विचार

भन्ने पनि हुन्छ । पञ्चविंशति तत्त्वको सम्यक विचार गरिने भएकाले अथवा ती तत्त्वहरूलाई आधार मानेर स्थापित भएको हँदा यसलाई सांख्य दर्शन भनिएको हो (चतुर्वेदी, १९६९:१७) । यो सांख्यदर्शन ज्यादै नै पुरानो मानिएको छ । यसका संस्थापक आचार्य कपिलमुनि हुन् । जड र चेतन दुबैलाई अविनाशी तत्त्व मान्ने अनि सृष्टिको मूल कारणका रूपमा प्रकृतिलाई स्विकार्ने यो दर्शन वेदवादी दर्शन हो । पदार्थसृष्टिप्रकृया र जीवनजगत्का प्रकृति र प्रवृत्तिलाई विशद रूपमा विश्लेषण गरिएको यस दर्शनले कुनैपनि पदार्थको नाश नभई तिरोभाव मात्र हुन्छ भन्ने मत राख्दछ । तिलभित्र विद्यमान भएकाले नै तेल निस्केजस्तै प्रकृतिमा विद्यमान पदार्थ प्रकट भएर सृष्टि हुने र दृश्यमान जगत् प्रकुतिमा तिरोभाव भएर प्रलय हुने मान्यता यस दर्शनमा रहेको छ । प्रकृति पुरुष र त्रिगुणसम्बन्धी चिन्तन यस दर्शनमा  महत्त्वपूर्ण पक्ष हुन् ।

**प्रकृति** : सांख्य दर्शनमा प्रकृतिले जड पदार्थको प्रतिनिधित्व गर्दछ । यस दर्शनअनुसार प्रकृति नै समग्र दृश्य जगत्को मूल कारण हो र जगत् नै प्रकृतिको विस्तारित रूप हो । प्रकृतिबाट नै सारा विश्वको उत्पत्ति हुने भएकाले कार्यरूपी जगत्को मूल कारण प्रकृतिलाई मानिएको छ । सबै वस्तुको कारण भएर पनि प्रकृति कसैबाट जन्मिएको होइन वा प्रकृति कुनै पनि तत्त्वको कार्य मानिएको छैन त्यसैले यो नित्य तत्त्व हो (सां का. ३) । यस दर्शनले सत्व, रजो र तमो यी तीन गुणको साम्य अवस्थालाई प्रकृति मानेको छ । प्रकृतिबाट महत्तत्व, महत्तत्वबाट अहंकार, अहंकारबाट पञ्च तन्मात्रा र एघार इन्द्रिय, पञ्च तन्मात्राबाट पञ्च महाभूतको विकास हुन्छ र जगतको निर्माण हुन्छ । यसरी प्रकृति नै सारा चराचर जगत्को मूल कारण हो भन्ने विचार यस दर्शनमा रहेको छ । सांख्यदर्शनअनुसार व्यक्त र अव्यक्त गरी प्रकृतिका दुई अवस्था छन् । व्यक्त प्रकृति सृष्टि हो भने अव्यक्त प्रकृति निर्विकार त्रिगुणसाम्य हो ।

**पुरुष** : सांख्यदर्शनमा पुरुष चौवीस तत्त्वको उपभोक्ता एवम् अचेतन प्रकृतिको अधिष्ठाता हो । पुरुषको संसर्गले गर्दा नै प्रकृति नाना प्रकारका क्रियाकलापमा संलग्न हुन्छ तर पुरुष भने त्रिगुणातीत छ र कार्यकारणबाट पनि निरपेक्ष छ । यसैले पुरुष न कार्य हो न त कारण नै ( सां.का., श्लो.३) । यो शाश्वत्, अपरिवर्तनशील, नित्य र देशकालरहित छ । इच्छा, द्वेष, सङ्कल्प आदि नहुनाले पुरुष चेतन भएर पनि निष्क्रिय छ तर निष्क्रिय भएर पनि यो चैतन्यस्वरूप द्रष्टा, भोक्ता र ज्ञाता हो । प्रकृतिमा रहेका रूप, रस आदि तथा यिनीहरूको मिश्रणबाट बन्ने सौन्दर्य, माधुर्य आदि पदार्थको उपयोग प्रकृति स्वयंले नगर्ने हुँदा यिनको

उपभोक्ता प्रकृतिदेखि सचेतन तत्त्व पुरुष हो भन्ने मान्यता सांख्यदर्शनमा पाइन्छ ( चतुर्वेदी, १९६९:८३ ) ।

**त्रिगुण :** पूर्वीय दर्शनका परिप्रेक्ष्यमा त्रिगुण भनेर सत्वगुण, रजोगुण, तमोगुण भन्ने बुझिन्छ । सांख्य दर्शनमा यी तीन गुणका बारेमा विस्तृत चर्चा गरिएको छ । सांख्यदर्शनको मूलशक्ति प्रकृति नै त्रिगुणात्मक छ । यिनै गुणका कारणबाट नै प्रकृतिद्वारा सृष्टिको सम्भव भएको हो । यी तीन गुण क्रमशः सुख, दुःख र मोहात्मक छन् अर्थात् सत्वगुणका कारण सुख, रजोगुणका कारण दुःख र तमोगुणका कारण मोहको उत्पत्ति हुन्छ (सां.का., श्लो.१२) । त्रिगुणको साम्य अवस्थामा कुनै पनि विकार उत्पन्न हुँदैन । यस अवस्थालाई प्रकृतिको अव्यक्त अवस्था भनिन्छ । यसैलाई मूलप्रकृति वा प्रधान पनि भन्ने गरिएको पाइन्छ । यिनै गुणको वैषम्य अवस्थामा परिणाम आउँछ वा विकार देखिन्छ जसलाई प्रकृतिको व्यक्त अवस्था भनिन्छ । यी गुणहरू क्रमशः प्रकाशक, प्रवर्तक र अवरोधक मानिन्छन् । गुणहरूले एकअर्कालाई दबाउने तथा कार्य उत्पत्तिका निम्ति आपसका आश्रित हुने गर्दछन् (सां.का., श्लो.१२) । जगत्का प्रत्येक वस्तुमा तीन गुणका विभिन्न अनुपातको समन्वय छ र हरेक वस्तु त्रिगुणात्मक हुनाले सुखदुःखमोहात्मक छन् ।

## २.४.२ योगदर्शन

युजिर् योगे धातुमा घञ् प्रत्यय लागेर योग शब्दको निर्माण भएको छ । यसको शाब्दिक अर्थ मिलन, सङ्गम, संयोग, जोड, चित्तको स्थिरता आदि हुन्छ (बराल, २०६८:६२६) । दर्शनका सन्दर्भमा भने योग भनेर चित्तवृत्तिको निरोध बुझिन्छ । योगदर्शन पतञ्जलिद्वारा प्रवर्तित दर्शन हो । चित्तको व्यापारलाई नियन्त्रण गर्ने उपाय वा साधन नै योग शब्दको तात्पर्य हो । भागवत्गीतामा योगको अर्थ आत्मा र परमात्माको मिलन मानिएको छ । योगद्वारा नै परम शान्ति प्राप्त गर्न सकिने बताउँदै गीतामा श्रीकृष्णले अर्जुनलाई योगी हुन आग्रह गरेका छन् ( तस्माद्योगी भवार्जुन - गीता ६।४६ ) । योग दर्शन र सांख्य दर्शनका बीच नजिकको सम्बन्ध पाइन्छ । योग दर्शनले पनि प्रकृति र पुरुषको अस्तित्वलाई स्विकार्दछ । संसार त्रिगुणात्मक, दुःखमय भएको मान्छ, दुःखबाट मुक्ति पाउनु मोक्ष हो भन्छ अनि जगत्को उत्पत्तिमा पनि प्रकृति परिणामवादलाई स्विकार्दछ तर सांख्यदर्शनमा भन्दा बढी यसले ईश्वरको अस्तित्वलाई स्पष्ट रूपमा स्वीकार गरेको छ । यस दर्शनअनुसार जड प्रकृति र चेतन पुरुषका बीच सम्बन्ध स्थापित गराउने तत्त्व नै

ईश्वर हो । प्रकृति परिणामकै फलस्वरूप संसारको रचना भएकाले ईश्वर सृष्टिका निम्ति योजक वा प्रेरक तत्त्व मात्र हो भन्ने मान्यता योगदर्शनको रहेको छ (गिरि, २०५५:४८) ।

योगदर्शनले चित्तको निरोधलाई विशेष महत्त्व प्रदान गरेको छ । चित्त भनेको मन, बुद्धि र अहङ्कारको समष्टि हो । चित्त शुद्ध निर्मल नभएसम्म ज्ञानमार्गमा अघि बढ्न सकिदैन र ज्ञान नभएसम्म मुक्तिको सम्भावना रहँदैन । योगद्वारा चित्तलाई स्थिर गराउन सकिन्छ । यसका निम्ति योगदर्शनले अष्टाङ्ग मार्ग बताएको छ । ती हुन् : यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान र समाधि । यम भनेको आन्तरिक एवम् बाह्य इन्द्रियहरूको संयम प्रक्रिया हो । यसअन्तर्गत अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहलाई लिइएको छ । नियम भनेको सदाचारको पालना हो । यसभित्र शौच, सन्तोष, तप, स्वध्याय र ईश्वरप्रणिधान पर्दछन् । योगदर्शनमा यमअन्तर्गत के-के गर्नुहुँदैन भनेर बताइएको छ भने नियमअन्तर्गत के-के गर्नुपर्छ त्यसको निर्देशन गरिएको छ । त्यसैगरी आसन भनेको शरीरलाई विशेष मुद्रामा राख्नु हो । यो शरीरलाई नियन्त्रण गर्ने साधन हो । आसन विभिन्न प्रकारका हुने भएपनि सुखपूर्वक स्थिर हुन सकिने वा योगाभ्यास गर्न सजिलो हुने बसाइलाई आसनको रूपमा लिन सकिन्छ । प्राणायाम भनेको चाहिँ श्वासप्रश्वासको प्रक्रियालाई नियन्त्रित गरेर त्यसमा एउटा क्रमको स्थापना गर्नु हो । श्वासप्रश्वासलाई व्यवस्थित गरेर त्यसद्वारा मनलाई स्थिरता प्रदान गर्न सकिन्छ भन्ने योग दर्शनको मान्यता रहेको छ । यस दर्शनमा प्रत्याहार भन्नाले इन्द्रियहरूलाई बाह्य विषयहरूबाट खिचेर त्याई मनका वशमा राख्नु हो भने धारणा भनेको आफूले चाहेको कुनै विषयमा चित्तलाई पूर्णतया केन्द्रित गर्नु हो । यसैगरी ध्यान भन्नाले आफूले चाहेको कुनै पनि विषयमा चित्त एकाग्र गर्नु हो र समाधि भनेको चाहिँ ध्येय वस्तुमा पूर्णतया लीन हुनु हो । यो योगको अन्तिम अवस्था हो । समाधि सम्प्रज्ञात र असम्प्रज्ञात गरी दुई प्रकारका हुन्छन् । ध्यानका समयमा ध्याता र ध्येयका बीच द्वैत सम्बन्ध रहँदा सम्प्रज्ञात र त्यस्तो सम्बन्ध नरहँदा असम्प्रज्ञात समाधि हुन्छ (गिरि, २०५५:४९) ।

योगदर्शनले सांख्य दर्शनले झैँ पच्चीस तत्त्वलाई स्विकारेको हुनाले यसलाई सेश्वर साङ्ख्य पनि भनिन्छ । यस दर्शनका अनुसार क्लेश, कर्म, कर्मफल र कर्मसंस्कारबाट पूर्णतया मुक्त पुरुष विशेष नै ईश्वर हो । ऊ नित्यमुक्त परमपिता हो र परमानन्दमय छ । दिक्कालातीत, नित्य, षडैश्वर्यसम्पन्न, परमगुरु एवम् ज्ञाता तत्त्व ईश्वरबाट नै वेदको रचना भएको र ओङ्कारले पनि ईश्वरलाई बुझाउँछ भन्ने मान्यता योग दर्शनको छ । यसले तप,

स्वाध्याय, भक्ति, सेवा आदिबाट ईश्वर प्रसन्न हुन्छन् र भक्तलाई चित्तवृत्तिनिरोधका निम्ति सहयोग गर्छन् भन्ने विश्वास राख्दछ र चित्तवृत्तिनिरोधद्वारा मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने बताउँछ (उपाध्याय, २०६६:९४) । सुख, शान्ति, आनन्द, खुशी आदिका लागि मानसिक स्थिरता, एकाग्रताको आवश्यकता पर्ने र मनलाई अधीनमा राख्नसके मात्र संसारमाथि विजय प्राप्त गर्न सकिने भएकाले वर्तमान समयमा पनि योगदर्शनको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ ।

## २.४.३ न्यायदर्शन

नियमेन इयते अर्थात् नियमपूर्वक लगिन्छ भन्ने अर्थमा निपूर्वक इण् गतौ धातुदेखि घञ् प्रत्यय लागेर न्याय शब्दको निर्माण भएको छ । यसको अर्थ विधि, पद्धति, निसाप, नियम आदि हुन्छ र दर्शनका परिप्रेक्षयमा न्याय भनेर पूर्वीय षड्दर्शन मध्ये सोह्र पदार्थको विवेचन गर्ने शास्त्र न्याय दर्शनलाई बुझिन्छ (बराल, २०६८:४१२) । यसलाई तर्कशास्त्र, प्रमाणशास्त्र, हेतुविद्या आदि पनि भन्ने गरिएको पाइन्छ । अन्य दर्शनहरू जस्तै न्यायदर्शनको पनि अन्तिम लक्ष्य भनेको मोक्ष प्राप्ति हो । न्यायदर्शनमा मोक्षलाई अपवर्ग भनिएको छ । मोक्ष चाहने व्यक्ति मोक्षार्थी हो । उसले जगत्का भौतिक, अभौतिक सम्पूर्ण कुराहरूको ज्ञान गर्नुपर्ने हुन्छ । यस दर्शनले प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति, निग्रहस्थान, गरी सोह्र पदार्थलाई स्विकारेको छ र आत्मा, शरीर, इन्द्रिय, अर्थ, बुद्धि, मन, प्रवृत्ति, दोष, प्रेत्यभाव, फल, दुःख र अपवर्गजस्ता कुरालाई प्रमेय भित्र राखेको छ (उपाध्याय, २०६७: ९६) ।

तर्क र प्रमाणमा अत्यधिक जोड दिने न्यायदर्शन आस्तिक दर्शन हो र यसले ईश्वरको अस्तित्वलाई स्विकार्दछ । यस दर्शनअनुसार सम्पूर्ण विश्वको स्रष्टा, पालनकर्ता एवम् संहर्ता ईश्वर नै हो । ईश्वरमा ज्ञान, सत्ता र आनन्द सन्निहित छन् । परमाणुहरूको संयोगबाट सृष्टि हुने तथा परमाणुहरूमा स्वतः क्रिया उत्पन्न हुन सम्भव नरहेकाले परमाणुद्वय संयोग गराउन ईश्वरको आवश्यकता पर्दछ । त्यसैले ईश्वर जगत्का प्रति निमित्त कारण हो । सृष्टिसम्बन्धी चिन्तनलाई यस दर्शनको आरम्भवाद भनिन्छ । यो सांख्यको सत्कार्यवादको सिद्धान्त भन्दा विपरीत छ । यसअनुसार कारणमा कार्यको अस्तित्व आवश्यक छैन किनकि कार्यको उत्पत्ति आफैँमा एक नयाँ थालनी हो । यस दर्शनको आत्मचिन्तन पनि विशिष्ट किसिमको छ । यसका अनुसार आत्मा स्वरूपतः अचेतन छ तर

अचेतन भएर पनि चेतना धारण गर्न सक्ने सामर्थ्य आत्मामा रहेको हुन्छ । मन, इन्द्रिय, मनदेखि पृथक भएर आत्मा जव यथार्थस्वरूप अचेतन अवस्थामा पुग्दछ त्यति वेला मात्रै आत्मा मुक्त हुन्छ । नित्य र निरवयव रूपमा रहेको आत्मा शरीरेन्द्रिय मनभन्दा भिन्नै पदार्थ हो र पनि अज्ञानवश तिनीहरूलाई एउटै ठानिन्छ (गिरि, २०५५:५१) । यही अज्ञानका कारण मान्छे बन्धनमा परेको हुन्छ र जन्म मरणको चक्रमा घुमिरहन्छ । त्यसैले न्यायदर्शन दुःखमय संसारबाट छुटकरा पाउन मिथ्या ज्ञानबाट छुट्नुपर्ने बताउँछ र यसका निम्ति श्रवण, मनन र निदिध्यासनको मार्गनिर्देश गर्दछ ।

## २.४.४ वैशेषिकदर्शन

विशेष पदार्थको प्रतिपादन गर्ने लक्ष्यले स्थापित दर्शन वैशेषिकदर्शन हो । यसका संस्थापक महर्षि कणाद हुन् । यस दर्शनमा द्रव्य, गुण, कर्मादि सात पदार्थको विस्तृत व्याख्या पाइन्छ । यसले भौतिक जगत्को मूल कारण सूक्ष्मतम र व्यापक रूपको विशेष परमाणु पदार्थलाई मान्दछ (अर्याल, २०५५:२१) । नित्य द्रव्यहरू सर्वथा समान छन् र प्रत्येक नित्य द्रव्यहरूमा आफ्नो एउटा विशेषता हुन्छ । परमाणु रूपले समान रहेका अवस्थामा द्रव्यहरूलाई छुट्याउने काम विशेष पदार्थले गरेको हुन्छ भन्ने मान्यताका साथ यस दर्शनमा *विशेष* पदार्थको विशेष अध्ययन गरिएको छ (उपाध्याय, २०६६:१०७) । आत्मा, मोक्ष, ईश्वर, परमाणु आदि सम्बन्धी न्याय दर्शन र वैशेषिकदर्शनका अवधारणाहरू एउटै भएकाले यी दुईबीच निकटको सम्बन्ध छ र यिनीहरूलाई संयुक्त रूपमा न्याय-वैशेषिक नामले पनि लिइएको पाइन्छ । वैशेषिकदर्शनले परमाणु सृष्टिवादमा जोड दिइएको छ । परमाणु निष्क्रिय र गुणयुक्त हुन्छ । यस्तो परमाणुमा ईश्वरको इच्छा अनुसार गति पैदा हुन्छ र जगत्को सृष्टि हुन्छ अर्थात् ईश्वरले परमाणुहरूलाई जोडेर संसारको सृष्टि गर्छ भन्ने यस दर्शनको मान्यता रहेको छ (भुसाल,२०६८:९९) । हरेक पदार्थको निर्माणमा परमाणु कारण हुन्छ, परमाणु निरवयवी, अभिभाज्य, अतीन्द्रिय र नित्य भौतिक हुन्छ । अचेतन र भौतिक रूपमा रहेका यिनै परमाणुहरूबाट पदार्थको निर्माण हुन्छ । निष्क्रिय परमाणुलाई आपसमा मिलाउन यस दर्शनले अदृष्टको कल्पना गरेको छ । त्यसैलाई उत्तरवर्ती आचार्यहरूले ईश्वरका रूपमा स्वीकार गरेका छन् । वैशेषिकदर्शन अनुसार सृष्टि र प्रलय परमाणुको नियमित चक्र हो, सृष्टिका प्रति उपादान कारण परमाणु हो भने निमित्त कारण चाहिँ ईश्वर हो । ईश्वरको इच्छाअनुसार परमाणुसंयोग हुँदा सृष्टि र वियोग हुँदा प्रलय हुन्छ । यस दर्शनले मोक्षका लागि दुःखको अभावलाई कारण मान्दछ (वै.सु.५/२/१८) । जन्मका निम्ति प्रारब्ध निमित्त

कारण हुन्छ, भोगद्वारा कर्म क्षयभएपछि शरीरको अन्त्य हुन्छ अनि त्यसपछि दु:खको उत्पत्ति हुँदैन । यसरी दुखाभाव नै मोक्षको कारण बन्दछ ।

## २.४.५ मीमांसादर्शन

मीमांसा शब्दको शाब्दिक अर्थ पूजित विचार भन्ने भएपनि प्रयोगका सन्दर्भमा विचार, विमर्श, समीक्षात्मक विवेचना आदि अर्थमा यसको प्रयोग भएको देखिन्छ । दार्शनिक परिप्रेक्ष्यमा मीमांसा पूर्वमीमांसाको संक्षेपीकरण हो र यो कर्मसम्बन्धी चर्चा भएको वदेको पूर्वभागसँग सम्बन्धित छ । यस दर्शनका प्रणेता जैमिनि मानिन्छन् (उपाध्याय,२०६६:११०) । वेदनिर्देशित कर्मकाण्डमा विशेष जोड दिने मीमांसादर्शन पूर्णतया वेदमा नै आधारित छ । आत्मा, स्वर्ग, नर्क, वेद, देवीदेवता आदिको अस्तित्वलाई स्विकार्ने यो दर्शन आस्तिक दर्शन हो तापनि यसले ईश्वरलाई अत्यन्त गौण मानेको छ । कर्मलाई नै अत्यधिक महत्त्व दिने यस दर्शनले वेदनिर्देशित कर्मको आचरण गर्नाले अपूर्व उत्पन्न हुने र त्यसैले निष्क्रिय परमाणुमा क्रिया उत्पन्न गराउने अनि कर्मकर्ताको कर्मफलअनुसार भोग्य संसारको निर्माण हुने मान्यता राख्दछ । अपूर्व आफै सञ्चालित हुने हुँदा त्यसलाई सञ्चालन गर्न ईश्वरको आवश्यकता पर्दैन । यसैले यसमा ईश्वरको स्थान गौण देखा पर्छ (गिरि,२०५५:५३) । संसारका यावत् दृश्यपदार्थलाई सत्य मान्दै आफूलाई द्वैतवादी कित्तामा उभ्याएको यस दर्शनले अनेक आत्मा मानेको छ । यस्तो आत्मा जड भएपनि चैतन्य धारण गर्न सक्ने क्षमतावाला छ । आत्मा स्वयंप्रकाश छ र शरीर, इन्द्रिय, मनसँग सम्पर्क हुँदा आत्मामा चेतनाको सञ्चार हुन्छ । आत्मा भोक्ता हो, शरीर भोगायतन हो, इन्द्रियहरू भोगका साधनहरू हुन् र पदार्थ भोग्य वस्तु हुन् । आत्मामा सुख, दु:ख, क्रिया, ज्ञान आदि गुणहरू रहने मानिएको छ । मोक्ष अवस्थामा आत्मा त्यस्ता गुणहरूले शून्य हुन्छ र शुद्ध द्रव्यका रूपमा रहेको हुन्छ भन्ने मान्यता यस दर्शनको छ । मीमांसादर्शनअनुसार वेदनिर्देशित यज्ञ, बलि, हवन आदि कर्मकाण्ड सम्पादन गर्नु नै धर्म हो । धार्मिक कर्मवाट मानिसलाई स्वर्गको प्राप्ति हुन्छ, स्वर्ग भनेको दु:खको लेशमात्र पनि नभएको दिव्य स्थान हो र कर्म सम्पादनद्वारा त्यस्तो स्वर्गमा जान पाउनु नै जीवनको चरम लक्ष्य हो भन्ने विचार यस दर्शनमा पाइन्छ तापनि नव्यमीमांसकहरूले स्वर्गको प्राप्ति नभएर मोक्ष नै जीवनको चरम लक्ष्य हो भन्ने मानेका छन् र कर्म र ज्ञानको संयुक्त प्रयासबाट नै मोक्ष लाभ हुने बताएका छन् (गिरि, पूर्ववत्) । यसरी कर्मवादी चिन्तनलाई मुख्य बनाएको मीमांसा दर्शनले नित्य, नैमित्तिक, काम्य र निषिद्ध कर्म तथा भोग, भोग्य र भोग साधनहरूको सविस्तार व्याख्या

गरी बन्धन निवृतिको उपाय बताउँदै जन्मजन्मान्तरका चक्रबाट मुक्त हुन स्वर्ग प्राप्ति हुनुपर्ने धारणा राखेको छ । वेदादिशास्त्रमा प्रवल निष्ठा उत्पन्न गरेर अधर्मबाट निवृत्ति र धर्म, सत्कर्ममा प्रवृत्ति गराउनु यस दर्शनको मुख्य उद्देश्य हो ।

## २.४.६ वेदान्त दर्शन

वेद र अन्त दुई शब्द मिलेर वेदान्त शब्द बनेको छ । दार्शनिक सन्दर्भमा यसको अर्थ वेदको अन्त्यभागसँग सम्बन्धित ज्ञान सम्बन्धी चर्चा भएको महर्षि  वादरायणद्वारा प्रवर्तित औपनिषदिक चिन्तन हो । वेदान्त वेदको तात्पर्यार्थसँग सम्बन्धित छ । त्यो तात्पर्यार्थ भनेको उपनिषद्द्वारा प्रतिपादित ब्रह्मविद्या हो । उपनिषद्बाट मात्र जानिने जुन ब्रह्म हो त्यो नै समस्त विश्वसृष्टिको मूलभूत र एकमात्र अभिन्न निमित्तोपादान कारण हो भन्ने दृष्टि भएको सिद्धान्त नै वेदान्त दर्शन हो (पौडेल, २०७१:४३) । वास्तवमा वादरायण व्यासले ब्रह्मसूत्रमा ब्रह्म, जीव, मोक्ष र मोक्षका उपाय सम्बन्धमा स्थापना गरेका मान्यता नै वेदान्त दर्शनका नामले चिनिन्छ । ब्रह्मसूत्र, उपनिषद् र गीता यस दर्शनका आधार ग्रन्थ हुन् र यिनै ग्रन्थहरूमा भाष्य लेखेर वेदान्त दर्शनको विकास र विस्तार भएको पाइन्छ । वेदान्त दर्शनका व्याख्याताहरूले जीव, ईश्वर, संसार, माया, प्रकृति, विद्या, अविद्या, प्रमाण, प्रमेय, नीति, आचार आदिको बारेमा व्याख्या गरेका छन् र आफ्नो व्याख्या अनुकूल समाजलाई मार्ग निर्देश गर्ने काम गरेका छन् । गीता, उपनिषद्, ब्रह्मसूत्र आदि आधार ग्रन्थमाथि गरिएका टीका व्याख्या आदिका आधारमा यस दर्शनमा विभिन्न सम्प्रदायहरूको जन्म भएको देखिन्छ । वेदान्त दर्शनका मुख्य सम्प्रदायको संक्षिप्त जानकारी यहाँ समावेश गरिएको छ -

### २.४.६.१ अद्वैतवाद/शाङ्कर वेदान्त

पूर्वीय दार्शनिक शङ्कराचार्यले ब्रहमसूत्रमाथि टीका लेखेर अद्वैतवादलाई प्रकाशमा ल्याएका हुन् । ब्रह्मसूत्रमाथिको उनको टीकालाई शाङ्करभाष्य भनिन्छ । ब्रह्मसूत्रमा सूत्रबद्ध एकीकृत मान्यतालाई आफ्नो अपरिमेय प्रतिभा र विशिष्ट विद्वताका माध्यमबाट स्पष्ट, सुबोध्य र युक्तियुक्त बनाई शङ्कराचार्यले अद्वैत दर्शनको विस्तार गरेका हुन् । अद्वैत दर्शन उनको नयाँ विचार र सिद्धान्त नभई उनीद्वारा दिइएको श्रुति र उपनिषद्कै मान्यताहरूको एकत्रित रूप हो । यसैले यो पूर्णतः औपनिषदिक चिन्तन हो (पौडेल, २०७१:४४) । अद्वैत यस शीर्षकद्वारा नै यो दर्शन एकत्वको प्रतिपादन गर्ने सिद्धान्त हो भन्ने बोध हुन्छ ।

वेदान्तमा अद्वैतवाद भनेको ब्रह्म नै एक मात्र सत्य वस्तु हो, जगत मिथ्यमा हो र जीव र ब्रह्म एकै हुन् (*ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः* ) भन्ने मान्यता हो । अद्वैत मत अनुसार सत्ता तीन किसिमको छ : प्रातिभासिक, व्यावहारिक र पारमार्थिक । व्यावहारका क्रममा मात्र रहने सत्ता व्यावहारिक हो भने भान वा प्रतीति भएका अवस्थामा रहने सत्ता प्रातिभासिक हो । त्यसैगरी जुनसुकै अवस्थामा पनि रहिरहने वास्तविक सत्ता चाहिँ पारमार्थिक सत्ता हो । जगत् व्यावहारिक सत्तामा छ, पारमार्थिक सत्तामा छैन । प्रतीति भएका अवस्थामा मरुभूमिमा पनि पानी छ तर व्यावहारिक सत्तामा छैन र पारमार्थिक सत्तामा त हुने कुरै भएन । परमार्थमा चाहिँ ब्रह्मभन्दा अतिरिक्त केही पनि नभएकाले पारमार्थिक सत्तामा ब्रह्म मात्र छ (टण्डन, २०६७ : ६३) ।

अद्वैत वेदान्तअनुसार ब्रह्म सच्चिदानन्द छ, अनिर्वचनीय छ र दिशा र कालको सीमाभन्दा माथि छ । यस दर्शनले आत्मा र ब्रह्म एकै वस्तुका दुई नाम हुन् भन्ने मान्दछ । आत्मा शुद्ध चैतन्य स्वरूप भएकाले स्वयंमा ज्ञानस्वरूप छ, ब्रह्म स्वरूप छ । शङ्कराचार्यका मतमा जीव भनेको पनि शरीर, इन्द्रिय र अन्तःकरणसँग सम्बन्धित आत्मा नै हो । जीवको व्यावहारिक सत्ता मात्र छ पारमार्थिक रूपमा जीव छैन आत्मा मात्र छ (गिरि, २०५५, ५६) । अद्वैतवादमा मायाको भूमिका पनि महत्त्वपूर्ण मानिएको छ । निर्विकार ब्रह्म स्वाभिन्न माया शक्तिद्वारा युक्त भएर ईश्वर, जीव र जगत् रूपको बन्दछ । निर्गुण अद्वैत ब्रह्ममा द्वैत र नानात्वको प्रतीति हुनु अनि संसार देखा पर्नुको एकमात्र कारण माया हो (पौडेल,२०७२: ५४) । माया उपाधिले युक्त भएको सत्व गुण प्रधान चैतन्यलाई ईश्वर मान्ने र उसैलाई जगत्को कारण मान्ने यस दर्शनले जगत्लाई ब्रह्मको विवर्त मानेको छ र सृष्टिसम्बन्धी यस मान्यतालाई विर्वतवाद भनिएको छ । कार्यरूपी जगत् कारणरूपी ईश्वर या ब्रह्मको वास्तविक रूपान्तरण नभएर भ्रमात्मक हो भन्नु नै विवर्तवाद हो । यसरी ब्रह्म, ईश्वर, माया, जीव, जगत् आदिका बारेमा विशिष्ट धारणा प्रस्तुत गरेको अद्वैत दर्शनले मोक्षका निम्ति ज्ञानलाई अनिवार्य स्विकारेको छ । ज्ञानद्वारा अविद्यालाई हटाई जीव र ब्रह्मको एकत्वानुभव गरी नित्य, शुद्ध, मुक्त र चैतन्य स्वरूपमा अवस्थित हुनु नै मोक्ष हो त्यही नै जीवनको चरम लक्ष्य हो भन्ने मान्यता यस दर्शनमा रहेको छ ।

### २.४.६.२ विशिष्टाद्वैतवाद/रामानुजदर्शन

दार्शनिक आचार्य रामानुजले ब्रह्मसूत्रको भक्तिपरक व्याख्या गरी विशिष्टाद्वैत दर्शनको प्रवर्तन गरेका हुन् । यस दर्शनले ईश्वर, जीवात्मा र जगत् तीनै वस्तु सत्य हुन् भन्ने मान्दछ । यी तीन कुराले विशिष्ट  ब्रह्मलाई सत्य मान्ने हुनाले वा जीव र प्रकृति विशिष्ट ब्रह्मको अद्वैत सत्तालाई स्वीकार्ने भएकाले यसलाई विशिष्टाद्वैत भनिएको हो । ( गिरि, २०५५:६०) । यस दर्शनअनुसार ब्रह्म ईश्वर, चित्, अचित्को समष्टि हो । वास्तवमा ब्रह्म नै ईश्वर हो र ऊ सविशेष, सगुण, साकार र सधर्मी छ । ईश्वरमा ज्ञान, आनन्द, प्रेम, ऐश्वर्य, तेज, शक्ति, कृपा, धर्म, दया, शुद्धता, सुन्दरता आदि अपार गुण विद्यमान छन् । उपनिषद्मा निर्गुण ब्रह्म भनेको पनि नराम्रो गुण नभएको ब्रह्म भन्न खोजिएको हो, गुण नभएको ब्रह्म भनिएको होइन भन्ने मान्यता यसले राख्दछ । ईश्वरका सापेक्षमा जीवात्मा भने ईश्वरकै अंश हो र ऊ अल्पज्ञ, सांसारिक वासनाको भोक्ता एवं अकिञ्चन त□वका रूपमा रहेको हुन्छ । ईश्वरबाहेक जीवको केही पनि छैन र ईश्वरको भक्ति, शरणागति नै उसको मुक्तिको उपाय हो । कर्ता, भोक्ताका रूपमा रहेको जीव अज्ञानका कारण सांसारिक लोभमोहमा फस्दछ, म र मेरो भन्ने भावनाले उसलाई प्रभावित तुल्याइरहन्छ र दुःख, पीडा, भोक, शोक, रोग आदिले उसलाई सताइरहन्छन् । यसैले अज्ञान नै बन्धन हो र यही बन्धनबाट छुटकारा पाउनु मोक्ष हो तथा कर्म र ज्ञान नै मोक्षप्राप्तिका मार्ग हुन् । भक्तिमार्गको अवलम्बन गरेर ईश्वरलाई खुशी तुल्याएर ज्ञान प्राप्त गरेपछि जीव मुक्त हुन्छ र जन्ममरणको चक्रबाट पार पाउँछ । विशिष्टाद्वैत मान्यताअनुसार मोक्षावस्थामा जीवात्मा ब्रह्मजस्तै मात्र हुन्छ तर ब्रह्म नै चाहिँ हुँदैन ( गिरि,२०५५:६२) । यसरी विशिष्टाद्वैत दर्शन पनि वेदान्त दर्शनको एक महत्त्वपूर्ण चिन्तनका रूपमा देखा परेको छ । सर्वसाधारणले बुझ्ने किसिमले ईश्वर, जीव, जगत्को व्याख्या गर्दै व्यावहारिक वेदान्त र भक्तिदर्शनका रूपमा स्थापित हुन सक्नु यस दर्शनको वैशिष्ट्य हो ।

### २.४.६.३ द्वैतवाद/मध्वदर्शन

पदार्थ या पदार्थहरूबीच भेद छ भन्ने सिद्धान्त द्वैतवाद हो । वेदान्तचिन्तनका सन्दर्भमा दार्शनिक मध्वाचार्यले शङ्कराचार्यको अद्वैत मतको कडा आलोचना गर्दै यस दर्शनको प्रतिपादन गरेका हुन् । यस दर्शनले ईश्वर र जीव, ईश्वर र जड, जीव र जीव, जीव र जड तथा जड र जडका बीच शाश्वत् भेद प्रतिपादन गरेको छ ( गिरि,२०५५:६३ )

। मध्वदर्शन सत्कार्यवादी दर्शन हो । यसले जगत्को सत्तालाई वास्तविक स्विकार्छ । स्वतन्त्र र परतन्त्र गरी दुई तत्त्वको अस्तित्व अनादिकालदेखि नै रहिआएको मान्ने यस दर्शनअनुसार ब्रह्म या ईश्वर स्वतन्त्र तत्त्व हो र ऊ नै जीव, जगत्को शास्ता हो । माध्वदर्शनले पनि जीवको मुक्तिका लागि ईश्वरकृपा आवश्यक हुने बताउँदछ । भक्ति नै परमात्माप्राप्तिको मुख्य साधन बताउने यस दर्शनमा ईश्वरसँग जीवले सामीप्य प्राप्त गर्नु नै मुक्ति हो । माध्वदर्शनअनुसार जीवका मुक्तियोग्य, तमोयोग्य र नित्यसंसारी गरी तीन वटा भेद छन् । जीवमा अज्ञान, मोह, बन्धन आदि सांसारिक असमानता विद्यमान छन् । देवता, ऋषि, पितृ आदि विशेष पुरुषहरू मुक्तियोग्य जीव हुन् भने सुख, दुःखबाट प्रभावित भई कर्ममा प्रेरित हुने जीव संसारी जीव हुन् । यिनीहरू स्वकर्मअनुसार स्वर्ग नर्कमा भ्रमण गरिरहन्छन् । यसैगरी राक्षस, दानव आदि निम्न योनिका तमोमय जीव हुन् । निम्नकोटिका तथा संसारी जीवहरूका निम्ति दुर्लभ भए तापनि परमात्माको आश्रय ग्रहण गर्ने कुनै पनि जीवले त्वरित मोक्ष प्राप्त गर्न सक्दछन् । माध्वका मतमा जीव अनेकौं छन् र परस्पर स्वतन्त्र छन् । उत्तम आचरण गर्ने र परमात्माको कृपा पाउने हरेक जीव भगवत्सान्निध्य प्राप्त गरी मोक्ष प्राप्त गर्न सक्छन् ।

### २.४.६.४ द्वैताद्वैतवाद/निम्र्बाकदर्शन

द्वैत र अद्वैत दुवै सिद्धान्तलाई स्विकार्ने दर्शन द्वैताद्वैतवाद हो । यस दर्शनका प्रतिपादक आचार्य निम्वार्क हुन् । यस दर्शनमा ईश्वर, चित् र अचित् गरी तीन तत्त्व मानिएको छ । जीव र जगत् ईश्वरमा आश्रित हुने हुँदा ईश्वर आश्रय हो भने जीव जगत् आश्रित हुन् । यसो हुँदा द्वैतको सिद्धि हुन्छ तर आश्रयस्वरूप ईश्वरभन्दा छुट्टै अस्तित्व आश्रित जीव जगत्को नहुने भएकाले यिनीहरूमा कुनै भेद छैन । यसबाट चाहिँ अद्वैतको सिद्धि हुन्छ । यसैले यस दर्शनलाई द्वैताद्वैत भनिएको हो (गिरि, २०५५,६५) । ईश्वर नै चिद्रूपात्मक जीव र अचिद्रूपात्मक जगत्को कारण हो । जीव ज्ञाता, कर्ता र भोक्ता हुन्छ । जीव परमात्मा झैँ अनादि नित्य र चेतनस्वरूप छ र त्यस्तो भएपनि ऊ प्रकृति, काल, त्रिगुण आदि द्वारा प्रभावित हुन्छ । हरेक जीव अनादि मायाका वशमा परेर संसार चक्रमा फसेका छन् । जन्म, मृत्यु, जरा व्याधि जस्ता अनेकौं सांसारिक दोषबाट पीडित छन् । यस्ता जीवको परम लक्ष्य ईश्वरका कृपाले जरामरणमय संसारबाट मुक्त भई भगवत्प्राप्ति गर्नु हो । स्वप्रयास र ईश्वरकृपाबाट जीवले आफ्नो अनादि चेतनामय स्वरूप बारे ज्ञान प्राप्त गर्छ । जीव ईश्वरकै अंश हो तर अवयव होइन । ऊ ईश्वरबाट स्वतन्त्र सत्तावला छ तर उसका

क्रियाकलापहरूमा ईश्वरको नियन्त्रण छ (उपाध्याय, २०६६:१३५) । यसैले जीव ईश्वरको अधीनमा रहन्छ भन्ने मान्यता यस दर्शनमा पाइन्छ । द्वैत र अद्वैत दुवैको अस्तित्वलाई स्विकार्ने यो दर्शन समन्वयवादी वैष्णव दर्शनमा रुपमा देखा परेको छ ।

### २.४.६.५ शुद्धाद्वैतवाद/बल्लभदर्शन

मायाको सम्बन्धरहित शुद्ध ब्रह्मलाई नै एकमात्र परमार्थ तत्त्वका रूपमा लिने र उसैलाई जगत्को मूलकारण मान्ने दार्शनिक चिन्तन शुद्धाद्वैतवाद हो । यसका प्रतिपादक बल्लभाचार्य हुन् । यस दर्शनअनुसार मायाको सम्पर्कमा नआइकन शुद्ध ब्रह्म नै जगत्का रूपमा देखा पर्दछ । मायाको सामीप्य र सम्बन्ध विना नै ब्रह्ममा जगत्कर्तृत्व सम्भव हुन्छ । त्यही शुद्ध अद्वैत रूप ब्रह्म नै वास्तविक सत्य हो (गिरि, २०५५:६७) । आचार्य बल्लभले उपनिषदीय वाक्य *एकोऽहं बहुस्याम* लाई लिएर जगत्लाई भगवान् कै रूपमा लिएका छन् । संसारका रूपमा भगवान् नै अभिव्यक्त भएकाले संसार विवर्त, कल्पना वा मित्थ्या हुन सक्दैन । त्यसैले यो जगत् ब्रह्मको अविकृत परिणाम हो र ब्रह्मझैं जगत् पनि विकाररहित र दिव्य छ (उपाध्याय, २०६६:१४४) । यस दर्शनअनुसार जीव ईश्वरकै अंश हो र ईश्वरको भन्दा जीवको छुट्टै अस्तित्व छैन । ईश्वरकै अंश भए तापनि जीव ईश्वर जस्तै सर्वव्यापक भने छैन । ऊ मायासृजित अविद्याका प्रभावमा परी मोहित हुन्छ, अज्ञानी बन्छ । जब जीव शरणागत हुन्छन्, भक्तिरूप साधनाद्वारा आफूलाई संस्कृत तुल्याउँछन् अनि हरेक जीव काम, क्रोध, लोभ, मोहादि वृत्तिबाट पूर्णतया मुक्त हुन्छन् । अज्ञानमुक्त भएपछि जीवले भगवान् र आफूबीचको सम्बन्ध बुझ्दछन् र जीवको श्रीकृष्णसँग ऐक्यसम्बन्ध स्थापित हुन्छ भन्ने मान्यता यस दर्शनमा रहेको छ (उपाध्याय, २०६६:१४५) । वास्तवमा जगत् ब्रह्म झैं नित्य, अपरिणामी र अनादि छ, सांसारिक जीवको जन्ममरण चक्र अविद्याकृत हो र ज्ञानप्राप्त गरी भगवान्को रसमय सेवा प्राप्त गर्नु जीवनको परम पुरुषार्थ हो ।

## २.५ पूर्वीय दर्शनका प्रमुख मान्यताहरू

दर्शन आफैमा गम्भीर चिन्तन र उच्च बौद्धिकतासँग सम्बन्धित विषय हो । ईश्वर, प्रकृति, ज्ञान, विज्ञान, जीवन, जगत् आदिको व्यापक विवेचन र तार्किक विश्लेषण गर्ने हुँदा दर्शनशास्त्र विशिष्ट किसिमको मानवीय चिन्तन मानिन्छ । अनादि र अपौरुषेय रचना मानिएका वेदादि श्रुति ग्रन्थमा आधारित पूर्वीय दर्शनका परम्परामा षड्दर्शनका आद्याचार्यहरू कपिल, पतञ्जलि, गौतम, कणाद, जैमिनि, बादरायण तथा यिनीहरूका

मतानुयायी एवं तत्तत् दर्शनका विशिष्ट व्याख्याता, टीकाकार, भाष्यकारहरू गरी प्रशस्तै विद्वान् मनीषीहरू देखा पर्दछन् । जीवनजगत्प्रतिका आ-आफ्ना दृष्टिकोणका आधारमा व्याख्या विवेचनामा भिन्नता आउनाले एउटै मूल श्रुतिबाट जन्मेर पनि पूर्वीय आस्तिक दर्शनमा पनि अनेक भेद देखा परेका हुन् । आस्तिक दर्शनभित्र पनि षड्दर्शनबाहेक चैतन्य, पाशुपत, शाक्त, व्याकरण आदि अनेक शाखा प्रशाखाहरू पूर्वीय दर्शनमा देखिएका छन् । पदार्थ र चेतनाको चिन्तनका दृष्टिले यी दर्शनहरूमा सूक्ष्म भेद रहेको भए तापनि यिनीहरूको धेरैजसो कुराहरू एक आपसमा मिल्दाजुल्दा पनि छन् । यी दर्शनहरूको विकासको मूल आधार एउटै वेद वा श्रुति भएकाले पनि यिनीहरूको चिन्तनमा कहीं न कहीं सामाञ्जस्य देखा पर्छ नै । त्यसैले प्रायः सबैतिर पाइने आत्मा, जीव, ईश्वर, प्रकृति, जड, चेतन, सुख, दुःख, आनन्द, ज्ञान, विज्ञान, जन्म, पुनर्जन्म, धर्म, कर्म, भक्ति, वैराग्य, स्वर्ग, मोक्ष आदिसम्बन्धी चिन्तनलाई षड्दर्शनका मुख्य चिन्तनका रूपमा लिन सकिन्छ र यिनै कुराहरू नै पूर्वीय दर्शनका आधारभूत मान्यता हुन् । तिनको संक्षिप्त विश्लेषण तल प्रस्तुत छ -

### २.५.१ ईश्वर

स्वतन्त्र र निरपेक्ष अस्तित्व भएको सर्वोच्च सत्ता वा परम पदार्थ नै ईश्वर हो । ईश्वरको अभावमा विश्वको अस्तित्व नरहने हुँदा उसलाई यस विश्वको आधारस्वरूप रहेको सर्वश्रेष्ठ चेतनतत्वका रूपमा लिइन्छ (गिरि,२०५५:१००) । सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त सबै दर्शनले आ-आफ्नै ढङ्गबाट ईश्वरलाई स्वीकार गरेका छन् । सांख्यदर्शनले प्राकृतिक गुणहरूको भोक्ता पुरुषका रूपमा, योगदर्शनले प्रकृति र पुरुषको संयोग गराउने तत्त्वका रूपमा, न्याय र वैशेषिक दर्शनले जगत्को निमित्तकारणका रूपमा तथा वेदान्त दर्शनले व्यावहारिक दृष्टिकोणबाट जगत्को सृष्टि, स्थिति र संहारको कारणका रूपमा ईश्वरलाई स्वीकार गरेको पाइन्छ । मीमांसा दर्शनले प्रत्यक्षतः ईश्वरको चर्चा गरेको छैन तापनि वैदिक कर्मकाण्डका विधिहरूलाई अवलम्बन गरेका हुनाले यसमा पनि ईश्वरको अस्तित्व जीवित नै देखिन्छ । पूर्वीय दर्शनअनुसार ईश्वर सगुण, सर्वज्ञ, सर्वव्यापक, स्वतन्त्र एवं व्यक्तित्वपूर्ण छ । चराचर जीवनजगत्को नियन्ता मानिएको ईश्वर समस्त दोषरहित छ एवं अशेष कल्याणगुणसम्पन्न छ (गिरि,२०५५:६५) । सर्वशक्तिमान् ईश्वरको कृपाबाट नै जीवले सुख, शान्ति, आनन्द एवं सम्पूर्ण भुक्तिका साथै अन्त्यमा परमपद मोक्षसमेत प्राप्त गर्दछ ।

### २.५.२ आत्मा

सम्पूर्ण वैदिक वाङ्मयभित्र आत्माका बारेमा व्यापक विचार विमर्श भएको पाइन्छ । आत्मा जडपदार्थभन्दा भिन्न चैतन्य तत्त्व हो । उपनिषद्हरूमा आत्मा परमात्मा र ब्रह्मलाई एकै रूपमा लिइएको पाइन्छ । बृहदारण्यक उपनिषद्मा *अयमात्मा ब्रह्म विज्ञानमयो*...(४।४।९) भनेर आत्मा नै ब्रह्मस्वरूप हो भन्ने चर्चा गरिएको छ (भुसाल,२०६८:७२) । अद्वैत वेदान्तदर्शनअनुसार आत्मा नै  एकमात्र वास्तविक तत्त्व हो । आचार्य शङ्करले आत्मालाई ब्रह्मकै रूपमा स्विकारेर सच्चिदानन्द मानेका छन् । न्याय, वैशेषिक र मीमांसा दर्शनले चाहिं अनेक आत्मा मानेका छन्. र शरीर, इन्द्रिय, मनसँग सम्पर्क हुँदा मात्र आत्मामा चेतनाको सञ्चार हुने बताएका छन् । यसरी वेदान्तदर्शनले शुद्ध चेतना वा आत्मालाई ब्रह्मका रूपमा लिएको छ र आत्माबाहेक अरु केही पनि वास्तविक छैन भन्ने मानेको छ । अरु दर्शनले चाहिं नित्य, सर्वव्यापक, अभौतिक द्रव्यका रूपमा आत्मालाई लिएका छन् । सबै चेतनतत्व वा जीवमा अलग अलग आत्मा रहने हुँदा आत्मा अनेक हुने विश्वास ती दर्शनमा पाइन्छ ।

### २.५.३ जीव

शरीर, इन्द्रिय र अन्तःस्करणसँग सम्बन्धित आत्मालाई जीव भनिन्छ । आचार्य शङ्करका मतमा रजोगुणप्रधान मायामा अभिव्यक्त चित्प्रतिबिम्ब नै जीव हो । जीव कर्ता, भोक्ता, प्रमाताका रूपमा रहेको हुन्छ । अविद्या, कामना र कर्मका चक्करमा घुमेर कर्मको फललाई भोग गर्ने जीव वास्तवमा ब्रह्म नै हो । अल्पज्ञत्वादिविशिष्ट अन्तःस्करणमा परेको ब्रह्मको प्रतिबिम्ब हुनाले जीव ईश्वरजस्तो सर्वशक्तिशाली छैन तापनि यसले अहं ब्रह्मास्मिको अपरोक्ष साक्षात्कारबाट अविद्या नष्ट भएपछि ब्रह्मस्वरूप नै बन्दछ । विभिन्न विभिन्न उपाधिका कारणले जीव पनि अनेक र अनन्त हुन्छन् । यस्तो जीव जाग्रदवस्थामा शरीर, इन्द्रिय, मन र बुद्धिलाई लिएर विषयभोग गर्दछ, स्वप्नमा वासनामय पदार्थहरूलाई स्विकार्दछ अनि सुषुप्तिमा अज्ञानमा नै रमिरहन्छ  र आफ्नो यथार्थ स्वरूपलाई जानेपछि चाहिँ मुक्त हुन्छ र शान्ति प्राप्त गर्दछ (पौडेल,२०७१:५६) । आचार्य शङ्करका अनुसार मोक्षका अवस्थामा जीवात्मा परमात्मा एउटै हुन्छ भने रामानुजका अनुसार जीवात्मा ब्रह्मजस्तै मात्र हुन्छ । यस्तै माध्व, निम्बार्क आदि वैष्णव आचार्यले पनि ईश्वर र जीवमा अंश-अंशीभावसम्बन्ध देखाएर जीवलाई ईश्वराधीन तत्त्वका रूपमा लिएका छन् ।

### २.५.४ प्रकृति

पूर्वीय दर्शनमा प्रकृतिसम्बन्धी चिन्तन मूलतः सांख्यदर्शनसँग सम्बन्धित छ । यस दर्शनअनुसार सत्व, रज र तम यी तीन गुणहरूको साम्यावस्थाको नाम प्रकृति हो । त्रिगुणात्मिका प्रकृतिबाट नै नानारूपात्मक जगत्को सृष्टि हुन्छ । यसैले सम्पूर्ण दृश्य जगत्का प्रति प्रकृति नै मूल कारण हो । सबै वस्तुहरूको कारण भएर पनि प्रकृति कोही कसैबाट जन्मिएको होइन । प्रकृति शाश्वत् छ, एक छ र दिक् कालको सीमाभन्दा बाहिर छ । सांख्यदर्शनअनुसार प्रकृति जड भएपनि सक्रिय हुन्छ । प्रकृतिमा गति हुनाले नै यो निरन्तर क्रियाशील रहन्छ । प्रकृतिबाट महत्तत्व, महत्तत्वबाट अहंकार, अहंकारबाट पञ्चतन्मात्रा र एघार इन्द्रिय, पञ्चतन्मात्राबाट पञ्चमहाभूतमा परमाणु अनि ती परमाणुबाट सम्पूर्ण जगत्को सृष्टि हुन्छ । यसरी कार्यरूप जगत्को एकमात्र कारण प्रकृति नै हो । सांख्यदर्शनले अव्यक्त प्रकृति क्रमशः दृश्य पदार्थमा विकसित हुनुलाई सृष्टिक्रम तथा दृश्य पदार्थ क्रमशः अदृश्य बन्दै प्रकृतिमा हराउनुलाई संहारक्रम मानेको छ । प्रकृतिका बारेमा खास चिन्तन सांख्यदर्शनमा पाइने भए तापनि अन्य दर्शनले पनि माया, अविद्या आदिलाई प्रकृतिकै स्वरूपमा चर्चा गरेका छन् (गिरि,२०५५ः४५) ।

### २.५.५ शरीर

प्रकृतिका तेइसवटा सूक्ष्म तत्त्वहरू सम्मिलित हाड, छाला, रगत, मासु आदिले बनेको स्थूल संरचनालाई शरीर भनिन्छ (बराल,२०६८ः७९०) । कर्मफलको भोग गर्नका निम्ति जीवात्मालाई विभिन्न किसिमका शरीरहरू प्राप्त हुन्छन् । यसैले शरीर भोगको साधन मानिन्छ । पूर्वीय दर्शनले शरीरलाई अनित्य, अस्थायी, परिवर्तनशील पदार्थका रूपमा लिएका छन् । अजन्मा, नित्य, पुरातन, स्थायी, अजर, अमर भएकाले आत्मा कहिल्यै पनि जन्मिदैन, कहिल्यै पनि मर्दैन । जन्मिने, बूढो हुने, मर्ने, नासिने आदि कार्य शरीरसँग मात्र सम्बन्धित छन् । क्लेश, दुःख, चिन्ता, अज्ञान आदि कुराहरू पनि शरीरलाई महत्त्व दिनाले प्राप्त भएका हुन् । शरीर र आत्माको भेद बुझ्न नसक्दा नै जीव विषयभोगमा आशक्त बनेको हुन्छ र अनेकौं दुःख पाइरहेको हुन्छ । ज्ञानी व्यक्तिहरू शरीरदेखि छुटिएर मर्ने हुनाले उनीहरूले फेरि शरीर धारण गरिरहनु पर्दैन तथा अज्ञानी व्यक्तिहरू शरीरसँगै टाँसिएर मर्ने भएकाले बारम्बार शरीर धारण गरी जन्मिरहनु पर्छ भन्ने धारणा पूर्वीय दार्शनिकहरूले राखेका छन् (

पन्त,२०७३:२४८) । समग्रमा पूर्वीय दर्शनले शरीरलाई सत्कर्मसम्पादनको माध्यम मानेको पाइन्छ र कर्मफलमो भोग र  धर्मसाधनका निम्ति जीवनमा शरीरको अतीव महत्व रहेको छ ।

## २.५.६ मन

सुख, दुःख आदिको ज्ञान गर्ने साधन मन हो । एकै पटक धेरै इन्द्रियसँग सम्पर्क राखी विविध कुराको बोध गर्न सक्ने मन अत्यन्त सूक्ष्म र तीव्रगामी इन्द्रिय मानिन्छ । पूर्वीय दर्शनमा मनलाई नै सुख दुःख तथा बन्धन मोक्षको मुख्य कारण मानिएको छ । योगदर्शनले मानसिक वृत्तिहरूको नियन्त्रणलाई नै योग भनेको छ र यसैका निम्ति अष्टाङ्ग योगको परिकल्पना गरेको छ । मन सम्पूर्ण कामना, चाहनाहरूको उद्‍गमस्थल पनि हो । मनमा कामना जाग्नासाथ सम्पूर्ण इन्द्रियहरू आफ्ना आफ्ना विषयमा जान हतारिन्छन् । इन्द्रियका पछि दगुर्दा मान्छे बहिर्मुख भई दुःखका खाडलमा पर्दछ त्यसैले मनलाई वशमा राख्नु र सही मार्गमा डोराउनु निकै नै महत्त्वपूर्ण कुरा हो । यसैले सावधानीपूर्वक नियन्त्रण गरी मनलाई आत्मज्ञान, ईश्वरसाक्षात्कार, कैवल्य वा निर्वाणप्राप्तिमा लगाउनुपर्छ भन्ने मान्यता पूर्वीय दर्शनमा पाइन्छ । मानवजीवनमा मनको असाधारण भूमिका छ । मनुष्यको बन्धन र मोक्षको कारण मन नै हो । मनलाई नियन्त्रणमा राख्न सक्नु पनि मानिसको ठूलो पुरुषार्थ मानिएको छ ।

## २.५.७ बन्धन तथा मोक्ष

बन्धन तथा मोक्षसम्बन्धी चिन्तन पूर्वीय दर्शनको महत्त्वपूर्ण विषय हो । सांसारिक बन्धन भनेको अनेक जुनी लिएर जन्मनु, मर्नु अनि जीवनमा लोभ, मोह, क्रोध, ईर्ष्या, डाह आदिका पन्जामा परिरहनु हो । विभिन्न किसिमका आशा, तृष्णाहरूका कारण नै जीव विषयबन्धनमा परेको हुन्छ । यस किसिमका बन्धनबाट अलग रहनु मुक्ति प्राप्त गर्नु हो । पूर्वीय षड्दर्शनले मुक्ति वा मोक्षप्राप्तिलाई जीवनको चरम लक्ष्यका रूपमा लिएको छन् । सांख्यदर्शनले आत्माको चैतन्यशून्य अवस्थालाई मोक्ष भनेका छन् । यसैगरी आचार्य शङ्करका अनुसार आत्माको वास्तविक स्वरूप ब्रह्ममा लीन हुनु मोक्ष हो भने रामानुजका अनुसार जीव ब्रह्मभावमा पुग्नु नै मुक्त हुनु हो । यसरी पूर्वीय दर्शनमा जीवले बारम्बार जन्म र मृत्युको चक्रमा परिरहनु र लोभ, मोह, दुःख आदि भोगिरहनुलाई बन्धनका रूपमा

लिइएको छ भने त्यस्तो बन्धनबाट मुक्त भई ईश्वरको साक्षात्कार गर्नु वा ब्रह्मस्वरूपमा रहनुलाई मुक्तिका रूपमा लिइएको छ ।

### २.५.८ ज्ञान तथा अज्ञान

पूर्वीय षड्दर्शनले मोक्षप्राप्तिको मुख्य उपायका रूपमा ज्ञानलाई मानेका छन् भने सांसारिक बन्धनको मुख्य कारण अज्ञानलाई मानेका छन् । आचार्य शङ्करले ज्ञानविना सयौं जन्ममा पनि मुक्तिको सम्भावना छैन भन्ने मानेका छन् । *ऋते ज्ञानान्न मुक्तिः* भन्दै श्रुतिले पनि मुक्तिका निम्ति ज्ञानको अपरिहार्यता स्विकारेको छ । सांख्यदर्शनका अनुसार पुरुषले आफूलाई प्रकृति र प्रकृतिका कार्यदेखि भिन्न भएको जान्नु ज्ञान हो भने प्रकृति र पुरुषको भेद ज्ञान हुन नसक्नु अज्ञान हो । न्यायवैशेषिक दर्शनअनुसार सम्पूर्ण पदार्थहरूलाई यथार्थ रूपमा जान्नु ज्ञान हो अनि तिनै पदार्थ तत्त्वहरूको सम्यक् ज्ञान हुन नसक्नु अज्ञान हो । यस्तै वेदान्तदर्शनका अनुसार जीवले आफ्नो वास्तविक स्वरूपलाई बुझ्न नसक्नु अज्ञान हो भने वास्तविक स्वरूपको बोध वा आत्मसाक्षात्कार नै ज्ञान हो । यसरी षड्दर्शनले बन्धन र मोक्षका कारणका रूपमा अज्ञान र ज्ञानका बारेमा विस्तृत चिन्तन प्रस्तुत गरेको पाइन्छ ।

### २.५.९ सुख तथा दुःख

सबैका लागि अनुकूल ज्ञानको विषय सुख हो भने प्रतिकूल ज्ञानको विषय दुःख हो । मानिसलाई चाहेको, खोजेको कुरा पाउँदा सुखको र त्यस्तो नपाउँदा दुःखको अनुभव हुन्छ । सुख मानेमा सुख र दुःख मानेमा दुःख हुने हुनाले सुख वा दुःख वैयक्तिक सोचाइमा पनि भर पर्दछ । पूर्वीय दर्शनले संसारलाई दुःखको सागरका रूपमा लिएको छ । संसारमा जन्म लिनेले अवश्य दुःख भोग्नुपर्ने र त्यस्तो दुःखको मूल कारण अज्ञान हुने षड्दर्शनको ठम्याइ छ । अज्ञान नहटेसम्म दुःख नहट्ने र दुःखको निवृत्ति नभएसम्म सुख वा आनन्द प्राप्त नहुने हुँदा सुख दुःखको सम्बन्ध ज्ञान तथा अज्ञानसँग रहेको देखिन्छ । खासगरी सत्कर्मद्वारा सुखप्राप्ति र दुष्कर्मद्वारा दुःखप्राप्ति हुने विश्वास सबै आस्तिक दर्शनले लिएका छन् ।

### २.५.१० कर्म

पूर्वीय षड्दर्शनले कर्मका बारेमा विशेष चिन्तन प्रस्तुत गरेका छन् । कर्मसिद्धान्तअनुसार व्यक्तिले आफूले गरेका कामको फल अनिवार्य रूपले भोग्नै पर्दछ । भोग नगरेसम्म कर्मको क्षय हुँदैन भन्ने मान्यता पूर्वीय चिन्तनमा रहिआएको छ । प्राणीले जस्तो

कर्म गर्दछ उसले त्यस्तै फल भोग्नुपर्ने हुन्छ । सधैँ नै शुभ कर्मको फल राम्रो हुन्छ भने अशुभ कर्मको फल नराम्रो हुन्छ । मीमांसा दर्शनमा कर्मसिद्धान्तमा विशेष जोड दिइएको छ । त्यसअनुसार वेदनिर्देशित कर्म उचित कर्म हो भने वेदद्वारा निर्देशन नगरिएको कर्म अनुचित कर्म हो । उचित कर्मद्वारा मुक्ति प्राप्त हुन्छ भने अनुचित कर्मले बन्धनमा पार्दछ । पूर्वीय दर्शनले फलको आशा नगरी कर्ममा प्रवृत्त हुन प्रेरित गरेको छ र निष्कामपूर्वक गरिने कर्मलाई विशेष महत्त्व दिएको छ ।

### २.५.११ जन्म, मृत्यु र पुनर्जन्म

प्राणीहरूको जन्म, मृत्यु र पुनर्जन्मका बारेमा पूर्वीय दर्शनको विशिष्ट धारणा रहेको छ । पूर्वीय दार्शनिकहरूले जन्म र मृत्युलाई शरीरको धर्म मानेका छन् । आत्मा अजर अमर भएकाले जीवात्माले शरीर धारण गर्नु उसको जन्म हो भने शरीर त्याग गर्नु उसको मृत्यु हो अनि राग, द्वेष र वासनाको नियन्त्रणमा आएर गरिएका कर्मको फल भोग्नका लागि आत्माले निरन्तर नयाँ नयाँ रूपमा शरीर धारण गरिरहनु पुनर्जन्म हो । प्राणी आफ्नो कर्मवश अनेक शरीर धारण गर्दछ र मानवजीवन प्राप्तिपछि सत्कर्म गरेर मुक्तिको अधिकारी बन्दछ । मुक्त नभएसम्म जीवात्मा पटक पटक जन्मने र मर्ने गरिरहन्छ । यसरी जन्म, मृत्यु, पुनर्जन्म जीवको आवागमन प्रक्रिया मानिएको छ ।

### २.५.१२ आत्मसंयम

इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा राख्ने कार्यलाई आत्मसंयम भनिन्छ । मनमा अनेक किसिमका कामनाहरूको प्रादुर्भाव भइरहन्छ र इन्द्रियहरू पनि आ-आफ्ना विषयहरूप्रति आकर्षित भइरहन्छन् । त्यसमाथि पनि काम, क्रोध, लोभ, मोहजस्ता मानवीय शत्रुहरूले सत्कर्मसम्पादनमा व्यवधान ल्याउँछन् । यसैले दूषित भावनाहरूलाई समूल नष्ट गरेर एकाग्र चिन्तन गरी भगवत्प्राप्ति, आत्मसाक्षात्कार वा परम् सुख वा आनन्दको प्राप्तिका लागि आत्मसंयम वा आत्मनियन्त्रण अत्यावश्यक हुन्छ भन्ने मान्यता पूर्वीय दर्शनमा पाइन्छ । यसले मानिसलाई नैतिक र आदर्शमय जीवन बाँच्न प्रेरणा पनि दिएको छ ।

## २.६ विश्लेषण ढाँचा

पूर्वीय दर्शनको चिनारी र यसका उपर्युक्त विशेषताहरूका आधारमा प्रस्तुत शोधपत्रमा भिखारी सङ्ग्रहका कविताहरूको विश्लेषण गरिएको छ । प्राचीन सांस्कृतिक

भारतवर्षमा विकसित भएका विविध दर्शन, चिन्तनहरूमध्ये षड् आस्तिक दर्शन र तिनीहरूको ईश्वर, ब्रह्म, जीव, प्रकृति, चेतन, अचेतन, माया, मोह, सुख, दुःख, नैतिकता, सदाचार, कर्म आदि पक्षसम्बन्धी धारणा ती कविताहरूमा प्रशस्त मात्रामा पाइने हुनाले व्यवस्थित अध्ययनको निम्ति निम्नानुसारका उपशीर्षकहरूमा कविताहरूको विश्लेषण प्रस्तुत गरिएको छ -

क) ब्रह्म तथा मायासम्बन्धी धारणा

ख) कर्मसम्बन्धी चिन्तन

ग) ईश्वरचिन्तन तथा जीवेश्वरवादी धारणा

घ) प्रकृतिसम्बन्धी चिन्तन

ङ) जीवनसम्बन्धी चिन्तन

च) आस्तिकता एवं नैतिक चेतना

## २.७ निष्कर्ष

यसरी साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त गरी छ वटा आस्तिक दर्शनलाई पूर्वीय षड्दर्शनका नामले चिनिन्छ । यिनमा जीवनजगत्बारे गम्भीर चिन्तन पाइन्छ । यी दर्शन र यिनका सम्प्रदायहरूमा केही मत-मतान्तर देखिए तापनि सबैले स्रष्टा, सृष्टि, जीवन, प्रकृति, सुख, दुःख, बन्धन, मुक्ति आदिका बारेमा गम्भीर सन्दृष्टि दिएका छन् । आत्मा, ईश्वर, जीव, प्रकृति आदिलाई केन्द्रमा राखेर जीवनजगत्का रहस्यहरूको खोजी गर्दै मुक्तिको मार्ग देखाउनु तथा सेवा, सदाचार, संयम र सत्कर्मको सम्पादनमा जोड दिनु पूर्वीय दर्शनमा मुख्य विशेषता हुन् र भिखारी सङ्ग्रहका कविताहरूमा मुख्य रूपले पूर्वीय दर्शनका ब्रह्म, माया, कर्म, ईश्वर, जीव, प्रकृति, जीवन, आस्तिकता एवं नैतिकतासम्बन्धी चिन्तन प्रस्तुत भएको छ ।

# अध्याय तीन

# भिखारी कवितासङ्ग्रहका कविताहरूको सर्वेक्षण

## ३.१ परिचय

यस अध्यायमा भिखारी कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन गरी पूर्वीय दर्शनका दृष्टिले अध्ययनीय पक्षको छनौट गरिएको छ । भिखारी कवितासङ्ग्रह लक्ष्मीप्रसाद देवकोटाका प्रारम्भकालीन फुटकर कविताहरूको सङ्ग्रह हो । यसलाई नेपाल भाषा प्रकाशिनी समितिले प्रथम पटक वि.सं. २०१० सालमा प्रकाशित गरेको हो । मात्रिक छन्दका १२ र वार्णिक छन्दका १० गरी जम्मा २२ वटा कविताहरू रहेको यस सङ्ग्रहमा प्रकृतिचित्रण, कल्पना, सौन्दर्य, आत्मपरकता, मानवता, रहस्यवाद, आस्तिकता, नैतिकता, कर्मवादी चिन्तनलगायतका विषयवस्तुहरू प्रस्तुत भएका छन् ।

## ३.२ भिखारी कवितासङ्ग्रहका कविताहरूको सर्वेक्षण

भिखारी कवितासङ्ग्रहका कविताहरुमा विविध भावविचारका कविताहरू सङ्गृहीत छन् । तीमध्ये पूर्वीय आस्तिक दर्शनसँग सम्बद्ध भावविचारको अध्ययन, विश्लेषण गर्नु यस शोधकार्यको अभीष्ट हो । यसैले ती कविताहरूमा के-कस्तो विषयवस्तु प्रयोग भएको छ र कवितामा भावविचारलाई के-कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको सर्वेक्षणात्मक अध्ययन यसप्रकार गरिएको छ -

### ३.२.१ भिखारी

वि.स. १९९७ को शारदा (६.६) पत्रिकामा प्रकाशित भिखारी कवितामा कवि देवकोटाले वृद्ध एवम् अशक्त भिखारीको अर्न्तव्यथालाई कारुणिक एवम् हृदयस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् । कवितामा भिखारीप्रति सहानुभूति जगाउने मानवतावादी चिन्तन प्रस्तुत छ । भिखारीको करुण अवस्था र उसको महत्त्व नै यसको मूल विषय रहेको छ । नौ श्लोकमा सीमित यस कविताको पहिलो, दोस्रो, तेस्रो श्लोकमा झुत्रा, चिथरा लुगा लगाएको, झल्लर झोला बोकेर आँसु झार्दै एक भिखारी चामल माग्दै आएको प्रसङ्ग आएको छ । भिखारीले लट्ठीको सहारामा स्वाँस्वाँ गर्दै बाँच्नको लागि आँगनमा एक मुठी चामलको पुकारा गरेको मार्मिक घटना चौथो देखि छैंटौं श्लोकसम्ममा प्रस्तुत छ । यिनै श्लोकमा ऊ कसैको

बाबु हो, कसैको सन्तान हो भन्दै उसको महत्त्वलाई माथि उठाउन खोजिएको छ भने अन्तिमका तीन श्लोकहरूमा भिखारीले बुद्धलाई दयासागर बनाएको, बलिराजाको गर्वहरण गरेको प्रसङ्ग उल्लेख गर्दै भिखारी त्यस्तो ईश्वर हो जो मानव मनमा करुणा जगाउन पृथ्वीमा आएको छ भन्ने रहस्यलाई उद्घाटन गरिएको छ र सबै दुःखीहरूको आर्तभावमा ईश्वर बस्ने तथ्यलाई पनि प्रस्तुत गरिएको छ । विषम मात्रिक छन्दमा असमान पङ्क्तिका नौ श्लोक रहेको यस कवितामा गेय गुणको अधिकता छ र बिम्वालङ्कारको सहज प्रयोगका साथै सरल भाषा शैलीमा कोमलकान्तिमय पदपदावलीको प्रयोग गरिएको छ । भिखारीको करुण अवस्थालाई तीव्रता दिने क्रममा कवितामा झुत्रा, चिथरा, झल्लरजस्ता ठेट शब्द तथा चरक्क, स्वाँस्वाँ, थुरथुर जस्ता अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । तद्भव बहुल सरल भाषाशैलीको प्रयोग यसमा रहेको छ भने पूर्वीय दर्शनका दृष्टिले यस कवितामा ईश्वरचिन्तन, जीवेश्वरवाद, सांसारिक दुःखमयताजस्ता पक्षहरू समेटिएका छन् ।

### ३.२.२ बादल

बादल कविता वि.सं. १९९७ को शारदा (६.७) पत्रिकामा प्रकाशित उत्कृष्ट स्वच्छन्दवादी कविता हो । यसमा देवकोटाले प्रकृतिको मानवीकरण गर्दै कल्पनाशील वैयक्तिक भावानुभूतिहरू प्रस्तुत गरेका छन् । बादल स्वयम् म भएर उपस्थित यस कवितामा पानी तातेर बाफ हुने, त्यसबाट बादल बन्ने, बादल चिसिएर वर्षा हुने भूगोल र विज्ञानका यथार्थहरूलाई मूल विषयका रूपमा लिइएको छ । तीन श्लोकमा संरचित यस कविताको प्रथम श्लोकमा गृष्म ऋतुको समयमा पानीका छालमा सूर्यका किरणहरू पर्दा आफ्नो जन्म भएकाले आफू पानीको सन्तान भएको बादलको आत्मस्वीकृति प्रस्तुत गरिएको छ । बादल किरणको सिँढी चढेर आकाशमा पुगेको र सम्पूर्ण जगत्को दर्शन गरेको वर्णन दोस्रो श्लोकमा रहेको छ । तेस्रो श्लोकमा पनि प्रकृतिको भव्य चित्रण गर्दै कविले बादलले पृथ्वीको दिव्यप्रदर्शनीको अवलोकन गरेको स्वच्छन्द एवम् आत्मपरक भाव प्रस्तुत गरेको पाइन्छ ।

कविप्रौढोक्ति कथनढाँचामा संरचित बादल कवितामा शार्दूलविक्रीडित छन्दका तीन श्लोक रहेका छन् । बादलमा लालित्यपूर्ण झर्रो, तत्सम, तद्भव आगन्तुक सबै प्रकारका शब्दसंयोजनमा सरल तथा कोमल भाषाशैलीको प्रयोग रहेको छ । अन्त्यानुप्रासको आयोजना

नभए पनि आन्तरिक अनुप्रासले कविता सङ्गीतात्मक रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा जन्ममरण, जीवचक्र, जीवनका विविध रूपान्तरणजस्ता पक्षहरू समेटिएका छन् ।

## ३.२.३ तिनको घँसिया गीत

वि.सं. १९९२ को शारदा (१:७) पत्रिकामा प्रकाशित तिनको घँसिया गीत कवितामा सुन्दरीजलको सुन्दर तथा एकान्त ठाउँमा घाँस काट्ने गोठाल्नीको सौन्दर्य र स्थानीय प्रकृतिबीचको सौन्दर्यभावमा एकात्मकता स्थापित गरिएको छ । यसको मूलविषय प्राकृतिक सौन्दर्य र मानव सौर्न्दय रहेको छ । तीन श्लोकमा सीमित यस कविताको प्रथम श्लोकमा सुन्दरीजलको मखमली घाँस भएको सुन्दर एवम् एकान्त ठाँउमा चराहरू चिरबिराइरहेको काल्पनिक भावको प्रस्तुति गरिएको छ । सुन्दरीजलको त्यो मनोरम एवम् सुरम्य वातावरणमा ठूला आँखा भएकी चन्द्रमा झैँ सुन्दर एक युवतीले गीत गाउँदै घाँसकाटेको वर्णन पनि यसै श्लोकमा रहेको छ । यसमा कविले प्रकृतिका सूर्य, चन्द्रमा, बादल, फूल आदिसँग युवलीका प्रत्येक अङ्गको तुलना गरी उनी धर्तीपुत्री हुन भन्दै उनले गाएको गीत विश्वसङ्गीत रहेको तथ्य प्रकट गरेका छन् । तेस्रो श्लोकमा प्रकृतिको दिव्यसौन्दर्यको जीवन्त चित्रण गरिएको पाइन्छ । कविले ती घँसिनी युवतीलाई अहिले सम्झँदा पनि असीम सौन्दर्यको ढोका खुल्ने तथ्य प्रस्तुत गरेका छन् ।

मात्रा छन्दका तीन श्लोकमा संरचित प्रस्तुत कवितामा तत्सम, तद्भव तथा आगन्तुक सबै स्रोतका शब्दहरूको संयोजन गरिएको छ । आन्तरिक तथा अन्त्यानुप्रास उपमा, रूपकालङ्कार, चलमल, चमचम, झिलमिल जस्ता अनुकरणात्मक शब्दहरूको आयोजनाले कवितामा साङ्गीतिक मधुरता उच्च रहेको पाइन्छ । कोमल, पद पदावली तथा प्रवामय भाषाशैलीका कारण कविता सरल र सरस रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा प्रकृतिचिन्तन, प्रकृतिमा मातृत्वभावलगायत जीव आनन्दमय व्यापक तत्त्वकै एक अंश हो भन्नेजस्ता कुराहरू पाइन्छन् ।

## ३.२.४ माली

वि.सं. १९९७ को शारदा (७:१२) पत्रिकामा प्रकाशित माली कवितामा कविले प्रतीकात्मक रूपमा आफूलाई हृदयको बगैँचामा कल्पनामार्फत् भावनाका फूल फुलाउने मालीका रूपमा प्रस्तुत गरेका छन् । हृदयको बगैँचामा दुःखरूपी काँढा भएपनि तिनैबाट

सुगन्धित फूलहरू फुल्छन् भन्ने कविको दृष्टिकोण रहेको पाइन्छ । मालीले बगैँचामा झैं कविले हृदयमा सुन्दर कविताफूल फुलाएर सुवास छर्ने कामना नै माली को विषय रहेको छ । सात श्लोकको यस कविताका सुरुका दुई श्लोकमा बीउले बारी सजाउने त्यसलाई हृदयले भिजाउँदै त्यसबाट कोमल फूल फुलाएर जीवनमा सुगन्ध भर्ने कर्मवादी चिन्तन प्रस्तुत गरेका छन् । तेस्रो र चौथो श्लोकमा उजाड ठाउँमा रङ्गवैभवका नवीन पल्लवसुगन्धले भर्ने, तथा कल्पनाको बगैँचामा भावनाका राग भर्ने अनन्त इच्छा व्यक्त गरिएको छ । काँढासँग सङ्घर्ष गर्दै आँसुहरूको रसले दिव्य कविता फुल्ने तथा घामछाँयाका सार, कलाका प्रतिरूप, जीवनका आवाज नै फूल रहेको हुनाले यसलाई व्यर्थमा नचुँड भन्ने कविको आग्रह अन्तिमका तीन श्लोकमा प्रस्तुत पाइन्छ ।

मात्रिक छन्दका सात श्लोकमा सरचित माली कवितामा प्रतीक र अलङ्कारको प्रयोगका साथै तत्सम, तद्भव शब्दमिश्रित सरल प्रवाहपूर्ण भाषाशैली प्रयोग रहेको पाइन्छ । आन्तरिक तथा अन्त्यानुप्रासको प्रयोग, सङ्गीतात्मकता तथा बिम्ब प्रतीकको सुन्दर प्रयोग पनि यसमा पाइन्छ । मालीमा कवि स्वयं तथा फूलमा कविताको छाँया रहेकाले यो कविता छाँयावादी शैलीको देखिन्छ । पूर्वीय दर्शनका दृष्टिले अध्ययन गर्दा प्रस्तुत कवितामा फूलका माध्यमबाट जीवनमूल्यको अभिव्यक्ति प्रकट भएको पाइन्छ ।

### ३.२.५ सन्ध्या

वि.सं. १९९६ को शारदा (५:४) पत्रिकामा प्रकाशित सन्ध्या कवितामा सन्ध्यालाई अप्सराका रूपमा चित्रण गर्दै उनको सौन्दर्यको महिमा प्रस्तुत गरिएको छ । सन्ध्याको मानवीकरण गरी उनको आगमनमा सम्पूर्ण जगत् नै आनन्दमा डुबेको प्रसङ्ग यसमा प्रस्तुत भएको पाइन्छ । सन्ध्याको आगमनले सम्पूर्ण जगतमा परेको अनुभूतिजन्य प्रभाव यस कविताको मूलविषयका रूपमा रहेको छ । जम्मा ४९ पङ्क्तिसम्म फैलिएको यस कविताको पहिलो र दोस्रो पूर्णविराम सम्मको खण्डमा अस्ताचलतिर परीरूपमा सन्ध्याको आगमन भएको, डुब्न लागेका सूर्य सन्ध्याको स्वर्णथाली बनेको तथा पृथ्वीमा दिव्यसौन्दर्य छाएको प्रसङ्ग प्रस्तुत गरिएको छ । कोमल बदन भएकी सन्ध्याबादलको घुम्टो ओडेर पृथ्वीमा आउँदा जगत्का समस्त प्राणीहरूले खुशीको गीत गाएको तथ्य तेस्रो पूर्णविरामसम्मको खण्डमा रहेको छ । सन्ध्याको प्रेमी सरोवरले उनको तस्वीर छातीमा राखेको स्वच्छन्द वर्णन चौथो खण्डमा पाइन्छ । अन्तिमका चौबीस पङ्क्तिहरूमा मानिसले ज्ञान, चेतना र सभ्यता

प्रकृतिबाटै पाएको, सन्ध्याको उच्च सौन्दर्यबाट प्रेरणा पाएर मान्छेले सौन्दर्य सृजना गर्न सकेको तथा मानव सभ्यताको स्रोत प्रकृति नै रहेको रहस्यलाई कविले प्रस्तुत गरेका छन् । प्रकृति नै मानवसृष्टिको कारण रहेको अध्यात्मवादी चिन्तन पनि कवितामा प्रस्तुत भएको देखिन्छ । विषममात्रिक छन्दका ४ खण्ड वा ४९ पङ्क्तिमा संरचित सन्ध्या कवितामा सन्ध्याको कल्पनाशील सौन्दर्यको मनोरम चित्रण पाइन्छ । भव्य एवम् काल्पनिक प्रकृतिचित्रण रहेको यस कवितामा कोमलकान्त पद, पदावली तथा प्रतीक अलङ्कारको साथमा सहज प्रवाहमय भाषाशैली रहेको छ । पूर्वीय दर्शनको अभिव्यक्तिका दृष्टिले यस कवितामा सांख्यको प्रकृतिचिन्तन नै मुख्य रूपले मुखरित भएको छ ।

### ३.२.६ सम्झना

वि.सं. १९९३ को शारदा (२:४) पत्रिकामा प्रकाशित सम्झना कविता अङ्ग्रेजी सनेट ढाँचाको तीन खण्डमा संरचित छ । जीवनको सङ्कटको निराशाजनक क्षणमा उत्पन्न अन्तरव्यथाहरूलाई यस कवितामा प्रस्तुत गरिएको छ । दुःखद् क्षणमा पनि ईश्वर वा प्रेयसीको सम्झनाले खुसी ल्याउन सक्ने तथ्यलाई कविले उल्लेख गरेका छन् । निराशा तथा आशाका क्षणमा उत्पन्न पीडा र खुसीलाई यसमा मूल विषय बनाइएको छ । यस कविताको पहिलो खण्डमा जीवनमाथि विषाद छाउँदा आँसुको झरी पर्ने, तर्क र विचार पनि कमजोर हुने, समय पनि औंसीको रातजस्तै हुने प्रसङ्गहरूलाई प्रस्तुत गरिएको छ । जीवन मरुभूमिझैं कठोर बेचैन हुने भएपनि कसैको सम्झनाले फेरी आनन्दको सञ्चार हुने आशावादी प्रसङ्ग अन्तिमका दुई खण्डहरूमा रहेका छन् ।

अङ्ग्रेजी सनेट शैलीमा संरचित सम्झना कवितामा मात्रा छन्दका चौध पङ्क्तिहरू रहेका छन् । अन्त्यानुप्रासयुक्त सरस भाषाशैली तथा सहज अलङ्कार प्रयोगले कवितामा सङ्गीतात्मक चेतना उच्च रहेको देखिन्छ । यसमा तत्समबहुल शब्दको प्रयोग भएपनि कृत्रिम र क्लिष्ट नभएर कोमल कान्तिमय स्वतःस्फूर्त भाव प्रवाह रहेको पाइन्छ । पूर्वीय दर्शनको दृष्टिले यस कवितामा सांसारिक दुःखमयताको अभिव्यक्ति तथा दुःखमा प्रियतम वा ईश्वरको सम्झना नै बाँच्ने आधार बन्दछ भन्ने भाव पाइन्छ ।

## ३.२.७ यात्री

वि.सं. १९९८ को शारदा (७.२) पत्रिकामा प्रकाशित यात्री कवितामा कविले मानिसको काँध चढेर धर्म गर्न जाने यात्रीलाई सम्बोधन गर्दै उसलाई, मन्दिर, ईश्वर तथा धर्मको वास्तविक स्वरूपको ज्ञान दिने प्रयास गरेका छन् । कविले धार्मिक अन्धमार्गमा चलेको त्यस यात्रीलाई मानवसेवा नै धर्म हो भन्दै परोपकारतिर लाग्न आज्ञा दिइएका छन् । समाजमा व्याप्त अज्ञानका विपरीत ज्ञानको सम्प्रेषण नै यात्री कविताको मूल विषय रहेको छ । सात पङ्क्तिगुच्छामा सीमित यस कविताको प्रथम र दोस्रो पङ्क्तिगुच्छामा मान्छे स्वयं मन्दिर हो, ऊ ईश्वरको सुनौलो मूर्ति हो भन्दै कुन मन्दिरमा जान्छौ यात्री भन्ने प्रश्न काँध चढेर धर्म गर्न जाने मानिसलाई गरिएको छ । मानवमनमा नै ईश्वरको वास हुने हुँदा शरीर नै विश्वमन्दिर भएको तथ्य प्रस्तुत गर्दै ईश्वरको दर्शन हृदयको ज्योति बालेर मात्र सम्भव हुने रहस्य कविले तेस्रो चौथो पङ्क्तिगुच्छामा प्रस्तुत गरेका छन् । पाँचौं पङ्क्तिगुच्छामा परिश्रमी मान्छेका साथमा ईश्वर रहने कर्मवादी जीवनदृष्टि प्रस्तुत छ भने छैटौं पङ्क्तिगुच्छामा ईश्वर दुःखीहरूका पुकारामा बोल्ने प्रसङ्ग उल्लेख छ । अन्तिम पङ्क्तिगुच्छामा उपर्युक्त सबै तथ्यहरू यात्रीलाई बोध गराएर मानवसेवा नै धर्म हो भन्दै त्यसतर्फ लाग्न कविले उसलाई आज्ञा दिएको पाइन्छ ।

विषमात्रिक छन्दका सात पङ्क्तिगुच्छामा संरचित यात्री कवितामा आगन्तुक, तद्भव र तत्सम शब्दहरूको समिश्रण रहेको पाइन्छ । सरल सुबोध तथा प्रवाहमय अलङ्कृत भाषाशैलीमा आन्तरिक तथा अन्त्यानुप्रासको सफल आयोजना रहेको छ । यसले कवितामा सङ्गीतपक्षलाई उच्च र ओजपूर्ण बनाएको छ । प्रश्नोत्तरात्मक शैलीमा कोमल तथा कान्तिमय पदावलीको प्रयोगले कविता भावमय रहेको छ । पूर्वीय दर्शनका जीवेश्वरवादी एवं कर्मवादी चिन्तनका दृष्टिले प्रस्तुत कविता विश्लेषणीय देखिन्छ ।

## ३.२.८ वन

वि.सं. १९९७ को शारदा (६.५) पत्रिकामा प्रकाशित वन कवितामा कविले सांसारिक विलासिता धनसम्पत्ति यश, कीर्ति र शक्तिको तिरस्कार गर्दै मानवसेवा विश्वबन्धुत्व र स्वतन्त्रतालाई मुखरित गरेका छन् । चौंतीस पङ्क्तिमा फैलिएको यस कवितामा कविलाई प्रलोभनमा पारी कर्तव्यच्यूत गराउन खोज्ने व्यक्तिहरूसँगको प्रतिकारात्मक संवादलाई मूल विषय बनाइएको पाइन्छ । यस कविताको सुरुका छ पङ्क्तिहरूमा रोइरहेका कविलाई

लालसाले रुनाको कारण सोधको प्रसङ्ग वर्णित रहेको छ । सातौंदेखि बारौं पङ्क्तिहरूमा लालसाले रानी बनिदिने विलासले महल दिने तथा कुबेरको नोकरी दिने इच्छालाई अस्वीकार गर्दै त्यो खरानी हुने तथ्य कविले औल्याएका छन् । कविले धनको बन्धन भन्दा आत्मिक स्वतन्त्रता अनमोल ठानेका छन् । कविले झुत्रा, चिथरा लगाएर भएपनि सत्यता र मानवसेवाका लागि दृढ भई लाग्ने आदर्शवादी मानवतावादी चिन्तनलाई तेरौंदेखि अठारौं पङ्क्तिमा प्रस्तुत गरेका छन् । संसारमा ज्ञानको प्रचारको लागि आफू दृढ रहेको प्रसङ्ग कविले प्रस्तुत गरेको पाइन्छ । जीवन, कठिनाइ, शङ्का जस्ता पात्रहरूको जीवन सङ्घर्ष पूर्ण छ भन्ने चेतावनीलाई स्वीकार गरी कविले वीरताको सम्मान गर्ने जनाएका छन् । उनले मानवसेवाका लागि समय नपुगको भन्दै रोएको रहस्य पनि उद्घाटन गरेका छन् । अन्तिमका चार पङ्क्तिहरूमा कविले कर्मठ साथीहरूको साथ लिएर विश्वबन्धुत्वको भावना फैलाउने विचार प्रकट गरेका छन् ।

विषममात्रिक छन्दका १७ श्लोकमा संरचित वन कवितामा अन्त्यानुप्रासको पूर्ण पालना गरिएको छ । सरल कोमल पद पदावलीको प्रयोगमा नाटकीय संवादको तार्किक शैलीले कवितामा भाव र विचारको समन्वय गरेको पाइन्छ । आन्तरिक अनुप्रास तथा अलङ्कृत सहज भावविधानले कविता साङ्गीतिक चेतयुक्त रहेको पाइन्छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा संसार, दुःख, लोभ, विलास, अन्तःस्करणशुद्धि, सत्य, सेवा, ज्ञान लगायतका विषयहरू समेटिएका छन् ।

### ३.२.९ प्रश्नोत्तर

वि.सं. १९९६ को शारदा (५.८) पत्रिकामा प्रकाशित प्रश्नोत्तर कवितामा प्रश्नोत्तरात्मक शैलीमा नैतिक आदर्श मानवतावादी चिन्तनलाई प्रस्तुत गरिएको छ । यसमा मानवजीवनमा आवश्यक आदर्श, नैतिकता, परोपकारसम्बन्धी कविका दृष्टिकोणहरू मूल विषयका रूपमा रहेका छन् । चार श्लोकमा सीमित यस कविताका प्रथम दुई श्लोकहरूमा परिश्रमको कमाई अमृतसमान हुने तथा प्रकृतिको काखमा नै आनन्द र शान्ति मिल्ने प्रसङ्ग प्रस्तुति गरिएको छ । साथै शुद्ध हृदयमा नै ईश्वरको बास हुने तथ्य पनि प्रस्तुत गरिएको छ । अन्तिमका दुई श्लोकहरूमा सृष्टि र जीवनको रहस्य बुझ्न गुलाबको बगैंचामा जानुपर्ने उल्लेख गर्दै आत्माको आग्रह नै कर्तव्य हो भन्ने विचार कविले प्रस्तुत गरेका छन् । साथै उनले महान् उद्देश्यका लागि परिश्रमको महत्त्वलाई पनि प्रस्तुत गरेका छन् ।

वसन्ततिलका छन्दमा रहेको प्रश्नोत्तर कवितामा अन्त्यानुप्रासको पूर्णपालना रहेको छ । सरल र सहज प्रश्नोत्तरात्मक भाषाशैलीमा प्रस्तुत यस कवितामा तत्सम र तद्भव शब्दहरूको उचित संयोजन गरिएको पाइन्छ । सरल सुबोध, कान्तिमय, कोमल, पद पदावलीका साथ उच्च गेयगुणको पनि यसमा प्रस्तुति रहेको छ । पूर्वीय दर्शनको दृष्टिले हेर्दा यस कवितामा कर्म, सुख, सेवा, शान्ति, चित्तशुद्धि, जीवनरहस्य, प्रकृतिचिन्तनजस्ता विषयहरू समेटिएका पाइन्छन् ।

## ३.२.१० आफ्नो घर

वि.सं. १९९६ को शारदा (६.२) पत्रिकामा प्रकाशित आफ्नो घर कवितामा कविले सौन्दर्यको उपासना गर्दै अध्याँरोलाई दिलबाट हटाइ विचारको र ज्ञानको उज्यालो भर्न आग्रह गरेका छन् । प्राकृतिक सौन्दर्यको कामना नै यस कविताको मूल विषय रहेको छ । पाँच श्लोकमा सीमित यस कविताको पहिलो श्लोकमा सुन्दरलाई हृदयको रातमा विचारको उज्यालो भर्न आग्रह गर्दै मृदुल भावहरू जन्माउन सकोस् भन्ने अन्तरइच्छालाई प्रस्तुत गरिएको पाइन्छ । कविले कल्पनाका कोमल बतास अनन्त आकाशमा फैलाउने इच्छा प्रकट गर्दै फूलमा परेका शीत झै हृदय निर्मल होस् भन्ने चाहाना दोस्रो र तेस्रो श्लोकमा व्यक्त गरेको पाइन्छ । अन्तिमका दुई श्लोकहरूमा हृदयको बगैंचामा शिशुसमान सुन्दर फूल फुलून् भन्ने इच्छा व्यक्त गर्दै  मनको घरमा रम्न सकियोस भन्ने प्रसङ्ग कविले प्रस्तुत गरेका छन् । पृथ्वी छन्दका पाँच श्लोकमा आबद्ध आफ्नो घर कवितामा अन्त्यानुप्रासयुक्त प्रवाहमय सरल तथा सहज भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । कोमलकान्त-सुबोध पदपदावली तथा प्रतीक अलङ्कारको स्वभाविक प्रयोगले कवितामा सौन्र्दयात्मकता उच्च रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा ज्ञान, निर्मलता, कोमलता अनि प्रकृतिचिन्तन मुख्य रूपमा आएका छन् ।

## ३.२.११ जीवन वन

वि.सं. १९९६ को शारदा (५.५) पत्रिकामा प्रकाशित यस जीवन वन कवितामा स्वजन, स्वराष्ट्र आदि सर्वश्व छोडेर भोगविलासमा पशुझैं लिप्त हुँदा घोर पीडा, पश्चात्तापमात्र बेहोर्नुपर्ने सत्यतालाई प्रस्तुत गरिएको छ । सांसारिक सुख लिप्साबाट मुक्त भएर आदर्श र कर्तव्यतिर लाग्नुपर्छ भन्ने आध्यात्मिक दर्शन नै यस कविताको मूल विषयवस्तु रहेको छ । चार श्लोकमा सीमित प्रस्तुत कविताको प्रथम र द्वितीय श्लोकमा

काम, वासना भोगविलासका लागि स्वजन, स्वराष्ट्र भुल्दा पछुताउनु पर्ने तथ्यलाई प्रस्तुत गरिएको छ । हाम्रो घर नै स्वर्ग हो सबै सदस्य देवता हुन् बाबा ब्रह्म हुन् भने उनको आज्ञापालन गरे सुख शान्ति मिल्छ भन्दै धर्मको महिमा अन्तिमका दुई श्लोकमा कविले प्रस्तुत गरेको पाइन्छ ।

स्रग्धरा र शिखरिणी छन्दका चार श्लोकमा जीवन वन संरचित यस कवितामा अनुप्रासयुक्त प्रवाहमय कलात्मक भाषाको प्रयोग रहेको छ । सरल सुबोध, एवम् कोमल पदावली तथा अलङ्कार प्रयोगले यो कविता भावमय रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा माया, अज्ञानता, ब्रह्म, स्वर्ग, देवता, धर्म आदि विषयहरू आएका छन् ।

## ३.२.१२ बालककाल

वि.सं. १९९५ को शारदा (४.३) पत्रिकामा प्रकाशित बालककाल कवितामा बाल्यकालीन स्मृतिको भव्य चित्रण गर्दै त्यसको महत्त्व तथा आदर्शीकरणमा कविले जोड दिएका छन् । बालकका निष्कपट स्वभाव र क्रियाकलापको प्रशंसा गर्दै सांसारिक चिन्ताको बोझले थिचिएको वृद्ध उमेरको आलोचना गर्नु नै यस कविताको विषयवस्तु रहेको छ । नौ श्लोकमा सीमित यसको पहिलो श्लोकमा बाल्यकालका मीठा स्मृतिको उल्लेख छ भने दोस्रो श्लोकमा बाललीलाको निदोर्ष वर्णन रहेको पाइन्छ । तेस्रो र चौथो श्लोकमा पनि प्रकृतिको सुन्दर वातावरणमा हाँसखेल गरेको तर उमेर बढ्दै गएपछि हातमा किताब राखिदिएर बन्धनमा पारेको भनाइ कविको रहेको छ । पाँचौँ श्लोकमा प्रकृतिको रमणीय वर्णन रहेको छ भने बाँकी श्लोकहरूमा वर्तमान अवस्थाको खाक्रो, बोक्रे सभ्यता, षड्यन्त्र, धोका चिन्ताप्रति निराश हुँदै पुनः बाल्यकालको प्राप्तिको चाहाना प्रस्तुत गरिएको छ । कविले यसरी बाल्यकालको दिव्य आनन्द र प्रौढताको दुःखी चिन्तित अवस्थाबीचको भेदलाई प्रस्तुत गर्दै बाल्यकालको पुनः अपेक्षा गरेका छन् ।

शार्दूलविक्रीडित छन्दका नौ श्लोकमा सीमित प्रस्तुत कवितामा अन्त्यानुप्रासयुक्त, प्रवाहमय वर्णनात्मक भाषाशैलीको प्रयोग पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइने यस कवितामा सरल सुबोध कान्तिमय कोमल पद पदावलीको समुचित विन्यासले सङ्गीतात्मक मधुरता थपेको देखिन्छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा सन्तोष, आनन्द, ज्ञान, ब्रह्म, आदि विषयहरू समावेश भएका छन् ।

### ३.२.१३ वृक्ष

वि.स. १९९३ को शारदा (२:४) पत्रिकामा प्रकाशित वृक्ष कवितामा कविले रूखसँग आफ्नो जीवनको तुलना गर्दै प्रकृति र मानववीचको सम्बन्धलाई स्थापित गरेका छन् । उनले जीवनरूपी फूलले सधैँ जगत्मा बास्ना छर्नुपर्ने कुरालाई महत्त्व दिएको पाइन्छ । प्रकृतिमा हावाहुरी, बादल, शिशिर वसन्त आदि अनेकौँ उत्तार चढाव आएझैँ मानव जीवनमा पनि उतारचढाउ आउने तथ्य र सृष्टिको रहस्यलाई यस कवितामा मूल विषय बनाइएको छ । दश श्लोकमा सीमित यस कविताको पहिलो र दोस्रो श्लोकमा एउटा ठूलो रूखको छहारीमा बसेर कविले मौन स्म्बाद गरेको तर मनका धेरै कुरा मनमै रहेको प्रसङ्ग प्रस्तुत छ भने तेस्रो र चौथो श्लोकमा रूख र मान्छेको जीवन समान उतार चढउाउले भरिएको तथ्य प्रकट कविले गरेका छन् । माटाभित्रको रसले रूखमा सुन्दर फूल फुलेको त्यसमा कविको भावना मिलेको तथ्य पाँचौँ र छैटौँ श्लोममा प्रकट भएको पाइन्छ । त्यस्तै सातौँ र आठौँ श्लोकमा पातहरूझैँ विचारहरू धेरै परिवर्तनशील रहेको चर्चा छ । अन्तिमका दुई श्लोकहरूमा रूख प्रारम्भमा सानो बीजका रूपमा रहेको त्यो विस्तारै विशाल भएको सृष्टिको रहस्यलाई कविले प्रस्तुत गरेका छन् ।

अन्त्यानुप्रासहीन शार्दूलविक्रीडित छन्दका दस श्लोकमा आबद्ध वृक्ष कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सम्मिश्रण रहेको पाइन्छ । स्वभाविक अलङ्कार कोमल पद पदावलीको प्रयोग तथा प्रवाहका कारण यो कविता सुन्दर एवम् श्रुतिमधुर रहेको छ । यसले प्रकृति र मानवबीचको अन्योन्याश्रित सम्बन्धमा जोड दिएको पाइन्छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा आनन्द, जीवनभोगाइ, प्रकृतिचिन्तनजस्ता विषयहरू आएका छन् ।

### ३.२.१४ गरीब

वि.सं. १९९१ को शारदा (१.१) पत्रिकामा प्रकाशित गरीब कवितामा गरीब जीवनलाई महत्त्व दिदै शान्ति, सन्तोष र परिश्रमको कल्पनाशील जीवन सुखमय हुने तथ्यलाई प्रस्तुत गरिएको छ । जो सांासारिक भोगविलासबाट टाढा छ, जो परिश्रमी छ, ऊ केही नभएपनि धनी हुने ध्वन्यात्मकतालाई यस कविताको मूल विषय बनाइएको छ । यस कविताको पहिलोदेखि चौथो श्लोकसम्म स्वच्छ निरन्तर परिश्रम गरिरहने तथा भोगविलासको पछि नलाग्ने हुनाले आफू गरीब भएर पनि खुशी रहेको प्रसङ्ग गरीब पात्रले

प्रस्तुत गरेको छ । गरीब पात्रको धर्ती घर, आकाश छानो, ताराहरू बत्तीका रूपमा रहेको र त्यसमा प्रभात, सन्ध्या तथा चराहरूले सौन्दर्य थपेको जीवन्त वर्णन पाँचौंदेखि आठौं श्लोकमा रहेको पाइन्छ । त्यस्तै कठोर परिश्रमपछि मखमली घाँसमा आराम गर्दा हावाले पङ्खा चलाउने सुन्दर कल्पना पनि यी श्लोकहरूमा प्रस्तुत गरिएको छ । नौंदेखि बाह्र श्लोकसम्म प्रकृति, पहाड, बतास, आकाश, सूर्य, चन्द्र आदिको काल्पनिक भ्रमण गरी आफ्नै आगँनमा म मात्र फर्केको कलात्मक चित्रण रहेको पाइन्छ । अन्तिमका चार श्लोकहरूमा गुलाब र निद्राको मानवीकरण गरी ईश्वर आफ्नो साथ रहेको प्रसङ्ग गरीब पात्रले प्रस्तुत गरेको छ ।

वंशस्थ छन्दका सोह्र श्लोकमा सीमित गरीब कवितामा आन्तरिक तथा अन्त्यानुप्रासको सफल संयोजनले साङ्गीतिक चेतनालाई उच्च बनाएको पाइन्छ । सरल सुबोध प्रवाहमय कोमल शैलीमा प्रस्तुत यस कवितामा स्वभाविक अलङ्कार विधान तथा कान्तिमय पद पदावलीको प्रयोगले सुन्दरता उच्च रहेको पाइन्छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा त्याग, निर्मलता, कोमलता, कर्मवाद आदि विषयहरू आएका छन् ।

## ३.२.१५ किसान

वि.सं. १९९५ को शारदा (४:२) पत्रिकामा प्रकाशित किसान कवितामा दुवै कुनै ग्रामीण झुपडीमा बस्ने किसान परिवारको सन्तोषी, शुद्ध हृदयी, परिश्रमी एवम् प्रकृतिप्रेमी जीवनको सुख शान्तिको महिमागन गरिएको छ । ग्रामीण जीवनको आदर्शीकरण गरी सृजित प्रस्तुत कवितामा ग्रामीण जनजीवन र स्थानीय प्रकृतिको चित्रणलाई मूख्य विषय बनाइएको छ । पन्ध्र श्लोकमा सीमित यस कविताको पाँचौ श्लोकसम्म प्राकृतिक सुन्दरताले भरीपूर्ण रहेको एउटा गाउँमा सुखी, शान्त र निश्छल स्वभाव भएको एउछा परिवारको वर्णन रहेको पाइन्छ । साथै कविले नागवेली नदी, हरियाली पाखामा रहेको त्यस सुखी परिवारमा किसान राजा रहेको तथ्य पनि प्रस्तुत गरेका छन् । छैटौंदेखि दसौं श्लोकमा बिहान धोबिनी चरी कराएपछि खेतमा जाने र दिनभरि परिश्रम गरी सन्ध्यामा घर फर्कने दैनिकी रहेको किसानको सत्कमाइले मात्र पेट भर्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । यी श्लोकहरूमा प्रकृतिको भव्य पुनर्निमाण कविले गरेका छन् । अन्तिमका पाँछ श्लोकहरूमा उसको अन्तःकरणको स्वच्छताले शरीर प्रज्वलित भएको चर्चा गर्दै उसलाई प्रकृतिले संरक्षण गरेको

तथ्यलाई प्रस्तुत गरिएको छ । यस कवितामा किसानझैँ सुखी हुन प्रकृतिको शरणमा जानुपर्ने यथार्थलाई पनि व्यक्त गरिएको पाइन्छ ।

वसन्ततिलका छन्दका पन्ध्र श्लोकमा संरचित यस कविताको भाषा कोमल कान्तिमय पद पदावलीको प्रयोगले सरस र सरल रहेको छ । यस कवितामा आन्तरिक तथा अन्त्यानुप्रासको कुशल संयोजनले साङ्गीतिक माधुर्यलाई उच्च बनाएको देखिन्छ । स्वभाविक अलङ्कार र प्रतीक विधानबाट प्रकृतिलाई ज्ञान र दर्शनको स्रोतका रूपमा चित्रण गरिएको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा मुमुक्षुता र प्रकृतिको महत्ता मुख्य रूपमा आएका छन् ।

## ३.२.१६ चारु

वि.सं. १९९७ को शारदा (६:१) पत्रिकामा प्रकाशित चारु कविता विलियम वर्डस्वर्थको लुसी ग्रे कविताबाट प्रभावित रहेको छ । प्रस्तुत कवितामा एकान्त झुपडीकी सुन्दर युवती चारुको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै उनको मृत्युले मर्माहित बनेको घटनालाई कविले प्रस्तुत गरेका छन् । प्राकृतिक सौन्दर्यको उपसना गरिएको यस कवितामा प्रकृति र चारुको सौन्दर्यबीच तादात्म्यभावको स्थापना नै मूल विषयका रूपमा रहेको छ । यस कविताको एकदेखि पाँच श्लोकमा नदी र पहाडबीच एकान्त ठाउँको सुन्दर झोपडीमा जन्मेकी चारुलाई प्रकृतिको समीपतामा हुर्केबढेकी प्रकृतिपुत्रीका रूपमा चित्रण गरिएको छ । उनले कवितामा फूलसँग चारुलाई तुलना गरेका छन् । अन्तिम पाँच श्लोकहरूमा सुन्दर चारुलाई दैवले अकालमा नै टिपेर लगेको कारण चारुको पवित्रता, सुन्दरता तथा निश्छलता फक्रन नपाउँदै समाप्त भएको कारुणिक प्रसङ्गलाई प्रस्तुत गरिएको पाइन्छ । यस पीडादायी घटनाले कविको हृदय वेदनाले फूलेको र छियाछिया भएको दुःखद् स्थितिको वर्णन पनि प्रस्तुत भएको छ ।

वसन्ततिलका छन्दका दश श्लोकमा आबद्ध चारु कवितामा आन्तरिक अनुप्रासको सफल प्रयोग हुँदा गेय गुणको प्रचुरता रहेको पाइन्छ । कविप्रौढोक्ति कथन ढाँचाका वर्णनात्मक, सहज र प्रवाहमय सरस भाषाशैलीले कविता कलात्मक र सुन्दर रहेको देखिन्छ । सहज अलङ्कार तथा प्रतीक प्रयोग, आगन्तुक, तत्सम र तद्भव शब्दहरूको संयोजनले कविता भावमय रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा प्रकृतिचिन्तनमा साथै सांसारिक दुःख, वियोगजस्ता कुराहरू समावेश भएका छन् ।

## ३.२.१७ वसन्त

वि.सं. १९९६ को शारदा (५:११) पत्रिकामा प्रकाशित वसन्त कवितामा ऋतुराज वसन्तको स्वर्णिम मौसमको जीवन्त चित्रण रहेको छ । तुषारो र कुहिराको पर्दा उघारेर आएको वसन्तले समस्त जगत्मा नै आनन्द र उमङ्गको सञ्चार गरेको प्रसङ्गलाई यस कवितामा मूल विषयमा रूपमा लिइएको छ । छ श्लोकमा सीमित यस कविताको पहिलो र दोस्रो श्लोकमा वसन्त आएपछिको अनन्त जादु मृदुल सौन्दर्य, शीतल समीर, आनन्दहरू, हरियाली आदिको सुन्दर चित्रण गरिएको पाइन्छ । शीतल कोमल हाँगामा चराहरू नाचेको, गुलाबको लाली र दिब्यसौन्दर्यमा पुतली भुलेको मनोरम र रोमाञ्चक प्रकृतिका वर्णन तेस्रो र चौथो श्लोकमा रहेको पाइन्छ । अन्तिमका दुई श्लोकमा पनि कविले प्रकृतिको दिव्यचित्र प्रस्तुत गरी वसन्तले मीठो जीवननिर्माण गरेको वैयक्तिक अनुभूति प्रस्तुत गरेका छन् ।

वसन्ततिलका छन्दका छ श्लोकमा संरचित वसन्त कवितामा कविले अन्त्यानुप्रासहीन तर आन्तरिक अनुप्राससहितका कोमल, कान्तिमय पद पदावली तथा प्रवाहमय भाषाशैलीको प्रयोग गरेका छन् । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा आनन्दमय जीवनको चिन्तन पाइन्छ ।

## ३.२.१८ जीवन

वि.स. १९९६ को शारदा (५:२) पत्रिकामा प्रकाशित जीवन कवितामा रोएर दुःखमा जन्म हुने, पीडामा नै मर्ने जीवनका विविध हर्षविषाद् तथा निराशावादी अवस्थाको चित्रण गरिएको छ । जीवन भोगाइका क्रममा सामना गरेका विविध वियोग, चिन्ता, शोक, आदिले आहत जीनको कारुणिक चित्रण नै यस कविताको मूल विषय रहेको मछ । आठ श्लोकमा सीमित यस कविताका एकदेखि चार श्लोकमा जीवन रोएर जन्मने र वैंस चढ्दै गएपछि भोगविलासमा लाग्ने प्रवृत्तिले चर्चा गर्दै कविले स्वतन्त्र र निर्भर हुनका लागि कर्मक्षेत्रमा लाग्न प्रेरित गरेको पाइन्छ । अन्तिमका चार श्लोकमा उमेर बढ्दै जाँदा व्यवहारले थिचिएर चिन्ता र शोकले ग्रस्त हुने र अन्त्यमा जपमालाका भरमा परेर आँसु झार्दै मर्ने विचित्र जीवनको कारुणिक चित्रण रहेको पाइन्छ । यसमा कविको निराशावादी भावना व्यक्त भएको छ ।

मात्रिक छन्दका आठ श्लोकमा संरचित यस कवितामा सरल सुबोध प्रवाहमय भाषाशैली, कान्तिमय पद, पदावली, स्वभाविक अलङ्कार योजना रहेको पाइन्छ । आन्तरिक तथा अन्त्यानुप्रासविधानले कवितामा गेयात्मक चेत उच्च रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा सांसारिक चिन्ता, शाोक, जरा, व्याधि, दुःखका साथै समग्र जीवनचक्रको प्रस्तुति पाइन्छ ।

## ३.२.१९ अन्त्यमा

वि.सं. १९९६ को शारदा (५:७) पत्रिकामा प्रकाशित अन्त्यमा कवितामा कविले आफ्नो जीवनको अन्तिम समयमा स्वच्छ, शान्त र सुन्दर संसारको दर्शन पाइयोस् भन्ने इच्छा प्रकट गरेको पाइन्छ । नकारात्मक कुनै पक्षको पनि अनुभूति नहोस् भन्ने इच्छा नै कविताको विषयका रूपमा रहेको छ । प्रथम श्लोकमा अन्तिम घडीमा सबैतिर उज्यालो होस्, घरको सुखको दीप दुःखको मेघले नछोपिदिओस् भन्ने काममा व्यक्त भएको छ भने दोस्रो श्लोकमा अशान्तिका बतास नचलुन् भन्ने इच्छा प्रकट भएको पाइन्छ । अन्तिम श्लोकमा प्रतीकात्मक रूपमा आफू जहाँ गएपनि कविले आफ्नै माटोमा विलीन हुने इच्छा प्रकट गरेका छन् । आफ्नो देह समाप्त भएपनि आफ्नो कविताको गुञ्जन धर्तीमा रहिरहोस् भन्ने चाहना कविले व्यक्त गरेका छन् ।

विषममात्रिक छन्दका बाह्र पङ्क्तिमा आबद्ध अन्त्यमा कवितामा अन्त्यानुप्रासको पूर्णपालनाका साथमा प्रवाहमय भाषा तथा कोमल पद, पदावलीको उत्कृष्ट प्रयोग रहेको पाइन्छ । तत्सम बहुल शब्द प्रयोग तथा भाव बगेर गएको सरस अभिव्यक्ति प्रस्तुत भएको यस कवितामा सुखद अन्त्यको कामना गरिएको छ ।

## ३.२.२० जिन्दगीको मौसम

वि.सं. १९९५ को उदय (१:७) पत्रिकामा प्रकाशित जिन्दगीको मौसम कवितामा वर्षातको समयमा मेहनत गर्दै अन्न रोपेर हिउँदको लागि सञ्चय गरे जस्तै जवानीमा कर्म गरी वृद्धअवस्थाको लागि केही राख्नुपर्ने व्यवहारिक सत्यलाई प्रस्तुत गरिएको छ । जीवनमा कर्मको महत्त्व गौरव तथा आत्संयमलाई यउस कविताको मूल विषयका रूपमा कविले प्रस्तुत गरेको पाइन्छ । पाँच श्लोकमा सीमित यस कविताको पहिलो र दोस्रो श्लोकमा जिन्दगीलाई चेतना र माटालाई पानीले सिँच्नु पर्ने कुराको तथ्य उल्लेख रहेको छ । तेस्रो

श्लोकमा इन्द्रियरूपी गोरुलाई शरीररूपी हलोमा हेरेर संयमित भई अनन्त कर्म गर्नुपर्ने कविको आग्रह रहेको छ । अन्तिम श्लोकहरूमा समयले कसैलाई नपर्खने हुनाले समय रहँदै कर्म गर्नुपर्ने प्रसङ्गलाई पनि कविले उल्लेख गरेका छन् ।

मात्रिक छन्दका पाँच श्लोकमा आबद्ध जिन्दगीको मौसमा कवितामा सरल सुबोध प्रवाहमय भाषाशैली तथा कान्तिमय पद पदावली र स्वभाविक अलङ्कार प्रधानले गेयात्मकतालाई तीव्र बनाएको पाइन्छ । आन्तरिक तथा अन्त्यानुप्रासमा तद्भाववहुल शब्दप्रयोगले कविता भावात्मक र रागात्मक रहेको छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा मुख्य रूपले कर्मवादको अभिव्यक्ति पाइन्छ ।

## ३.२.२१ झरना

वि.सं. १९९५ को उद्योग (१:५।६( पत्रिकामा प्रकाशित झरना कवितामा कविले पहाडको छातीबबट अनन्तरूपमा झरिरहने झरना देख्दा आफ्नो मनमा बिजुली बलेको चर्चा गर्दै यसमा अनन्त शक्ति लुकेको तथ्य प्रस्तुत गरेका छन् । हामीभित्र पनि भाव र विचारका झरना छन् त्यसबाट चेतनाको उज्यालो सृजना गरी अँध्यारो संसार झलमल बनाउनु पर्छ भन्ने विचार कविताको मूल विषयका रूपमा रहेको छ । पाँच श्लोकमा सीमित यस कविताको प्रथम दुई श्लोकमा पहाडको शिखरबाट झर्ने झरना देख्दा कविको हृदयमा वत्ती बलेको तथा झरनाको अझ गहिराइमा जाँदा त्यसभित्र संसार उज्यालो बनाउने असीम विद्युत्शक्ति रहेको प्रसङ्ग प्रस्तुत भएको छ । तेस्रो श्लोकमा पानीको अन्तरतत्वको ज्ञान नहुँदा खास तत्त्वभित्रै रहेजस्तै मनको खास तत्त्व जान्न गम्भीर अध्ययन र ज्ञान हुनुपर्ने यथार्थ प्रस्तुत भएको पाइन्छ । अन्तिमका दुई श्लोकमा मानिसभित्र पनि अनेकौं ज्ञान र चेतनाको उज्यालो रहेको छ, अतः त्यसलाई बाहिर निकाली अँध्यारो संसार उज्यालो बनाउनुपर्छ भन्ने विचार रहेको छ । कविले यसो गर्न नसक्दा दुःख लागेको प्रसङ्ग उल्लेख गरेका छन् ।

मात्रा छन्दका पाँच श्लोकमा संरचित झरना कवितामा अन्त्यानुप्रास र साङ्गीतिकताले भाव उच्च रहेको पाइन्छ । कोमल पद पदावली कान्तिमय, लालित्यपूर्ण भाषाशैलीको विन्यासले कविता उच्च सौन्दर्यात्मक रहेको देखिन्छ । पूर्वीय दर्शनका दृष्टिले यस कवितामा जीवनबोध एवं तत्त्वज्ञानको अवधारणा पाइन्छ ।

### ३.२.२२ घाँसी

वि.सं. १९९५ को शारदा (४:६७) पत्रिकामा प्रकाशित घाँसी कवितामा एउटा घाँस काट्ने गोठालाबाट प्रेरणा पाएर युवक भानुभक्तले नेपाली साहित्यमा अमर ग्रन्थहरू रचना गरेको भन्दै यस्ता घाँसी नेपालैभरि हुन भनी उसको महिमागान गरिएको छ । भानुभक्तको प्रशंसा गर्दै घाँसीको जस्तै परोपकारी र मानवतावादी कार्य गरी परलोकमा स्थान तथा सुख प्राप्त गर्नुपर्छ भन्ने आस्तिक चिन्तन नै यस कविताको मूल विषयको रूपमा रहेको छ । प्रस्तुत कवितका सुरुका पाँच श्लोकमा ढुङ्गामा सुतेका युवकले घाँस काट्ने गोठालालाई किन घाँस काटेको भनी प्रश्न गर्दा धारा, माटि, कुवा बनाउने मन छ भन्ने उत्तर दिएको प्रसङ्ग रहेको छ । छैटौंदेखि दसौं श्लोकमा परोपकार तथा कीर्तिका लागि घाँस बेचेर जनहितको कार्य गर्ने सत्इच्छा घाँसीले व्यक्त गरेपछि ती युवकका अन्तस्करणमा नयाँ प्रेरणा जागेको तथ्य उल्लेख छ । साथै घाँसी उच्च विचारबाट युवकको आँखाबाट आँसु झरी ढुङ्गामा राम नाम लेखिएको सुन्दर कल्पना रहेको पाइन्छ । त्यसपछि उनले रामयणको रचना गरी सबैतिर राम कथा प्रचार भएको घटना वर्णित रहेको छ । अन्तिमका पाँच श्लोकमा सबैतिर कथाको गान गरिएको भन्दै भानुभक्तलाई शुक्रतारा को उपमा कविले दिएका छन् । साथै कविले भानुभक्त जस्ता कविलाई जन्म दिने घाँसी नेपालभरि हुन भन्ने इच्छा पर्षन प्रकट गरेका छन् । भानुभक्तले मिठासपूर्ण नेपाली भाषाको निर्माणमा सहयोग पुऱ्याएकामा उनको महिमा गान गरिएको छ ।

मात्रिक छन्दका बीस श्लोकमा सीमित घाँसी कवितामा आन्तरिक तथा अन्त्यानुप्रासको सुन्दर आयोजनाले सङ्गीतात्मकता प्रबल रहेको पाइन्छम । तत्सम तद्भव शब्दहरूको बहुलता रहेको यसमा चमचम, चमरचर जस्ता अनुकरणात्मक शब्दले भाषिक सौन्दर्यलाई उच्च बनाएको छ । पूर्वीय दर्शनको अभिव्यक्तिका रूपमा यस कवितामा आस्तिक चेतनाका प्रस्तुति पाइन्छ ।

## ३.३ निष्कर्ष

यसप्रकार भिखारी कवितासङ्ग्रहमा जम्माजम्मी बाइस वटा कविताहरू सङ्गृहीत छन् । देवकोटाको साहित्यिक जीवनको प्रारम्भकालीन फुटकर रचनाका रूपमा रहेका यी कविताहरूमा देवकोटाका स्वच्छन्दतावादी, मानवतावादी भाव-विचारका साथसाथै पूर्वीय आध्यात्मिक, दार्शनिक चिन्तनका् प्रस्तुति पाइन्छ । पूर्वीय दर्शनका दृष्टिले यस सङ्ग्रहका कवितामा ईश्वरसम्बन्धी चिन्तन, प्रकृतिसम्बन्धी चिन्तन, कर्मवादी चिन्तन तथा आस्तिक, नैतिक चेतना प्रमुख रूपमा देखा परेका छन् ।

# अध्याय चार

# भिखारी कवितासङ्ग्रहका कवितामा पाइने पूर्वीय दर्शनको विश्लेषण

## ४.१ परिचय

पूर्वीय दर्शनको अभिव्यक्तिका दृष्टिले **भिखारी** कवितासङ्ग्रहका कविताहरू निकै नै महत्त्वपूर्ण रहेका छन् । आन्तरिक अनुभूतिका आधारमा सत्य, परमसत्ता वा ईश्वरको खोजी गर्दै जीवनजगत्का रहस्यहरूको उद्घाटन र प्रकृति र मानवका बीच तादात्म्य प्रतिष्ठापन गर्ने प्रयास यस सङ्ग्रहका कवितामा भएको छ । सोही सन्दर्भमा यस कवितासङ्ग्रहमा पूर्वीय दार्शनिक मान्यताहरूको के कस्तो अभिव्यक्ति गरिएको छ भन्ने कुराको अध्ययन विश्लेषण यस अध्यायमा गरिएको छ ।

## ४.२ भिखारी कवितासङ्ग्रहका कवितामा पाइने पूर्वीय दर्शनको विश्लेषण

**भिखारी** सङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनका अनेक पक्षहरुको अभिव्यक्ति पाइन्छ । देवकोटाको स्वच्छन्दतावादी रचनाप्रवाहको तीव्रताले गर्दा एउटै कवितामा पनि अनेक विषयवस्तु समेटिएका छन् । विविध भाव, विचार र विषयवस्तुहरू समेटिएका **भिखारी**का कविताहरूमा पाइने पूर्वीय दर्शनका मुख्य मुख्य विषयवस्तुलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ -

### ४.२.१ ब्रह्म तथा मायासम्बन्धी धारणा

**भिखारी** कवितासङ्ग्रहका कवितामा ब्रह्म तथा मायासम्बन्धी धारणा अभिव्यक्त भएको पाइन्छ । पूर्वीय दर्शनमा ब्रह्मलाई सत्, चित् र आनन्दस्वरूप मानिएको छ र यसैबाट जगत्को सृष्टि, स्थिति र लय हुने बताइएको छ । आफूमा रहेका मायाशक्तिद्वारा नै ब्रह्मले सम्पूर्ण कार्यहरू गर्दछ । यसरी चराचर जगत्को निर्माण गर्ने, पालन गर्ने र अन्त्यमा विलय गराउने ब्रह्म नै सारा ब्रह्माण्डको मालिक हो । जन्मदेखि मृत्युसम्मका सारा कार्यहरू गर्ने जिम्मेवारी वहन गर्ने हुनाले सम्पूर्ण जीवका निम्ति ब्रह्म पितासमान मानिएको

छ । प्रस्तुत कवितासङ्ग्रहभित्रको ‘जीवन वन’ कवितामा घरलाई स्वर्ग र परिवारका सदस्यहरूलाई देवताका रूपमा लिइएको छ अनि पितालाई ब्रह्म हुन् भनिएको छ -

हाम्रो हो स्वर्ग राम्रो घर, जन त्यसमा देवता छन् उज्याला,
बाबा हुन् ब्रह्म हाम्रा, सकल सुख त्यही कल्पना झैँ रसीला ।
उन्को कानून माने अचल सुख तथा शान्तिको राज्य मिल्छ
जे जे भित्रै चितायो उहि-उहि छिनमा जिन्दगीभित्र फल्छ ॥ (पृ.२५)

जसरी घरमा पिताको अनुशासनमा रहे वा पिताको अनुसरण गरेदेखि सुख, शान्ति र सफलता मिल्दछ त्यसैगरी संसाररूपी घरमा पनि ब्रह्मरूपी पिताको आज्ञापालन गर्दा सुख, शान्ति प्राप्त हुन्छ । शाश्वत् शान्ति र मनोभावपूर्तिका लागि ब्रह्मकै शरणमा जानुपर्दछ ।

*आत्मा वै जायते पुत्र, आत्मा वै पुत्रनामासि* अर्थात् आफू नै पुत्रका रूपमा जन्मिन्छ भन्ने कुरा स्मृतिग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । यसैले छोरालाई आत्मज, आत्मजन्म आदि भन्ने गरिएको छ (बराल,२०६८:१०६) । पिताले पुत्रका रूपमा जन्मिएर पारिवारिक सृष्टिचक्र चलाएजस्तै ब्रह्मले पनि चराचर जीवजगत्का रूपमा विवर्त भएर संसार चलाएका छन् भन्ने तात्पर्यमा यस पंक्तिमा ब्रह्मलाई पिता भनिएको छ । यसैले प्रस्तुत कवितामा पूर्वीय दर्शनसम्बद्ध ब्रह्मसम्बन्धी धारणा व्यक्त भएको छ भने मायासम्बन्धी अभिव्यक्ति पनि कवितामा स्पष्ट झल्किएको छ । पूर्वीय दर्शनको विशेषतः अद्वैतवदी मतमा मायाको भूमिका महत्त्वपूर्ण छ । निर्गुण, निराकार ब्रह्म वास्तवमा मायाशक्तिद्वारा नै ईश्वर, जीव र जगत्का रूपमा देखा पर्दछ । पूर्वीय दर्शनमा मायालाई ईश्वरको जादूगरी शक्तिका रूपमा लिइन्छ । माया नै बन्धनको मूल कारण हो । मायाको कारणले गर्दा नै हामी अनित्य, अस्थायी र दुःखदायी कुरालाई पनि नित्य, स्थायी तथा सुखदायी ठान्छौँ । यसरी नभएको कुरा पनि देखाइदिन सक्ने भएकाले मायालाई जादूगर्नी भन्न सकिन्छ । यसैले जीवन वन कविताको प्रारम्भमा नै मायालाई जीवात्मा लोभ्याउने जादूगर्नीका रूपमा लिइएको छ -

जादूगर्नी छ माया, यसपछि वनमा लोभिएको शिकारी
बिर्सी माता पिता नै, घर, स्वजन, सबै राज्य छाडेर भारी ।
भुल्छौँ हामी अनेकौँ झिलिमिलिहरूमा मोहप्याला लिएर

आई आँधी सबै त्यो उडिकन चलदामा पशू झैँ भएर ॥ (पृ.२५)

जसरी कुनै शिकारी शिकारको आशामा जङ्गल जङ्गल भौतारिन्छ त्यसैगरी हामीहरू पनि सुख, आनन्दको प्राप्तिका निम्ति जन्म जन्मान्तर भौतारिइरहेका छौँ । घनारण्यमा शिकार गर्न जाँदा हिंस्रक जीवबाट आफू नै शिकार हुनुपर्ने अवस्था आउनसक्ने हुँदा शिकारको लोभमा जङ्गल पस्नु व्यर्थैको दुःख बेसाउनु भएजस्तै मायासृजित जादूमय संसारको झिलिमिलीमा मोहित भएर रमाउनु आँधी नआउञ्जेल् शान्ति प्राप्त गर्नु हो । यसरी अज्ञानरूपी आँधिले अन्धो भएर हामीहरू मायालाई चिन्न सक्दैनौँ र भोग विलासमा होश गुमाउँछौँ तर माया र उसको कार्य वास्तवमा जादूमय हो, भ्रमात्मक नै हो भन्ने दार्शनिक भाव कवितामा लुकेको छ ।

## ४.२.२ कर्मसम्बन्धी चिन्तन

महाकवि लक्ष्मीप्रसाद देवकोटाका कवितामा पाइने पूर्वीय दर्शनको एउटा महत्त्वपूर्ण पक्ष कर्मवादी चिन्तन पनि हो । कुनै पनि प्राणीको जिन्दगी उसैका कर्मद्वारा निर्देशित हुन्छ । वास्तवमा जीवन भन्नु जन्म-जन्मान्तरका कर्मको परिणाम हो र वर्तमान जीवनको कर्म भविष्य वा आगामी जीवनको आधार हो । शुभ कर्मले शुभ फल र अशुभ कर्मले अशुभै फल दिन्छन् । यसैले सुखी र आनन्दमय जीवनका लागि सदैव असल कर्म गर्नुपर्दछ । कर्मले नै हाम्रो जीवन सार्थक बन्दछ भन्ने विचार पूर्वीय दर्शनको कर्मवाद हो । यस्तै विचारले भरिएका माली, यात्री, वन, गरीब, किसान, जिन्दगीको मौसम आदि थुप्रै कविताहरू **भिखारी** कवितासङ्ग्रहमा सङ्गृहीत छन् । महाकवि देवकोटा कर्म गरेर जीवनलाई सार्थक तुल्याउन चाहन्छन् । अतः कविले 'माली' कवितामा भनेका छन् -

बिनी बिनी वीउ बारी सजाउँछु

दिलको सलिल छरेर भिजाउँछु

बिरुवा बहुत बढाई,

जीवनभित्र सुगन्ध भिजाउँछु ... (पृ.१०)

उल्लिखित श्लोकमा बीउ संस्कारको प्रतीक, बारी शरीर वा संसारको प्रतीक तथा बिरुवा बढाउने काम कर्मका रूपमा आएका छन् र त्यो कर्म गर्ने माली जीवात्मा हो । यसबाट जीवात्मा वा प्राणीहरूको आफ्नो संस्कारअनुसार कर्ममा प्रवृत्ति हुन्छ र त्यो

कर्मअनुसार नै उनीहरूले सुख, दु:ख, आनन्दादिको भोग गर्दछन् भन्ने बुझिन्छ । यहाँ जीवनभित्र सुगन्ध भिजाउनु जीवनलाई सार्थक तुल्याउनु हो र यसका लागि कर्मलाई महत्त्व दिइएको छ । सत्कर्म गर्नु भनेको नै ईश्वरको भक्तिभजन, पूजा गर्नु हो । असल व्यवहार सम्पादन गर्न सकेमा त्यसैबाट ईश्वर प्रसन्न हुन्छन् । कर्म गरेका हातहरूलाई नै ईश्वरले चुम्दछन् भन्नु कर्म गरे ईश्वर भेटिन्छ भन्नु हो । यसैले कर्म गरे ईश्वर हाँस्तछन् भन्ने कुरा यात्री कवितामा यसरी व्यक्त भएको छ -

चुम्दछ ईश्वर काम सुनौला गरिरहेको हात

छुन्छ तिलस्मी करले उसले सेवकहरूको साथ । (पृ.१८)

कर्म गर्नेका हातलाई ईश्वरले चुम्दछन्, कर्म गर्नेले ईश्वर प्राप्त गर्दछन्, कर्म गर्नेलाई नै सधैँ ईश्वरको साथ रहन्छ भन्ने विश्वास यात्री कवितामा अभिव्यक्त भएको छ । *मानिस भई ईश्वरको त्यो दिव्य मुहार हँसाऊ* भन्ने अभिव्यक्तिबाट पनि दु:खीको सेवा आदि सत्कर्म गर्न सके ईश्वर हाँस्तछ, खुशी हुन्छ भन्ने स्पष्ट हुन्छ ।

यसैगरी 'वन' कवितामा सत्य टकेर मानिसहरूको सेवा गर्ने, भाइहरूको घरबार हेर्ने, बत्ती बालेर संसारको अँध्यारो हटाउने, काँढासँग सङ्घर्ष गरेर फूल फुलाउने, पहाड चढेर स्वर्गको शीर चुम्ने, स्वदेशको सेवा गर्ने, उद्योगलाई दोस्त बनाई विश्वको कल्याणका निम्ति लाग्ने सन्देश दिइएको छ -

दोस्त मेरो शुभ उद्योगी, साथ छ साहस बेश

विश्व सबै घर, हृदय-पुरीतिर ल्याउँछु सेवा सन्देश ॥ (पृ.२१)

यसरी 'वन' कविता कर्मवादी विचारले ओतप्रोत देखिन्छ भने 'प्रश्नोत्तर' कवितामा पनि सच्चा कमाइ गरिखानुलाई अमृतसमान मान्दै कर्मलाई नै महत्त्व दिइएको छ । जीवनमा गर्नुपर्ने काम कर्तव्य अनगिन्ती छन् । विभिन्न बाधा व्यवधानहरू हटाउँदै हामीले सङ्घर्ष गर्नुपर्छ । ती सङ्घर्षहरू पार गरेर कर्तव्य पूरा गर्नुपर्छ । यसैबाट उद्देश्य प्राप्त गर्न सकिन्छ । त्यो उद्देश्य भनेको सुख, आनन्द, स्वर्ग, मोक्ष आदिको प्राप्ति हो । पूर्वीय दर्शनमा *स्वर्गकामो यजेत* को तात्पर्य पनि सुख, शान्ति, आनन्दको प्राप्तिका निम्ति कर्म गर नै हो । यसरी स्थायी शान्ति र खुशी प्राप्तिका लागि कर्म गर्नुपर्छ भन्ने मान्यता यस कवितामा व्यक्त भएको छ -

कर्तव्य के छ जनको, यति छन् विरोध ?

नक्षत्र हेर नभमा, दिलसाथ सोध ।

के हो ठूलो जगतमा ? पसिना विवेक

उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक ॥ (पृ.२२)

**भिखारी** कवितासङ्ग्रहमा कर्मवादी भाव विचार पाइने अर्को महत्त्वपूर्ण कविता हो - गरीब । यस कवितामा परिश्रमको फल मिठो हुने, पसिना बगाएर खाएको प्रत्येक गास गासमा पीयूषको स्वाद पाइने बताइएको छ । परिश्रमद्वारा नै मोती फलाउन सकिने अभिव्यक्तिले कवितामा कर्म नै उद्देश्यप्राप्तिको मुख्य साधन हो भन्ने पुष्टि हुन्छ । यसैले कवि भन्छन् -

विलासको लालस-दास छैनँ म

मीठो छ मेरो रसिलो परिश्रम ।

निधार मेरो पसिना-जडाउ छ

मोती तिनैको अनमोल भाउ छ ॥

छ शान्तिको सुन्दर दीप वासमा

पीयूषको स्वाद छ गाँसगाँसमा । (पृ.३१)

अर्को कविता 'किसान'मा पनि शुद्ध हृदय भएको, सन्तोषी एवम् परिश्रमी किसानलाई एक कर्मयोगीका रूपमा लिइएको छ । किसानले कर्म गरेर दिल र बारी दुबैलाई ताजा बनाएको छ । यसमा बारी ताजा हुनुलाई शुद्धताको बाह्य पक्ष र दिल ताजा हुनुलाई शुद्धताको आन्तरिक पक्षका रुपमा लिन सकिन्छ । यसैले किसानको परिवार सबैमा दिव्य मेल छ, जालझेल कुदृष्टि, कुभाव रहेको छैन । यसरी सबैतर्फ हरियो गर्ने तथा सच्चा कमाइ गरेर मात्र उदर भर्ने लक्ष्य लिएको किसान दुई हातका औँलालाई सधैँ कामका लगाउँछ र सुख र आनन्दको जीवन बिताई सबैलाई कर्म गरेर रमाउने प्रेरणा दिन्छ । यसैले उक्त कवितामा पनि कर्मवादी धारणा व्यापक रूपमा आएको छ ।

त्यो कामले दिल र बारी दुवै छ ताजा

त्यो झोपडी जमिनमा छ उ एक राजा ।

आफ्ना जहानबिचमा अति दिव्य मेल

छैनन् छिमेकतिर द्वेष, कुदृष्टि, झेल ॥

सोझो सफा सडक जीवनको सुनौला

छन् काममा रत सधैँ दुई हात औँला ।

यौटा छ लक्ष्य हरियो सबतर्फ गर्ने

सच्चा कमाइ नगरी उदरै नभर्ने ॥ (पृ.३६)

वेदान्त, वेद उसका सब काम गर्नु (पृ.३८)

यसरी नै **भिखारी** कवितासङ्ग्रहको बीसौँ कविताका रूपमा सङ्गृहीत जिन्दगीको मौसम कविता त झनै कर्मवादी सन्देशप्रवाहकै निम्ति रचिएको कविताजस्तो छ । यस कविताको मूल विषय नै कर्मको महत्त्वप्रकाशन रहेको छ । कवितामा कवि देवकोटा जीवनको मूल्य बुझी कर्ममार्गमा लाग्न आग्रह गर्दछन्-

जिन्दगीको मौसम रहँदै

खन खद दिलको खेन

बाँझो नरहोस् पानी पर्दै

चेतनजल शुद्ध, सफेद ॥ (पृ.४७)

मनुष्यजीवन मोजमस्ती र सुखसुविधाको भोगका निम्ति मात्र प्राप्त भएको पनि होइन, दु:ख हार मानेर पुर्पुरो समाएर बस्नका लागि पनि होइन । यो त कर्म गर्नका निम्ति हो, कर्म गरेर निश्चित सिद्धि हासिल गर्नका निम्ति हो । कर्म गर्नका निम्ति इन्द्रियसाधनहरू छन्, शरीर छ । शरीर नै कर्म तथा धर्म साधनको मुख्य माध्यम हो । यसैले कवि शरीररूपी हलोमा इन्द्रियरूपी गोरु बाँधेर खेत खन्न आग्रह गर्दछन्-

इन्द्रिय गोरु शरीर हलोमा

बाँधी-बाँधी खन खन खेत

बीउ छन् जगमा कर्म हजारौँ

रोप, फलाऊ लहलह खेत ॥ (पृ.४७)

मानिसका शरीरमा पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय छन् । संयमित इन्द्रियले कार्यसिद्धिमा सहयोग पुराउँछन् भने संयम हरायो भने तिनै इन्द्रियले भ्रष्ट गराउँदछन् । यसैले स्वतन्त्र इन्द्रियलाई शत्रु तथा वशीकृत इन्द्रियलाई मित्रका रूपमा हेरिएको छ । यसैले भनिएको पनि छ - *आफ्ना दशै इन्द्रिय शत्रु मान्नु, जित्या तिनै इन्द्रिय मित्र मान्नु* (आचार्य, २०६ : ) । कवितामा बाँधी बाँधी खेत खन भन्नुको तात्पर्य पनि इन्द्रियसंयम वा आत्मसंयमका साथ कर्तव्यपथमा अघि बढ भनेको हो । जिन्दगीको अवधि अत्यन्त छोटो रहेकाले एक एक क्षणको सदुपयोग गरी कर्म गर्नुपर्ने विचार कवितामा व्यक्तिएको छ । जीवनको मौसम छोटो छ तर अमूल्य छ । त्यसैले कवि भन्छन् -

पर्खन्न कसैकन काल निठुरी

हाय ! त्यसै ननिदाऊ ॥ (पृ.४७)

आफ्नो **मुनामदन** खण्डकाव्यमा *भोलिको आशा नभए कठै मानिस हरे के !* भनेका महाकवि देवकोटा मानिसको वर्तमान र भविष्य दुवै कालप्रति अत्यन्त सचेत देखिन्छन् । असारमा रोपेको धान मङ्सिरमा फलेजस्तै आज गरेको सुकर्मले अर्को जन्मसमेत सुखमय बन्दछ भन्ने विश्वास महाकविको छ । यसैले कवितामा पछिका निम्ति पनि अहिले नै बीउ रोप भनी सम्झाइएको छ -

रोप रोप यी बीउ सब अहिले

अन्न फलोस् पछिलाई ।

नरुनु पछाडि आउँछ जहिले

हिउँद कडा तिमीलाई ॥ (पृ.४७)

महाकवि देवकोटाले कर्म गर्दा वा कर्तव्यको पालना गर्दा दुःखबाधा आइलागे पनि त्यो वास्तवमा सुख नै हो भन्ने विचार रखेका छन् । दुःख, सङ्घर्ष, परिश्रम गरेर नै सुख, आनन्द

पाइने हुनाले कविले दुःखलाई पनि सफलताकै सिँढीका रूपमा स्विकारेका छन् । बाटामा काँढाले घोपेपछि सफल हुने बाटोको काँढो यस ठाउँमा छ भनी थाहा पाई अर्को पटक हिँड्दा काँढो हटाएर अघि बढी सफलता प्राप्त गर्न सकिन्छ भन्ने विश्वास कविको छ (पाण्डे, २०६६: १२७) । यसैले देवकोटा जीवन वन कवितामा यसो भन्दछन् -

काँढा कुल्चे फुल फुलदछन्, आँशु नै मोति हुन्छन्

घाऊ लागे सुख बनदछन्, रोदनै हास्य बन्छन् । (पृ.२५)

यसैगरी 'घाँसी' कवितामा समेत, जीवनलाई दुईदिने रामछायाका रूपमा लिँदै सच्चा काम गरे मात्र सुख पाइने कुरा उल्लेख गरिएको छ -

रामछाया दुई दिनको यो

सच्चा काम गरे छ इनाम ॥ (पृ.५०)

यसप्रकार भिखारी कवितासङ्ग्रहभित्रका कविताहरूमा पूर्वीय दर्शनको कर्मवादी धारणाको राम्रो पस्तुति पाइन्छ । यस सङ्ग्रहका माली, यात्री, वन, प्रश्नोत्तर, गरीब, किसान, जिन्दगीको मौसम र घाँसी कवितामा यस्तो विचार वा चिन्तन अभिव्यक्त भएको पाइन्छ ।

## ४.२.३ ईश्वरचिन्तन तथा जीवेश्वरवादी धारणा

**भिखारी** कवितासङ्ग्रहका विभिन्न कविताहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै रूपमा ईश्वरको अस्तित्वलाई स्विकारेका पाइन्छ । जीवनभर सत्यम्, शिवम्, सुन्दरम्का उपासक रहेका महाकवि देवकोटाले ईश्वर, प्रकृति र मानवलाई जोडेर कविता काव्य रचना गरेका छन् । देवकोटा सृष्टिको अस्तित्वबाट स्रष्टाको अस्तित्वलाई स्वीकार गर्दछन् । कार्यरूप जगत्को निर्माण गर्न अल्पशक्तिवाला मानव वा अन्य प्राणीबाट सम्भव नहुने हुँदा यसको निर्माता कोही शक्तिशाली तत्त्व रहेको छ र त्यो नै ईश्वर हो । यस्तो ईश्वर सर्वज्ञ, सर्वशक्तिमान्, सर्वव्यापक रहेको छ । सर्वव्यापी तत्त्व भएकाले प्रत्येक प्राणीका हृदयमा ईश्वरले बास गरेको हुन्छ भन्ने मान्यता पनि देवकोटाको छ । यसैले उनी यात्रीलाई ऊभित्रै ईश्वर रहेको बताउँछन् भने भिखारीलाई ईश्वरकै रूपमा हेर्दछन् । यसरी देवकोटाको ईश्वरचिन्तनमा जीवेश्वरवादी धारणासमेत सामेल भएको छ । संसारमा ईश्वरीय सत्तालाई स्वीकार गर्नु र जीवलाई ईश्वरदेखि अभिन्न अंशका रूपमा हेर्नु पूर्वीय दर्शनको विशेषता हो ।

यस्तै भावको अभिव्यक्ति यस कवितासङ्ग्रहका भिखारी, यात्री, प्रश्नोत्तर, गरीब, घाँसी आदि कविताहरूमा पाइन्छ ।

'भिखारी' कवितामा दुःखी भिखारीको करुण अवस्थाको चित्रण गर्दै उसलाई ईश्वरका रूपमा उभ्याइएको छ । पौराणिक कथाहरूमा भगवान्ले पनि भिक्षुकको रूप लिएर भिक्षा माग्दै हिँडेका प्रसङ्ग छन् । वामनअवतार भगवान्ले भिखारीकै रूप धारण गरी बलिराजाको गर्व हरण गरी पवित्र पारेका थिए (श्रीमद्भा.महा. ८।२०) । बलिसँग भिक्षा माग्ने वामनको रूप ईश्वरकै रूप हो र पूजित पनि छ । भिखारीको पौराणिक प्रसङ्ग उल्लेख गर्दै कविले भिखारीलाई ईश्वरका रूपमा लिएका छन् । भिखारीमा ईश्वरीय सामर्थ्य भएर नै उसले सिद्धार्थलाई गौतम बुद्ध बनाउन सक्यो, महान् बलिलाई झुकाउन सक्यो -

बुद्धदेवको नजर अगाडि
यही भिखारी आएथ्यो,
मूर्ति यसैमा, शब्द यिनैमा
मुटुको शूल कराएथ्यो,
महान् दयाको सागर ठूलो
शब्द यिनैमा लहराएथ्यो,
भेष यसैले बलियो शेखी
पवित्र पारी निठुराएथ्यो ॥ (पृ.३)

यसैले कवितामा झुत्रा चिथरा लगाएको, जीवनपथमा थरथर काँपिरहेको, मुखमा खोँच पारेर आँशुका सहस्र खहरेहरू बगाइरहेको अनि मौन विलौनामा एकमुठी चामलको पुकारा गरिरहेको गरीब भिखारीलाई ईश्वर हो कि भनी उत्प्रेक्षा गरिएको छ -

कालो बादलबाट खसेको
अन्धकारमा भित्र बसेको,
ईश्वर हो कि भिखारी ?
बोल्दछ ईश्वर हृदय घुसेको
घर, घर आँगन चारी... (पृ.३)

आकाशको कालो बादलभित्र पनि निर्मल जलको अस्तित्व रहेजस्तै र औंशीको निष्पट्ट अन्धकारभित्र पनि उज्वल चन्द्रमाको अस्तित्व रहेजस्तै झुत्रे, मैले एवम् दीनहीन त्यो भिखारी भित्र पनि दिव्य ईश्वरको अस्तित्व रहेको छ । यसरी यस कवितामा ईश्वरको सत्ता स्वीकार गरिएको छ । भिखारी पनि ईश्वर नै हो भन्ने मानवतावादी भाव व्यक्त गर्ने सन्दर्भमा ईश्वरलाई स्वीकार गरिएको हो । ईश्वर पूज्य छ, महान् छ त्यसैले ईश्वरस्वरूप भिखारी पनि पूज्य नै छ, महान् नै छ । ऊ कदापि हेलाँको पात्र बन्न सक्दैन । अहम् र भेदभावलाई हटाएर हेर्ने हो भने भिखारी पनि हामीजस्तै मानव हो । मानिस भएर मानिससँग रुनुपर्ने, दयाको याचना गर्नु पर्ने अवस्था नसुहाउने कुरा हो । वास्तवमा भिखारी मानिसभन्दा पनि बढी ईश्वर नै हो । ऊ त  पृथिवीमा मानिसहरूबीच दया र करुणा फैलाउन स्वार्थ, लोभ, अहङ्कार आदिले कठोर बन्दै गएका उनीहरूमा संवेदना जगाउन त्यस्तो भेषमा आएको हो । यसैले कवि भन्छन् -

मा्गदछ करुणा भाइहरूमा

आई पृथिवीवारि,

मा्गदछ भिक्षा ईश्वर मेरो

आँगनमा एक भिखारी । (पृ.४)

यसप्रकार भिखारी कवितामा भिखारीलाई अन्य मानिसहरूजस्तै सामान्य मान्छेका रूपमा पनि लिइएको छ र उसलाई ईश्वर हो भनी भिखारी र ईश्वरका बीचमा अभेद आरोप पनि गरिएको छ । कवितामा जुन भिखारी मानिस हो त्यही भिखारी ईश्वर पनि हो । त्यसैले यहाँ मानिस र ईश्वर एउटै हो भन्ने गूढ आशय पनि लुकेको पाइन्छ । त्यसलाई पूर्वीय दर्शनमा जीवेश्वरवादका रूपमा बुझिन्छ । जीव ईश्वरदेखि अतिरिक्त नभएर उसकै अंश वा स्वरूपमा रहेको छ भन्ने जीवेश्वरवादी धारणा यस कवितामा पनि अभिव्यक्त भएको छ ।

'यात्री' कवितामा ईश्वरीय परमसत्तालाई स्वीकार गरिएको छ । यसमा ईश्वर सबैले देख्न सकिने किसिमको नभएर निर्गुण, निराकार रूपमा आएको छ । कविले मानिसहरूको काँधमा चढेर मन्दिर जान लागेको कुनै यात्रीलाई सम्बोधन गर्दै कुन मन्दिरमा जान्छौ ? भनी प्रश्न गरेका छन् । कविताका अनुसार मानिसको शरीर नै ईश्वरको दिव्य मन्दिर हो ।

हाड, मस्तिष्क, मांसपिण्ड, नसानाडी आदिले बनेको शरीर खम्बा, छाना, द्वार, दीवार आदिले बनेको सुन्दर मन्दिरजस्तै छ । मन्दिरभित्र भगवान्‌को प्रतिमा रहेजस्तै प्रत्येक प्राणीको हृदयमा ईश्वर अवस्थित छ । मन्दिरको ईश्वर स्थापित प्रतिमा हो भने शरीरभित्रको ईश्वर स्वतःस्फूर्त स्वरूप हो । अझ भन्ने हो भने त्यही भित्री ईश्वरलाई नै उपासनाका निम्ति सरल होस् भनी दिव्य कल्पनाका रूपमा ईश्वरको प्रतिमा मन्दिरमा राखिएको हो । यसैले असली ईश्वर नदेखिए पनि आफैभित्र रहेको छ । पूर्वीय दर्शनका आधारग्रन्थ उपनिषद्, गीता आदिमा पनि शरीरभित्र परमात्माको बास छ भनिएको पाइन्छ । जस्तै - *उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः । परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥* (गीता, १३।२२), *अणोरणीयान्महतो महीयानात्मास्य जन्तोर्निहितो गुहायाम् ।* (क.उ. १।२।२०) आदि । यिनै कुराहरूलाई नै कवितामा यसरी भनिएको छ -

मनको सुन्दर सिंहासनमा

जगदीश्वरको राज । (पृ.१७)

अनि खोजी गरिएको ईश्वर बाहिर छैन आफैभित्र छ भन्दै कवि ईश्वरको खोजीमा हृदय लगाउन यसो भन्छन् -

भित्र छ ईश्वर बाहिर आँखा

खोजी हिँड्छौ कुन पुर ?

ईश्वर बस्तछ गहिराइमा

सतह बहन्छौ कति दूर ?

खोजी गर्छौ ? हृदय लगाऊ,

बत्ती बाली तेज प्रचुर । (पृ.१८)

यसरी ईश्वर सर्वव्यापक तत्त्व हो र त्यो आफैभित्र छ भन्ने चिन्तन यस कवितामा व्यक्त भएको छ । पूर्वीय दर्शनका मुख्य स्रोत श्रुति, उपनिषद् आदिले पनि ईश्वरको निर्गुण, निराकार (ब्रह्म) स्वरूपको चर्चा गर्दै आत्माको उपासनामा जोड दिएका छन् । आत्मज्ञानद्वारा नै मुक्ति मिल्ने कुरामा श्रुतिको विशेष जोड छ । आफ्नो स्वरूपलाई भुलेर बाह्य जगत्‌मा ईश्वर खोज्नु भनेको अज्ञानताको प्रदर्शन गर्नु मात्र हो । ईश्वरको

साक्षात्कारका लागि चर्मचक्षु पर्याप्त छैन । ईश्वर इन्द्रियको विषय पनि होइन । ऊ त ज्ञानको विषय हो । यसैले ज्ञान वा प्रज्ञाचक्षुद्वारा मात्र ईश्वरलाई पाउन सकिन्छ । जब ज्ञानको उदय हुन्छ तब सर्वत्र आत्मदर्शन हुन्छ अनि कसैको काँधमा चढेर ईश्वर खोज्दै हिँड्नु पर्ने आवश्यकता नै रहँदैन । योगवाशिष्ठमा आत्मदेव पूजाको प्रसङ्ग छ भने उपनिषद्ले आफू अन्य, ब्रह्म वा ईश्वर अन्य भन्ने भाव राख्नेलाई पशुको संज्ञा दिएको छ ( बृ.उ. १।४।१०) । त्यसको तात्पर्य आफूमा र ईश्वरमा भेद छैन भन्ने नै हो । यसैले हरेक प्राणी ईश्वर हो भन्ने कुरामा दुई मत छैन । पूर्वीय दर्शनमो यही जीवेश्वरवादी मान्यताका प्रभावमा यात्री कवितामा मानिसलाई पनि ईश्वरका रूपमा हेरिएको छ । मानिसको सेवा गर्न सके ईश्वरको सेवा हुन्छ भन्ने मानवतावादी विचार राख्दै पूर्वीय ईश्वरवादी दार्शनिक अभिव्यक्तिले कवितालाई सारगर्भित तुल्याइएको छ । दुःखी, पीडितहरूसित सहानुभूति राख्दा ईश्वरको नजिक पुग्न सकिने धारणा पनि कवितामा व्यक्त छ । यसैले कवितामा भनिएको छ -

बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुःखको गानामा...
मानिस भई ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ । (पृ.१९)

'प्रश्नोत्तर' कवितामा पनि ईश्वर आफूभित्र नै रहेको हुन्छ भन्ने बताइएको छ । कुनै मन्दिरविशेषमा गएर ईश्वरलाई देख्न वा भेट्न पाइँदैन किनकि ईश्वर त आफ्नै मनभित्र रहेको हुन्छ । हामीभित्रको शुद्ध हृदयमा ईश्वरको बास हुन्छ भन्ने भाव कवितामा यसरी समेटिएको छ -

देखिन्छ ईश कुन मन्दिरमा पसेर
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर । (पृ.२२)

यसैगरी **भिखारी** कवितासङ्ग्रहमा चौधौँ कविताका रूपमा सङ्गृहीत गरीब कवितामा पनि आफ्नै साथमा ईश्वरको बास रहेको स्विकारिएको छ र ईश्वरप्रति यसरी कृतज्ञता प्रकट गरिएको पाइन्छ -

छ साथ मेरो दिनरात ईश्वर

ममा यहाँ छैन कतै, कुनै डर ।

संसार यस्तो रसिलो विषे अहो !

मलाई राख्ने अति धन्य धन्य हो ॥ (पृ.३४)

यसरी **भिखारी** कवितासङ्ग्रहका विभिन्न कवितामा सर्वशक्तिमान् परमसत्ताका रूपमा ईश्वरलाई स्वीकार गरिएको छ । कहीँ सगुण, साकार अनि कहीँ सगुण निराकार त कहीँ निर्गुण निराकार स्वरूपमा रहने ईश्वर प्रत्येक जीवका हृदयमा रहेको हुन्छ । अझ निर्गुण निराकार रूपमा त ऊ प्रत्येक वस्तुमा रहेको हुन्छ भन्ने दार्शनिक चिन्तन ती कविताहरूमा व्यक्त भएको पाइन्छ ।

## ४.२.४ प्रकृतिसम्बन्धी चिन्तन

महाकवि देवकोटाका कवितामा पाइने प्रमुख चिन्तनमा प्रकृतिसम्बन्धी चिन्तन निकै महत्त्वपूर्ण देखा पर्दछ । महाकवि प्रकृतिमा अगाध आस्था राख्दछन् । सारा सृष्टिको मूलकारण प्रकृति नै भएको र प्रकृतिविना कसैको पनि अस्तित्व नरहेको कुरामा उनको पूर्ण सहमति छ । सम्पूर्ण जगत् प्रकृतिबात प्रादुर्भूत भई अन्त्यमा प्रकृतिमा नै विलय हुन्छ भन्ने साङ्ख्यदर्शनको मान्यतालाई कविले आत्मसाथ गरेका छन् । त्रिगुणात्मक प्रकृतिमा ज्ञान, आनन्द, सुख, दुःख, लोभ, मोह, पीडा, व्यथा इत्यादि सम्पूर्ण कुरा व्याप्त छन् । यिनै कुराहरू जीवनका पनि शाश्वत् यथार्थ हुन् । वसन्तमा प्रकृति हराभरा भएजस्तै सत्वगुणको आधिक्यले जीवन पनि सुखी, शान्त र आनन्दमय बन्दछ । प्रकृतिमा शान्ति छ, आनन्द छ, सद्ज्ञान छ किनकि प्रकृतिमा सत्वगुण पनि छ । यसैले प्रकृतिभन्दा बाहिर गएर आनन्द प्राप्त गर्न सकिँदैन । यही नै देवकोटाको प्रकृतिचिन्तन हो र यो चिन्तन पूर्वीय साङ्ख्यदर्शनबाट अनुप्राणित छ । यस किसिमको प्रकृतिचिन्तनका दृष्टिले **भिखारी** कवितासङ्ग्रहका सन्ध्या, आफ्नो घर, किसान, वसन्त, सम्झना आदि कविता उल्लेखनीय छन् ।

'सन्ध्या' कवितामा महाकवि देवकोटाले सन्ध्यालाई सचेतन प्राकृतिक सुन्दरीका रूपमा उभ्याएका छन् । यस कवितामा सन्ध्याका रूपमा प्रकृति आएर मानिसलाई ज्ञान, चेतना र सभ्यता सिकाएको कुरा उल्लेख गरिएको छ । प्रकृतिबाटै जगत्ले हरियाली रङ्ग

पायो, मधुर मुस्कान पायो, उज्यालो पायो, प्रकृतिकै जल, अन्न, वायु खाएपिएर मानिस हुर्क्यो र प्राकृतिक स्रोतसाधनबाटै आफ्नो उत्थान पायो । जीवनजगत्को मूल आधार प्रकृति नै हो भन्ने भाव कवितामा यसरी आएको छ -

फुल्छन् यसकै रसमा सारा

भावहरूका कोमल फूल

यसकै भित्र छ फैलिरहेको

जीवनको सब अन्तर मूल । (पृ.१४)

जीवनका सबै घटनाको मूल प्रकृति नै हो । जीवनको सृष्टि नै प्रकृतिबाट भएको हो । सानो मूलको पानीबाट गङ्गा बगेझैँ मानवको जीवनगङ्गा पनि प्रकृतिको मूलबाट बगेको वा प्रकृतिकै मूलमा अडेको छ । उल्लिखित पद्यको मूलभाव यही नै हो । प्रकृति-पुरुषको समन्वयबाट सृष्टि चलिहरको स्विकार्ने महाकवि देवकोटाले पुरुषलाई बाबा र प्रकृतिलाई आमाका रूपमा लिएका छन् । सन्ध्यारूपी प्रकृतिको काखमा निदाएर सुन्दर सपना देख्न पाइने हुनाले कवितामा प्रकृतिलाई आमाका रूपमा हेरिएको छ -

हामी सपना देखिरहेछौँ

सुन्दर झल्का पाइरहेछौँ

प्रकृति मुमाको काख

सन्ध्या आइन् मृदु मुस्काइन्...(पृ.१४)

प्रकृति चराचर जगत्को स्रष्टा हो भन्ने पूर्वीय दर्शनको मान्यताकै प्रभावमा हाम्रो समाजमा माटोलाई पृथिवी माता, धरती माता, जललाई गङ्गा माता आदि भनेर पुकारिएको पाइन्छ । पृथिवी जल आदि प्राकृतिक कुरामा मातृत्व देख्नु भनेको प्रकृतिलाई मूल स्रष्टाका रूपमा लिनु हो । नेपाली समाजमा यही संस्कार र पूर्वीय साङ्ख्यदर्शनको प्रेरणाका प्रभावमा महाकवि देवकोटाले सन्ध्या कवितामा प्रकृतिलाई आमाका रूपमा स्विकारेका हुन् ।

'आफ्नो घर' कवितामा कविले प्रकृतिलाई सुन्दर घरका रूपमा लिएका छन् । मिठा-मिठा फूल फुल्ने सुन्दर बगैँचामा पालुवा मुस्कुराएको अनि प्रभातमा हिमशैल चम्किएर शोभायमान देखिने प्रकृतिमा टहल्न चाहने कविले प्रकृतिलाई ठूलो मन्दिर मानेका छन् ।

भक्तले आफूले चाहेको सर्वस्व चीज मन्दिरमा पाएजस्तै कविले पनि आफूलाई चाहिने सम्पूर्ण कुरा प्रकृतिमा पाएका छन् । यसैले प्रकृति भक्तको मन्दिरजस्तै हो भन्ने कवितामा यसरी व्यक्त भएको छ -

मलाई जति चाहिने सफल हुन् त्यही सुन्दर

म ध्यानसरि भक्तको प्रकृति हुन् ठुलो मन्दिर । (पृ.२४)

'किसान' कवितामा किसानको परिवारलाई प्रकृतिकै शिशुतुल्य मानिएको छ र उनीहरूमा सधैँ नै प्रकृतिको प्रभाव रहने बताइएको छ । यस्तो प्रकृति सम्पूर्ण ज्ञानले भरिपूर्ण छ । यसैले प्रकृतिलाई जानेपछि जान्न बाँकी केही रहँदैन । प्रकृति नै सम्पूर्ण ज्ञानको स्रोत हो, भण्डार पनि हो । यसैले महाकवि देवकोटा कवितामा भन्दछन् -

छन् दिव्य दर्शन अनेक मुना मुनामा

सद्ज्ञान छन् प्रकृतिका हरिया कुनामा । (पृ.३८)

'वसन्त' कवितामा प्रकृतिको माधुर्य, सौन्दर्य आदिको प्रशंसा गरिएको छ । बगैँचामा हरियाली छाउने, नाना रङ्गका फूलहरू फुल्ने, कोकिलले मिठो, सुरिलो शब्दमा बोल्ने, समीरको शीतल प्रवाह चल्ने र प्रत्येक प्राण अमृतको रसतुल्य हुने कुरा उल्लेख गरेर कवितामा प्रकृतिमा रूप, रस, गन्ध, स्पर्श, शब्द आदिको मिश्रणबाट अनुपम सौन्दर्य व्यक्त भइरहेको बताइएको छ र प्रकृतिका काखमा रहेको प्रत्येक प्राणीले त्यस सौन्दर्यको निर्बाध रूपमा उपभोग गरिरहेको छ भन्ने स्विकारिएको छ । विभिन्न गुण र विशेषताहरूको अभिव्यक्तिले गर्दा वसन्तमा प्रकृति विशेष सुन्दर, शान्त, मनोहर, दिव्य, मधुरतापूर्ण हुने कुरालाई कविले यसरी बताएका छन् -

बुट्टा र फूलहरूको हरियो छ सारी

मीठो छ बैँस मृदुभाषण मोहकारी ।

प्रश्वास शीतल लिई मुख कान्तिपूर्ण

पट्ठी परी प्रकृति मस्त झुलेर हाँसिन् ॥ (पृ.४३)

'सम्झना' शीर्षकको कवितामा बादल, मरुभूमि, जङ्गल, उपवन, वसन्तजस्ता प्राकृतिक बिम्बहरूका माध्यमबाट जीवनमा दुःख, सुखको यथार्थ अभिव्यक्ति दिइएको छ ।

उपवन, वसन्त, कोकिलशब्द, मलयलहर आदि प्रकृतिका सुन्दर पक्ष हुन् भने पृथिवीमा बादल छाउनु, भूकम्प जानु, मरुभूमि देखिनु आदि प्रकृतिका कुरूप पक्ष हुन् । व्यक्त प्रकृतिमा यी सबै पक्षको समायोजन छ । राम्रा पक्षको आधिक्यले जीवन हराभरा बन्दछ भने नराम्रा पक्षको आधिक्य हुँदा जीवन उजाड बन्दछ । यही भावको अभिव्यक्तिका क्रममा कवितामा साङ्ख्यदर्शनले प्रवेश पाएको छ । साङ्ख्यदर्शनअनुसारको प्रकृति त्रिगुणात्मक हुनाले सुखदुःखमोहात्मक भएजस्तै यस कवितामा पनि सुखात्मक तथा दुःखात्मक दुवै किसिमको प्रकृतिको प्रयोग पाइन्छ र सांसारिक सुख, आनन्द, दुःख, कठिनाइ, मोह, व्यथा आदि सबै कुरा प्रकृतिमै व्याप्त छन् भन्ने कुराको कविताको अध्ययनबाट पनि बोध गर्न सकिन्छ । प्रकृतिमा सुख, दुःख सबै व्याप्त छन् । हामीले प्रकृतिमै रहेर दुःखनिरोध र सुखप्राप्तिको प्रयास गर्नुपर्दछ भन्ने गम्भीर चिन्तन कवितामा मुखरित भएको छ ।

### ४.२.५ जीवनसम्बन्धी चिन्तन

सामान्य अर्थमा जीवन भनेको बाँच्ने काम हो । सांसारिक क्षेत्रमा जीवनको महत्त्वपूर्ण स्थान छ । जन्मदेखि मृत्युसम्मका यावत् विषयहरू जीवनभित्र पर्दछन् । जीवन सुख, दुःख, हर्ष, विष्मात्, सफलता, असफलता आदि यथार्थका साथै विभिन्न रहस्यहरूले भरिएको छ । साहित्य र दर्शन दुबैले जीवनको रहस्य पहिल्याउने प्रयास गर्दछन् । दर्शन भनेको जीवनलाई हेर्ने विषय हो, जीवनजगत्प्रतिको हेराइ हो, जीवनमा सुख र आनन्दको खोजी हो अनि साहित्य भनेको जीवनको अभिव्यक्ति हो, जीवनजगत्का सुख, दुःख आदिको मार्मिक प्रकटीकरण हो । यसरी साहित्य र दर्शन दुवै विषयले जीवनसँग गहिरो सम्बन्ध राख्दछन् । दर्शनका माध्यमले जीवन र संसारलाई हेर्ने क्रममा साहित्यमा पनि दर्शनले प्रवेश पाएको हुन्छ । पूर्वीय षड्दर्शनमा जीवनप्रतिको निश्चित दृष्टिकोण प्रस्तुत भएको छ । षड्दर्शनको उद्देश्य केवल जिज्ञासाको समाधान मात्र नभएर जीवनमा आइपर्ने विविध समस्याहरूको युक्तिपूर्ण समाधान पनि हो । जीवनमा आइपर्ने समस्याहरूसँग संघर्ष गरेर त्यसबाट छुटकरा पाउने कुरालाई पूर्वीय दर्शनले विशेष महत्त्व प्रदान गरेको छ (गिरि, २०५५:२०) । मोक्षप्राप्तिलाई जीवनको चरम लक्ष्यका रूपमा लिनु यसको ज्वलन्त उदाहरण पनि हो ।

**भिखारी** कवितासङ्ग्रहका कविताहरूमा पनि जीवनलाई गहिरिएर हेर्ने, अर्थ्याउने प्रयास गरिएको छ । पूर्वीय षड्दर्शनकै दृष्टिबाट कविताहरूमा कविले जीवनलाई हेरेका छन् ।

विशेषतः भिखारी, बादल, वन, वृक्ष, जीवन आदि कविताहरूमा कवि देवकोटाले जीवनप्रति नजर लगाएका छन् ।

प्रथमतः कवि देवकोटाले 'भिखारी' कवितामा भिखारीको जीवनलाई मधुरो दीपसँग तुलना गरेका छन् । अनेक सुख भोगेर वैभवपूर्ण जिन्दगी बाँच्ने मान्छेका बीच दीनहीन, भोको जिन्दगी बाँच्ने मान्छे रहनु सूर्यचन्द्रका बीचमा मधुरो दियो धिपधिपाउनु हो भन्दै कवितामा मानिसका जीवनमा सुखद, दुःखद दुवै पक्ष रहने कुराको सङ्केत यसरी गरिएको छ -

कुन आशाले नजर खुलायो

सूर्यचन्द्रका नजर समीप

किन मुरझायो ? किन वैलायो

किन मधुरो यो जीवनदीप ? (पृ.३)

यस कवितामा धनी र गरीब, सम्पन्न र विपन्न, दुर्बल र शक्तिसम्पन्न सबै मिलेर अघि बढ्दा सबैको जीवन सुखद र आनन्दमय बन्न सक्दछ भन्ने भाव पाइन्छ ।

'बादल' कवितामा पानीबाट बादल र बादलबाट पानी हुने प्राकृतिक प्रक्रियाका माध्यमबाट सिङ्गो जीवनचक्रको पस्तुति पाइन्छ । हामी जहाँबाट आयौँ त्यहीँ गएर मिल्नु जीवनको यथार्थ हो । *यो माटो गई माटोमा मिल्छ दुःखका बगरको* भन्ने मुनामदनको अभिव्यक्तिजस्तै कविले यस कवितामा पनि समुद्रबाट आएको पानी समुद्रमै गएर मिल्छ भनेका छन् । समुद्रदेखि समुद्रसम्मको यात्रा बादलको सिङ्गो जीवन हो । त्यसमा बादल उच्च कामनाका साथ व्योमविहारमा निस्कन्छ, आकाशमा फैलिन्छ र हावाका माध्यमबाट डाँडा, शहर, जङ्गल डुल्ने कुरा कवितामा यसरी आएको छ -

हाम्रो व्योमविहारको मन थियो ऊँचा थियो कापना,

हामी सुस्त चढ्यौं सफा किरणका साना मसीना सिंढी ।

माथी-माथी चढ्यौं मिल्यौं र फिंजियौं आकाशको क्षेत्रमा

बोकी चल्छ हवा डुलाउन जगत् डाँडा, पुरी, जङ्गल । (पृ.५)

यसप्रकार आकाशमा उडेको बादल पृथ्वीको दिव्य प्रदर्शिनी हेरी, डाँडा, मैदान, खोँच आदि हुँदै निर्मल निर्झर तथा नाला, नागबेली हुँदै पुनः समुद्रमा पुग्दछ । बादलको यस्तो यात्राका माध्यमबाट मानिसको जीवनयात्रा पनि प्रकटित भएको छ । मान्छे पनि यस पृथ्वीमा आई विभिन्न आकाङ्क्षा लिएर सुखदुःखात्मक कर्ममा प्रवृत्त हुन्छ, जीवनका उकाली ओरालीहरूमा दौडिन्छ र सुख, दुःख आदि भोगी जीवनलीला समाप्त गर्छ । *जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च* (गीता ) मा भनिएजस्तै जीवनमरण जगत्का शाश्वत् प्रक्रिया हुन् भन्ने भावसमेत कवितामा अन्तर्भूत भएको छ ।

जीवनप्रतिको दृष्टिकोणको अभिव्यक्तिका दृष्टिले यस सङ्ग्रहमा सङ्गृहीत आठौँ कविता 'वन' निकै महत्त्वपूर्ण देखा पर्छ । यसमा जीवनलाई वनका रूपमा लिइएको छ र त्यस वनमा खोजी गरिएका कुरा नपाई कविले आँशु खसालिरहेको अभिव्यक्ति दिएका छन् -

आँशु खसाली रोइरहेथेँ जीवन वनका बीच ।
खोजी खोजी कतै नपाई मेरो मनका चीज ॥ (पृ.२०)

वन त्यस्तो ठाउँ हो जहाँ अनेकौँ बाटविरुवा छन्, पातपतिङ्गर छन्, अनेक जीवजन्तु छन् । वनमा भएका बोटविरुवामा कुनै अत्यन्त उपयोगी छन् त कुनै कामै नलाग्ने किसिमका पनि छन् । जीवजन्तु पनि कुनै हिंस्रक छन्, डरलाग्दा छन् त कुनै मायालाग्दा छन् । डरलाग्दा अजिङ्गर तथा बेकामका पातपतिङ्गर आदि सबै कुराहरू वनमा पाइन्छन् । विविध बोटवनस्पतिको डङ्गुर जङ्गलमा सञ्जीवनी बुटीको खोजी गर्नु सानो मिहनेतको कार्य अवश्य पनि होइन । प्रत्येक मानवले जीवनरूपी वनमा ज्ञान, सुख, आनन्दरूपी सञ्जीवनी खोज्नु छ । त्यसलाई प्राप्त गर्नु छ । यसका निम्ति कठोर परिश्रम जरुरी छ । लालसा, विलास, आडम्बर, शङ्का, कठिनाइ आदि सबैको बेवास्ता गरी छोटो समयको अधिकतम सदुपयोग गर्दै साहसपूर्वक उद्योग गर्नुपर्दछ । वन-जङ्गलको सार्थकता सञ्जीवनी बुटीमा रहेजस्तै जीवनको सार्थकता पनि ज्ञानी भई परमानन्दको प्राप्तिमा छ । यसका निम्ति शुभ उद्योग तथा सेवा गर्नुपर्ने कविको सन्देश रहेको छ । यसैले कवितामा भनिएको छ -

दोस्त छ मेरो शुभ उद्योगी, साथ छ साहस बेश ।
विश्व सबै घर, हृदय-पुरीतिर ल्याउँछु सेवा सन्देश ॥ (पृ.२१)

यसैगरी 'वृक्ष' शीर्षकको कवितामा रूखको जीवनबाट मानिसको जीवनलाई देखाउन खोजिएको छ । मानिसमा प्राण छ, हृदय छ, विभिन्न किसिमका चाहनाहरू छन्, हाँसी खुशीयालीका क्षणहरू छन्, दुःखकष्टका पीडादायी व्यथाहरू पनि छन् । घामछायाँजस्तै दुःख र सुखको चक्र जीवनमा चली नै रहेको हुन्छ र अनेक समस्याहरूसँग सङ्घर्ष पनि गरिरहनुपरेको हुन्छ । मानिसको यस्तो जीवनयथार्थलाई कवितामा वृक्षको जीवनभोगाइका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ -

यस्मा जीव छ, कामना, हृदय छन्, यस्को पनी जीवन
नाना रङ्ग लिएर चल्दछ यहाँ, जस्तो छ मेरो पनि ।
नाच्ती छन् पृथिवी, अनेक ऋतुको पर्दा गिरी, खुल्दछ
छाया घाम चलीरहेछ यसमा, हावा हुरी आउँछन् ॥ (पृ.२८)

यही धरतीबाट उब्जेको वृक्ष धराको रस पिएर हुर्कन्छ र फूलहरू, फलहरू फलाउँछ । ठूलो हुन्छ र दुनियालाई छायाँ दिन्छ, ओत दिन्छ, नबोलेरै पनि सच्चा मानवताको भावना देखाइरहेको हुन्छ । वृक्षजस्तै मानिस पनि यही धरतीका सन्तान हौँ । यसैले हामी पनि जीवनमा वसन्त ल्याउन सक्छौँ, खुश्बु र सौन्दर्य फैलाउन सक्छौँ । शान्ति, प्रेम, सेवा, सत्कर्म, ज्ञान, आनन्द आदि सकारात्मक कुराहरू नै मानवजीवनका सौन्दर्य हन् । यिनीहरूको खोजी गरी बढाउनुपर्छ, फैलाउनुपर्छ भन्ने सन्देश कवितामा यसरी आएको छ-

माटोभित्र जरा छ, जाल गहिरो प्यूँछन् धराको रस
माथी बढ्दछ फुल्दछन् फूलहरू, छन् भाव झैँ सुन्दर ।
माटैभित्र जरा छ हामिहरूको, फुल्छौँ उचाई लिई
हामीभित्र वसन्तका पवनका खुश्बु र सौन्दर्य छ ॥ (पृ.२९)

यसरी जीवनमा घामछायाजस्तै दुःख सुखका क्षणहरू आइरहने र मानिसले ती कुराहरू भोगिरहनुपर्ने भए तापनि जीवनलाई सौन्दर्यमय, आनन्दमय बनाउन सकिन्छ । संसारमा सृष्टि र प्रलयको चक्र चली नै रहन्छ । रूखबाट बीज बीजबाट रूखजस्तै मान्छेको जीवनचक्र पनि चलिरहेको हुन्छ । यस्तो सांसारिक चक्रमा मानवजीवन पाएर छोटो समय भए पनि सत्कर्म गर्न पाउनु, थोरै समय बाँचेर पनि सुन्दर कार्यको सम्पादन

गर्न सक्नु महत्त्वपूर्ण कुरा हो । मानिसको जन्म बेकार वा निरर्थक नभएर सुनौलो अवसर हो । यसको सदुपयोग गरेर जीवनलाई धन्य बनाउनुपर्छ । यसैले त कवि भन्दछन् -

फुल्नु सुन्दर भै दुबै दिन पनि हो सार संसारमा ॥ (पृ.३०)

यसैगरी सिङ्गो जीवनभोगाइ समेटेर लेखिएको 'जीवन' कवितामा जन्मदेखि मृत्युसम्मका जीवनका वैचित्र्य समेटेका छन् । प्रथमतः मानिस रुँदै जन्मिन्छ । पछि बाल्यकालको कोमल सुखमा रमाउँदै हुर्कन्छ । आवश्यकता र अभिलाषाहरू थपिँदै गएपछि नवीन जोश लिएर ऊ कर्मक्षेत्रमा लाग्दछ । जीवनमा अनगिन्ती आशा-आकाङ्क्षा हुने हुँदा चिन्ता, शोक, वियोगहरू पनि बढ्दै जान्छन् । कपाल फुल्दै जाँदा व्यावहारिक बोझ पनि थुप्रिँदै जान्छ, अकेलापन तथा उदासपन बढ्छ । अन्ततः जपमालाको भरमा अड्केको जीवन गहभरि आँशु लिई बिदा हुन्छ । सारमा सिङ्गो कविताको अभिव्यक्ति जीवन एकै किसिमले अघि बढ्दैन, यसमा विभिन्न आरोह-अवरोहहरू पार गर्नुपर्ने हुन्छ भन्नेमै केन्द्रित छ । बाल्यको मधुर मोहनी, शैशवको सुख, यौवनको जोश, प्रौढताको व्यावहारिक बोझ, बार्धक्यको अकेलापन, उदासपन आदि नै जीवनका यथार्थ हुन् । यसरी एकैनासले अगाडि नबढ्ने हुनाले जीवन विचित्रको छ, रहस्यमय पनि छ । जीवनको यही विचित्रताको बोध गरी कवि भन्दछन् -

विचित्र नै छस् हे जीवन ! (पृ.२५ )

आँशुसँगै जन्मिएको मान्छे आँशु नै लिएर मर्नुपर्दछ । यसैले जीवनलाई कसरी परमसुखमय, अत्यधिक आनन्दमय बनाउने भन्ने कुरा ज्यादै नै महत्त्वपूर्ण हो । जरैदेखि दुःख हटाएर शाश्वत् सुखप्राप्ति नै जीवनको मूल लक्ष्य हुनुपर्दछ । यसैले पूर्वीय दर्शनले दुःखको आत्यन्तिक निवृत्ति र परमानन्दको प्राप्तिका लागि जीवन लगाउन आग्रह गरेको छ ।

## ४.२.६ आस्तिकता तथा नैतिक चेतना

**भिखारी** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा कुनै न कुनै रूपमा नैतिक चेतनाको अभिव्यक्ति भएको पाइन्छ । त्यस्तो चेतना स्वच्छन्दतावादी रहस्यवादका साथै धर्म, अध्यात्म र पूर्वीय दर्शनको गहिराइका तहबाट प्रस्तुत भएको छ । महाकवि देवकोटा आफैमा एक आध्यात्मिक, दार्शनिक एवम् आस्तिक कविका रूपमा रहेको छन् । पवित्र वंशपरम्परामा जन्मिएर संस्कृतका विद्वान् पण्डित रहेका आफ्ना पिताबाट देवकोटाले पूर्वीय दर्शनको गहन

अध्ययन गरेको र उनमा पूर्वीय धर्म, दर्शनको अटल प्रभाव परेको देखिन्छ । यसैले कवि आफ्ना कवितामा ईश्वरको सत्यता र संसारको मिथ्यात्व प्रतिपादन गर्छन् । मनको स्वच्छतामा विश्वास गर्छन् अनि आफूमा सद्गुणको विकास गर्न अनुरोध गर्छन् । यसै क्रममा देवकोटाका कवितामा आध्यत्मिक आदर्श, आस्तिकता तथा नैतिक चेतनाको अभिव्युक्ति पाइन्छ । यस दृष्टिले महत्त्वपूर्ण भिखारी कवितासङग्रहका विभिन्न कविताहरूको चर्चा तल प्रस्तुत गरिएको छ :

'भिखारी' कवितामा महाकवि देवकोटाले भिखारीलाई ईश्वरकै रूपमा हेरेका छन् र उसले भोग्नु परेको दुःखप्रति गहिरो सहानुभूति राखेका छन् । संसारका सबै प्राणीमा ईश्वरको बास रहेकाले कोही कसैलाई पनि तिरस्कार गर्नु हुँदैन, सबैमा दया, माया, प्रेम र करुणा राख्नुपर्दछ भन्ने सकारात्मक भावको अभिव्यक्ति दिएर कवितामा सबै सुखी, निरोगी होऊन्, सबैको कल्याण होस् र कसैले पनि दुःख भोग्नु नपरोस् भन्ने पूर्वीय आदर्श मान्यतालाई स्थापित गराइएको छ ।

'वन' कविताका सबै पद्यहरू नैतिक चेतनाले नै भरिएका छन् । यसमा पद, पैसा, यश, प्रतिष्ठा आदिका पछाडि नलागी सत्य, सेवा, स्वतन्त्रता, साहस, स्वदेशप्रेम आदिलाई आत्मसाथ गर्ने सन्देश दिइएको छ । लालसाले गहना झल्माउँदै भोगविलासका निम्ति मनोहर महल देखाएर लोभ्याउँदा कविले भोगविलासलाई अत्यन्त क्षणिक र तुच्छ ठानेका छन् र आजको विलासी महल भोलि धूलो र खरानी हुने कुरा कवितलमा यसरी बताएका छन् -

लालसाले मोहनीको रूप गरी धारण
बोली गहना झल्काई रुन्छौ तिमी कुन कारण ?
विलासको यो महल मनोहर हुन्छु म तिम्री रानी
मैले बोलें हुन्छ सबै त्यो भोलि धुलो र खरानी ॥ (पृ.२०)

यसरी धनभन्दा मनलाई महत्त्व दिई अन्तस्करणको स्वतन्त्रतालाई अनमोल ठान्नु, छलकपट र देखावटीपनमा लागेर चर्चा बटुल्नु भन्दा अनि त्यसैगरेर सत्ता र शक्तिमा पुग्नुभन्दा सोझो सरल जीवन बिताई सत्य र सेवामा रमाउन खोज्नु कवितको आदर्शवादी नैतिक चरित्र हो । यही कुराको अभिव्यक्ति कवितामा पाइन्छ । कवितामा इन्द्रले स्वर्गको

झिलिमिलि देखाउँदा संसारको अँध्यारो हटाउन अझै बाँकी रहेको बताएर कविले संसारका दु:ख, पीडा, अभाव, गरीबी आदि समस्याहरू समाधान गर्ने सुन्दर सपना देखेका छन् । भाइहरूलाई संसारमा अलपत्र छाडेर आफूले मात्र स्वर्गको सुखभोग गर्ने चाहना कविमा छैन । यसैले उनी स्वर्गको लोभमा नलागी भाइहरूको घरबार हेर्नु छ, अँध्यारो संसारमा बत्ती बाल्नु छ भन्दछन् । कविको यो अभिव्यक्ति स्वार्थहीनता र कर्त्तव्यपरायणताको उच्चतम बिन्दु हो । यस्तै सङ्घर्ष मिहनेत गरेपछि सफलता प्राप्त गर्न सकिने, सत्य टेकेर काम गरेपछि सफलताको प्राप्तिमा कुनै शङ्का नरहने विश्वासका साथै विश्व सबै घर हो भन्ने *बसुधैब कुटुम्बकम्*को भावना कवितामा अभिव्यक्त भएको छ । सत्यप्रतिको निष्ठा, अन्तस्करणको पवित्रता, विश्वबन्धुत्वको भावना, दया, करुणा, मैत्री, सेवा आदि कुराहरू पूर्वीय दर्शनका आदर्श हुन् र यिनै कुराहरूको अभिव्यक्ति यस कवितामा पनि पाइन्छ । यसैले कवितामा पूर्वीय दार्शनिक चिन्तनबाट विकसित नैतिक चेतना प्रखर रूपमा आएको छ ।

'प्रश्नोत्तर' कवितामा पनि कविताले सच्चा कमाइ गरेर खानुलाई अमृतपान भनेका छन् । छलकपट, लुटपाट र भ्रष्टाचार गरेर कमाएको खानाले क्षणिक रूपमा शारीरिक क्षुधाको निवृत्ति भए तापनि त्यसबाट आत्मालाई तृप्ति मिल्दैन र दीर्घकालीन शान्ति पाउँन सकिदैँन । यसैले सच्चा बाटोबाट कमाइ गरेर खानुपर्छ । परिश्रमको कमाइ खानु भनेको नै अमृत खानु हो र परिश्रम विना खानु भनेको मृत हुनु हो । मानिसले जीवनमा त्यस्तो कर्म गर्नुपर्दछ जसले आज मात्र नभएर भोलिको जीवन पनि सुखी, शान्त र आनन्दमय होस् । यही नै पूर्वीय दर्शनको कर्मवादी चिन्तन हो भने *परोपकार: पुण्याय* अर्थात् अरुको उपकार गर्नु नै पुण्य हो भन्ने कुरा पुराणहरूको सार हो । कविले आफ्नो स्वार्थलाई भुलेर अरुको उपकार गर्नुलाई वास्तविक सुख मानेका छन् । सच्चा सुख प्राप्तिमा भन्दा त्यागमा छ, लिनुमा छैन, दिनुमा छ । यिनै कुरालाई कविले कवितामा यसरी बताएका छन् -

के हो अहो अमृत त्यो सुरदेवपान

सच्चा कमाइ गरिखानु भनेर जान

खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?

आफू मिटाइ अरुलाई दिनु जहाँ छ ॥ (पृ.   )

'जीवन वन' कवितामा कवि धर्मप्रति अगाध आस्था राख्दछन् । कवितामा मानिसको कल्याणको एक मात्र मार्ग धर्म हो भनिएको छ । धर्मको साथ भयो भने काँढा पनि फूल बन्दछ भन्ने अभिव्यक्ति कवितामा यसरी आएको छ -

काँढा कुल्चे फुल फुलदछन्, आँसु नै मोति हुन्छन्

घाऊ लागे सुख बनदछन्, रोदनै हास्य बन्छन् ।

दारिद्र्यैले ढुकुटि भरने, क्लेश बन्ने विलास

धर्मैको हो पथ पथिक हो ! धर्म हो एक आस ॥ (पृ.२५)

काम व्यवहारमा धर्मको साथ छ भने विपरीत कुराबाट पनि सही सकारात्मक फल मिल्दछ, दुःख हुँदैन भन्नु उपर्युक्त पद्यको मुख्य तात्पर्य हो । पूर्वीय धर्मदर्शनमा *धृति, क्षमा, दम,अस्तेय, शौच,इन्द्रियनिग्रह, धी, विद्या, सत्य र अक्रोध* यति दश कुरालाई धर्म भनी चिनाइएको छ । यसको सरल अर्थ धैर्य गर्नु, क्षमा राख्नु, मनमा जागेका लोभ, मोह, नकारात्मक भावना, कामनाहरूलाई दबाउनु, चोरी नगर्नु, शारीरिक तथा मानसिक दुबै रूपले शुद्ध रहनु, इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा राख्नु, विद्या आर्जन गर्नु, साँचो बोल्नु र क्रोध नगर्नु वा नरिसाउनु नै धर्म हो भन्ने हुन्छ ( घिमिरे, २०६७:६४) । त्यसैले धर्मपूर्वक काम गर्नु भनेको धैर्य, क्षमा, इन्द्रियसंयम, शुद्धता, बुद्धिमत्ता आदिले युक्त भएर काम गर्नु हो । जहाँ यी कुराहरू हुन्छन् त्यहा नै धर्म हुन्छ र जहाँ धर्म हुन्छ त्यहाँ कहिल्यै पनि कवितामा भनिएजस्ता काँढा, घाउ, आँशु, दारिद्र्य आदि हुँदैनन् । यसैले धर्म भएका स्थानमा दुःख, अशान्तिजस्ता सांसारिक क्लेशहरूको सम्भावना नै रहँदैन । यसो हुनाले कवि सुखी र आनन्दमय जीवनका लागि धर्म नै एक मात्र आस हो भन्दछन् । यसरी धर्मप्रतिको विश्वास र आस्थामार्फत् कवितामा आस्तिक चेतना प्रकट भएको छ ।

'गरीब' कवितामा सङ्ग्रह गर्नाले वा लोभ गर्नाले मान्छे सधैँ दुःखी भएको छ भन्दै *सन्तोषं परमं सुखम्*को भाव यसरी व्यक्त गरिएको छ -

छ थोर आवश्यकता पुगेपछि,

म बस्छु संसार नयाँ नयाँ रची । (पृ.३२)

गरीबले आफूलाई सुखी बताउनु, विलासको लालसी नहुनु, जीवनलाई शुद्ध राख्नु, कर्म वा परिश्रम गरेर मात्र खानु, आवश्यकताभन्दा बढी सङ्ग्रह नगर्नु आदि उसका आदर्श व्यवहार हुन् । यस्तो आदर्श जीवन बाँचिरहेको गरीब आफ्नो जीवनप्रति गौरवको अनुभूति गर्दछ र ईश्वरप्रति पनि कृतज्ञताको भावना राख्दछ । सदा सर्वदा ईश्वरको साथ रहने हुँदा आफूलाई कहीकतै पनि डर नभएको उसको विचार छ । यसैले ऊ भन्दछ -

छ साथ मेरो दिनरात ईश्वर
मम यहाँ छैन कतै कुनै डर ।
संसार यस्तो रसिलोविषे अहो
मलाई राख्ने अति धन्य धन्य हो ॥ (पृ.३४)

यसरी गरीब कवितामा पनि ईश्वरप्रति आस्था र कृतज्ञता प्रकट गरिएको छ ।

यसप्रकार प्राणीहरूमा दया राख्नु, सबैलाई समान व्यवहार गर्नु, सबैको कल्याण चाहनु, सत्यता, शद्धता एवम् विश्वबन्धुतालाई आत्मसाथ गर्नु ईश्वर एवम् धर्मप्रति आस्था र विश्वास प्रकट गर्नु आदि सबै कुराहरूबाट भिखारी कवितासङ्ग्रहका कवितामा पूर्वीय दर्शनबाट अनुप्राणित आस्तिक, नैतिक चेतना पर्याप्त मात्रामा पाइन्छ भन्ने कुराको पुष्टि हुन्छ ।

## ३.३ निष्कर्ष

यसप्रकार भिखारी कवितासङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनसम्बद्ध विविध पक्षहरू समावेश भएका छन् । आफ्ना कविताहरूमार्फत् जीवनजगत्लाई सूक्ष्म रूपले नियाल्ने सन्दर्भमा महाकवि देवकोटाले यी कविताहरूमा ब्रह्म, माया, ईश्वर, जीव, प्रकृति र कर्मसम्बन्धी गम्भीर भावको अभिव्यक्ति दिएका छन् । कविताहरूमा ब्रह्म तथा ईश्वरलाई जगत्को स्रष्टा, सर्वशक्तिमान् तथा सर्वगुणसम्पन्न सत्ताका रूपमा स्विकारिएको छ र मायालाई ब्रह्मको शक्ति तथा प्रकृतिलाई पनि चराचर जगत्को मूल मानिएको छ । त्यसैगरी असल कर्मको सम्पादनद्वारा जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने कर्मवादी चिन्तन पनि यस सङ्ग्रहका कविताहरूमा व्यक्त भएको छ । यसका साथै सत्य, सेवा, संयम आदिको पालना तथा लोभ, मोह आदिको त्यागजस्ता नैतिक चेतनासम्बद्ध भावाभिव्यक्तिसमेतले कविताहरू सारगर्भित एवं उत्कृष्ट बन्न पुगेका छन् ।

# अध्याय पाँच

# भिखारी कवितासङ्ग्रहका कविताहरुको अभिव्यक्तिशिल्प

## ५.१ परिचय

दर्शन र साहित्य दुबैमा जीवनजगत्को प्रस्तुति पाइने भए तापनि दर्शन मान्छेको बुद्धि पक्षसँग र साहित्य मान्छेको हृदय पक्षसँग सम्बन्धित हुने भएकाले यी वाङ्मयका छुट्टाछुट्टै विधा हुन् तर भावनात्मक अभिव्यक्तिका रूपमा जीवनजगत्लाई व्यक्त गर्ने क्रममा साहित्यमा दर्शनले प्रवेश पाएको हुन्छ र दार्शनिकता काव्यसाहित्यमा बौद्धिक आस्वादको विषय बन्दछ । दर्शन आफैमा जटिल विधा भएकाले यसका सिद्धान्तलाई सहित्यमा हुबहु प्रयोृग गर्न सकिदैन र प्रयोग भएपनि त्यस्तो साहित्यले मनोवाञ्छित रसास्वादन गराउन सक्दैन । त्यसैले भाव, विचार, दर्शन, चिन्तनको सरस अभिव्यक्तिका निम्ति काव्य साहित्यमा खास किसिमको शैली अपनाइएको हुन्छ । महाकवि देवकोटाले पनि कविताहरूमा दार्शनिक अभिव्यक्तिका लागि लालित्यपूर्ण भाषाशैली तथा विविध सौन्दर्याधायक तत्त्वहरूको प्रयोग गरेका छन् । शोधपत्रको प्रस्तुत अध्यायमा भिखारी सङ्ग्रहका कवितामा के कस्तो शिल्पशैली अबलम्बन गरी पूर्वीय दर्शनको अभिव्यक्ति दिइएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

## ५.२ भिखारी सङ्ग्रहका कवितामा पूर्वीय दर्शनको अभिव्यक्ति

### ५.२.१ संरचनागत अभिव्यक्ति

कविले जीवनजगत्सम्बन्धी आफ्ना धारणाहरू प्रस्तुत गर्दा उसका अभिव्यक्तिले खास किसिमको साहित्यिक बनोट वा संरचना प्राप्त गरेका हुन्छन् । **भिखारी** सङ्ग्रहमा फुटकर कविताको संरचनाका बाइस कविताहरू सङ्गृहीत छन् । सोह्र मात्रा र बाह्र मात्राको चरणयोजना रहेको 'भिखारी' कविताले नौ श्लोकको संरचनाबाट भिखारीसँग सम्बन्धित विविध भावना व्यक्त गरेको छ । परस्पर सम्बद्ध बनेर रहेका ती श्लोकहरूका माध्यमबाट कविले संसारमा भिखारीले भोग्नु परेको पीडा, दुःख र कारुणिक याचनालाई प्रस्तुत गरेका छन्, मान्छेले मान्छेलाई हेलाँ गर्न नहुने बताएका छन् र प्रत्येक प्राणी ईश्वरकै रूप हुने हुनाले मान्छेको हेलाँ ईश्वरकै अपहेलना हो भन्ने बताएका छन् । यसबाट 'भिखारी'

कवितामा नौ श्लोकको कवितात्मक संरचनाबाट सांसारिक दुःखमयताका साथसाथै जीव ईश्वर नै हो भन्ने अद्वैत वेदान्तवादी दर्शन व्यक्त भएको छ ।

**भिखारी** सङ्ग्रहको दोस्रो क्रमको 'बादल' कवितामा शार्दूलविक्रीडित छन्दका तीन श्लोक रहेको छन् । तिनै तीन श्लोकको समष्टिबाट यस कविताले संरचनात्मक रूप प्राप्त गरेको छ । कविताको पहिलो श्लोकमा बादलको उत्पत्तिको प्रसङ्ग, दोस्रो श्लोकमा आकाशमा बादलको फैलावट र तेस्रो श्लोकमा डाँडा, मैदान, वन, उद्यान, महल, झुपडी आदिमा वर्षिंदै नदी झरना आदिमा नागबेली हुँदै समुद्रसम्म बादलको यात्रा रहेको सङ्केत गरिएको छ । यसरी बादलको जीवनलाई विषयवस्तुका रूपमा तीन श्लोकमा समेटेर यस कविताले प्राणीको संसारमा आवागमन प्रक्रियालाई प्रस्तुत गरेको छ भने बीस-बीस पङ्क्तिका जम्मा तीन अनुच्छेदबाट 'तिनको हँसिया गीत' कविताले कविताको संरचनात्मक आकृति प्राप्त गरेको छ । स्थानीय प्रकृतिको मनोरम चित्रण गरिएको यस कविताले प्रकृतिलाई सूक्ष्म, व्यापक र शक्तिशाली तत्त्वका रूपमा दर्शाएको छ ।

विषममात्रिक छन्दको असमान पङ्क्तियोजना रहेका जम्मा आठ श्लोकको संरचनाबाट 'माली' कविताको स्वरूप निर्माण भएको छ र माली, पथिक, फूलजस्ता बिम्बका माध्यमबाट यस कविताले ईश्वर, जीव र मनुष्यजीवनका यथार्थलाई प्रस्तुत गरेको छ भने विषममात्रिक छन्दमै रचिएको 'सन्ध्या' कवितामा सम-विषम रूपले रहेका उन्पचास पङ्क्ति छन् । श्लोकगत संरचनाका दृष्टिले यस कवितालाई सात श्लोकको संरचनामा हेर्न सकिन्छ । यस कविताले प्रकृतिलाई आमाका रूपमा लिई त्यसैबाट सारा संसार चलेको बताएको छ । यस्तै विभिन्न मात्राका सम-विषम हरफमा आबद्ध 'सम्झना' कविता सात श्लोकको संरचनामा संरचित छ । यसले जीवनका विविध याद, विषाद, अँध्यारा, उज्याला पक्षमाथि प्रकाश पारेको छ  भने 'यात्री' कविता मात्रिक छन्दका सम-विषम हरफहरूमा आबद्ध छ । दोस्रो र छैटौं श्लोकमा आठआठ पङ्क्ति र अरु सबैमा छ-छ पङ्क्ति सङ्ख्या रहेको यस कवितामा जम्मा गरी सात पङ्क्तिगुच्छा रहेको छन् र तीभित्र जम्मा छ्यालीस हरफ रहेका छन् । प्रथम र तेस्रो पाउमा अन्त्यानुप्रासको योजना गरिएको यस कवितामा यिनै सात श्लोकको समष्टिबाट कविताको संरचनात्मक रूप प्राप्त भएको छ । यी सात श्लोकको विषयवस्तुको केन्द्र पूर्वीय दर्शनको अद्वैतवाद हो । यस कवितामा देह नै देवालय हो र जीव नै शिव हो भन्ने दार्शनिक भाव व्यक्त भएको छ ।

'वन' कविता दुई दुई हरफका सत्र पङ्क्तिगुच्छा वा श्लोकको संरचनाबाट बनेको छ। यस कवितामा प्रश्नोत्तर शैलीलाई अपनाएर मानवतावादी विचार व्यक्त गर्दा लोभ, लालसा आदिबाट माथि उठेर जीवन बाँच्नुपर्ने, सेवा र उद्योग गर्नुपर्नेजस्ता नैतिक आदर्शवादी चिन्तन पनि प्रस्तुत भएका छन् भने सत्य, सेवा, परोपकार, शान्ति, आत्मशुद्धि, जीवनरहस्य, तत्त्वज्ञान, कर्तव्य, बाधा-अड्चन, कर्म, उपदेशजस्ता विविध विषयवस्तुलाई एक-आपसमा सङ्गठित गरी प्रस्तुत गरिएको 'प्रश्नोत्तर' कवितामा समान पाउयुक्त चार श्लोकको संरचनाबाट पूर्वीय दर्शनसम्बद्ध अभिव्यक्ति दिइएको छ । यसैगरी पृथ्वी छन्दका पाँच श्लोकको संरचना रहेको आफ्नो घर कवितामा अँध्यारो निशि हटाएर किरण छाऊ भन्ने कामना गरी अज्ञानको निवृत्ति र ज्ञानप्राप्तिको अभिलाषा प्रकट गरिएको छ ।

'जीवन वन' कविता समपाउमा आबद्ध चार श्लोकको संरचनात्मक स्वरूपमा रचिएको छ । यस कवितामा सांसारिक सुखलिप्साबाट मुक्त भएर आदर्शपूर्ण कर्तव्यतिर लाग्नुपर्छ भन्ने आध्यात्मिक दर्शनलाई तिनै चार श्लोकमा समेटेर प्रस्तुत गरिएको छ । 'बालककाल' कवितामा चाहिँ बालकहरूको निर्दोष भावलाई उच्च महत्त्व दिदै कविले बालकमा ब्रह्मभाव देखेका छन् र त्यस्तो अवस्था पाइयोस् भन्ने आफ्नो चाहना रहेको कुरालाई समान पाउमा आबद्ध नौ श्लोकको कवितात्मक संरचनाबाट व्यक्त गरेका छन् भने शार्दूलविक्रीडित छन्दका सम पाउमै आबद्ध भई दश श्लोकको संरचनाबाट बनेको 'वृक्ष' कविताले रूखको जीवनबाट सम्पूर्ण मानवजीवनकै चित्र प्रस्तुत गरेको छ । यसैगरी मानवजीवनका त्याग, सन्तोष, तृप्ति, निर्मलता, कर्मशीलता, असङ्ग्रह, आत्मसुख, ईश्वरीय अनुग्रह, कृतज्ञताजस्ता विविध विषयवस्तुलाई परस्पर सम्बद्ध गरी 'गरीब' कवितामा सोह्र श्लोकको संरचनाबाट पूर्वीय दर्शनको अभिव्यक्ति दिइएको छ ।

यस संग्रहको अर्को कविता 'किसान'मा नित्यतृप्त, शद्ध, बुद्ध भावले आनन्दमय जीवन बिताइरहेको किसानलाई मुख्य विषय बनाई कर्मवाद र प्रकृतिसम्बन्धी चिन्तन पन्ध्र श्लोकको कवितात्मक संरचनाबाट प्रस्तुत गरिएको छ भने दश श्लोकको संरचना भएको 'चारु' कवितामा पनि चारुका माध्यमबाट जीवनको संयोग, वियोग, प्रेम, हर्ष, विषाद आदि विषयको अन्वय गरी जीवनदर्शन प्रस्तुत गरिएको छ । त्यस्तै प्राकृतिक जीवनको आनन्दमयतालाई 'वसन्त' कवितामा छ वटा श्लोकको संरचनामा व्यक्त गरिएको छ भने 'जीवन' कवितामा जन्म, बाल्यकाल, यौवनकाल, बुढेसकाल, जीवनका अनेकौं जिम्मेवारी, सांसारिक दुःख, शोक, विषादजस्ता कुराहरूलाई नै परस्पर सम्बद्ध गरी आठ वटा श्लोकको

संरचनामा प्रस्तुत गरिएको छ । 'अन्त्यमा' कवितामा तीन वटा श्लोकको संरचनाबाट सुखद अन्त्यको कामना गरिएको छ भने 'जिन्दगीको मौसम' कवितामा जीवनमा कर्म गरेर जन्मलाई सार्थक तुल्याउनुपर्छ र आज गरेको सत्कर्मको सम्पादनले भोलिसमेत सुखमय बन्दछ भन्ने कर्मवादी चिन्तनलाई मात्रिक छन्दमा पाँच वटा श्लोकको कवितात्मक संरचनाबाट प्रस्तुत गरिएको छ । यसैगरी जीवन झरनाको प्रवाहजस्तै बितिरहेको छ, यसको सदुपयोग गर्नुपर्छ, जीवनको रहस्य र सार्थकता बुझ्न नसके दुःखपूर्ण अवस्थामा पुगिन्छ भन्ने यथार्थलाई 'झरना' कवितामा मात्रिक छन्दका पाँच वटा श्लोकको संरचनाबाट व्यक्त गरिएको छ भने सङ्ग्रहको अन्तिम क्रमको कविता 'घाँसी'मा युवक र घाँसीको संवादका माध्यमबाट जीवन र संसारको क्षणिकता, ईश्वरीय सत्यताजस्ता कुरालाई बीस श्लोकको कवितात्मक संरचनाबाट प्रस्तुत गरिएको छ ।

## ५.२.२ आलङ्कारिक अभिव्यक्ति

काव्यमा अलङ्कारले चामत्कारिकता ल्याउँदछ । त्यस्तो चामत्कारिकता शब्दमा, अर्थमा तथा शब्द र अर्थ दुवैमा पनि देखिन सक्छ । कविता सामान्य भनाइ नभएर एक चमत्कारपूर्ण विशिष्ट अभिव्यक्ति हो र अलङ्कारले सामान्य भनाइलाई विशिष्ट तुल्याउन सहयोग पुराउँछ । सतही अध्ययनमा **भिखारी** सङ्ग्रहका कविताहरू सामान्य लागे तापनि भावको गहिराइमा प्रत्येकले पूर्वीय दर्शनका कुनै न कुनै पक्षलाई अभिव्यक्त गरेकै छन् । विशिष्ट र चमत्कारपूर्ण बनाएर जीवनजगत्सम्बद्ध विचार प्रस्तुत गर्ने क्रममा ती कविताहरू आलङ्कारिक बनेका देखिन्छन् । कवितामा दार्शनिकता भनेको अर्थ पक्षसँग सम्बन्धित कुरा हो । त्यसैले यस सङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनको अभिव्यक्तिका लागि विभिन्न अर्थालङ्कारहरूको प्रयोग गरिएको छ । कवितामा प्रयुक्त त्यस्ता केही अलङ्कारहरूलाई उदाहरणका लागि तल प्रस्तुत गरिएको छ -

क) रूपक अलङ्कार

किन मुरझायो ? किन वैलायो ?
किन मधुरो यो जीवनदीप ? (पृ.३)

प्रस्तुत श्लोकमा जीवन र दीपलाई उपमेय र उपमानका रूपमा लिई यी दुईका बीच अभेद आरोप गरिएको छ । दीप भनेको प्रकाश तथा पूर्ण चेतनाको प्रतीक हो ।

भिखारीको जीवन पनि दीव्य, प्रकाशमय हुनुपर्नेमा मधुरो भएकामा कविले आश्चर्य प्रकट गरेका छन् । जबसम्म दियोमा तेल रहन्छ तबसम्म बत्ती बलिरहनुपर्छ । जबसम्म प्रारब्धकर्म रहिरहन्छ तबजम्म जीवन पनि भोगिरहनुपर्छ । तेलमा मैला भए बत्ती मधुरो बल्छ र कर्म मलीन भए जीवन पनि मलीन वा दुःखपूर्ण हुन्छ । त्यसैले जीवन र दीपमा बीच प्रशस्त साम्य देखिन्छ । यसकारण दीप प्रकाशमय हुनु स्वाभाविक प्रक्रिया भएजस्तै जीवन आनन्दमय, सुखमय हुनु पनि स्वाभाविक नै हो । संसारमा प्रत्येक दीप प्रकाशमय भएजस्तै प्रत्येक प्राणीको जीवन आदन्दमय हुनुपर्छ भन्ने कुराको अभिव्यक्ति दिन उपमान दीपमाथि उपमेयका रूपमा रहेको भिखारीको जीवनको अभेद आरोप गरी श्लोकमा रूपक अलङ्कारको प्रयोग गरिएको छ ।

ख) उपमा अलङ्कार

एक धुलाको कणझैँ पस्तछु

असीमताको सुन्दर द्वार (पृ.९)

प्रस्तुत श्लोकमा धुलाको कण उपमान हो भने लुप्त अवस्थामा रहेको म उपमेय हो । कविले आफूलाई धुलाको कणजस्तै गरी असीमतामा हराएको अनुभव गरेका छन् । धुलाको कण कवितामा सूक्ष्मताको प्रतीक हो र दर्शनमा महान्भन्दा महान् र सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वका रूपमा आत्मतत्वको प्रतिपादन गरिएको छ । चेतनाको जागृति र सुखानुभूतिका क्षणमा मान्छेले पनि आफूलाई त्यही सूक्ष्म तत्त्वका रूपमा अनुभव गरेको हुन्छ त्यसैले कविले आफू त्यही सूक्ष्म रूपमा पुगेको अवस्थाको अभिव्यक्तिका लागि कणको बिम्बविधान गर्दा उपमा अलङ्कार अपनाइएको छ ।

ग) उत्प्रेक्षा

कालो बादलबाट खसेको

अन्धकारमा भित्र बसेको

ईश्वर हो कि भिखारी ?

बोल्दछ ईश्वर हृदय घुसेको (पृ ३)

प्रस्तुत श्लोकमा ईश्वर उपमान र भिखारी उपमेय हो । यहाँ भिखारी ईश्वर पो हो कि ? भनेर मानव भिखारीमा ईश्वरको सम्भावना देखाइएको छ । बादल वा अन्धकार छाएकाले ईश्वरीय दीव्यत्व नदेखिए पनि भिखारी ईश्वर नै हो । जब हामी अज्ञानतारूपी बादल वा अन्धकार हटाएर हेर्छौं तब ईश्वर र भिखारी समान नै हुन् भन्ने अभिव्यक्ति श्लोकमा पाइन्छ । यसरी उपमान र उपमेयमा साम्यपूर्ण सम्भावना देखाई वस्तूपेक्षाद्वारा यस श्लोकमा जीवेश्वरवादी भावना व्यक्त गरिएको छ ।

घ) समासोक्ति

नाच्छिन् यो पृथिवी, शशी र रविको फेरि उही तालमा

फुल्नू सुन्दर भै दुवै दिन पनी हो सार संसारमा ॥ (पृ.३०)

यस श्लोकमा पृथिवी सूर्य, चन्द्रको तालमा नाच्छिन् भन्ने प्रस्तुतबाट जन्म, मृत्यु, पुनर्जन्मलगायत समस्त सृष्टिचक्रका रूपमा अप्रस्तुतको झल्को दिइएको छ । श्लोकमा समासोक्ति अलङ्कारका माध्यमबाट ।मोक्ष नभएमा संसारमा आवागमनको शृङ्खला चलिरहन्छ । आफ्नो जीवनमा सत्कार्य गरेर बाँच्नु सुन्दर भएर फुल्नु हो र यही नै संसारमा जीवनको सार हो भन्ने अभिव्यक्ति दिइएको छ ।

ङ) स्वभावोक्ति

यस्का पात विचार झैँ बहुल छन्, वैलाउँछन्, आउँछन्

झर्छन्, फेरि पलाउँछन् तर लिई सादृश्य आकारमा । (पृ.२९)

प्रस्तुत श्लोकमा पात पलाउने, वैलाउने र झर्नेजस्ता वृक्षमा देखिने स्वाभाविकताको वर्णन गरिएकाले स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ । वृक्षको यस किसिमको वर्णनबाट संसारको अनित्यता एवम् परिवर्तनशीलतालाई प्रस्तुत गरिएको छ ।

यसरी माथि चर्चा गरिएका अलङ्कारहरूबाहेक यस सङ्ग्रहका कविताहरूमा अन्य अतिशयोक्ति, संसृष्टि आदि शास्त्रीय अलङ्कारहरूको प्रयोगसँगै धर्म, दर्शन र प्रकृतिसँग सम्बन्धित अनेक बिम्बहरूको प्रयोग र व्यक्तिविधानद्वारा पनि जीवब्रह्ममा एकताको प्रतिपादन, कर्मलाई महत्त्वप्रदान र प्रकृतिको महिमागान गरिएको पाइन्छ । साथै त्यस्ता अलङ्कारहरूका माध्यमबाट ती कविताहरूमा जीवन र सुख, दुःख आदि जीवनभोगाइमाथि

समेत प्रकाश पारिएको छ र अलङ्कारहरूको प्रयोग पूर्वीय दर्शनको स्वाभाविक अभिव्यक्तिका लागि अत्यन्तै सहायकसमेत सिद्ध भएको छ ।

## ५.२.३ भावात्मक अभिव्यक्ति

हरेक मानिसका हृदयमा संस्कार वा वासनाका रूपमा विभिन्न किसिमका भावहरू रहेका हुन्छन् । त्यस्ता भावहरू केही स्थायी प्रकृतिका हुन्छन् त केही क्षणिक प्रकृतिका हुन्छन् । साहित्यशास्त्रमा रति, हास, क्रोध, शोक, भय, विस्मय, घृणा, उत्साह र शमलाई स्थायी र निर्वेद, आवेग, दैन्य, हर्ष, स्मृति, लज्जा, मोह आदिलाई सञ्चारी भावका रूपमा लिइएको पाइन्छ । साहित्यमा यिनै भावहरूको अभिव्यक्ति हुन्छ  र भाव नै रसानुभूतिका रूपमा अभिव्यक्त हुने हुनाले काव्य, साहित्य रसात्मक, भावात्मक विधा मानिन्छ । **भिखारी** संग्रहका कविताहरूमा पनि विभिन्न भावहरूको अभिव्यक्ति छ । स-साना फुटकर कविताहरू भएकाले कुनै खास किसिमको भावको पुष्टि वा परिपाकका रूपमा रसको अभिव्यक्ति ती कविताहरूमा सम्भव नभए पनि पाठकका मनमा रहेका हर्ष, शोक, निर्वेदादि भावहरूलाई जगाउने र काव्यको रसास्वादन गराउने सामर्थ्य यस सङ्ग्रहका प्रत्येक कविताले राखेका छन् । यसभन्दा पनि बढी पूर्वीय दर्शनका विविध पक्षहरूलाई भावनात्मक र रसात्मक रूपले व्यक्त गरी मर्मस्पर्शी तुल्याएर पाठकमा अमीट छाप छाड्न सम्नु ती कविताहरूको अर्को सशक्त पक्ष हो ।

प्रस्तुत सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा धेरैजसो कवितामा प्रकृतिचिन्त, अध्यात्म र रहस्यवादको प्रयोग भएको हुँदा मुख्य रूपले हर्ष, स्मृति, धृति, विबोध, निर्वेदजस्ता सञ्चारी भावका साथै शान्त, करुण र शृङ्गार रससम्बन्धित शम, शोक र रत्युन्मुख भावहरूको प्रयोग देखिन्छ । 'भिखारी' कवितामा भिखारीको थरथर काँपिरहेको, अस्थिर, काँतर, झुत्रे अवस्थाको वर्णन उसको आर्तनाद, विलौना एवम् अन्तर्दिलको रोदनको प्रस्तुतिले पाठकमा कारुणिक भाव जगाएको छ र कविताको अन्त्यतिर भिखारी पनि ईश्वर नै हो, हरेक प्राणी ईश्वरकै स्वरूप हो भन्ने आध्यात्मिक विचार आउँदा शमभावको विकास भएको छ । यसरी कवितामा प्रयोग भएको भावहरूले कारुणिक स्थितिबाट वैराग्य जगाई संसारको मिथ्यात्व र जीव-ईश्वरको एकत्वको प्रतिपादन गर्न सहयोग पुऱ्याएको देखिन्छ । यसैगरी 'सम्झना', 'चारु' र 'जीवन' कवितामा पनि जीवनका दुःख, विषाद, वियोग, विभिन्न सांसारिक झमेला, परिवर्तनशीलताजस्ता विषयवस्तुको अभिव्यक्तिमा ग्लानि, दैन्य, चिन्ता,

भ्रम, व्याधि, आलस्यजस्ता भावहरू व्यक्त भएका छन् भने अन्य कविताहरूमा प्रकृतिचित्रण, प्रकृतिको महत्ता र रमणीयताको प्रतिपादन गर्दा, जीवनमा कर्मको महत्त्व दर्शाउँदा, जीवनलाई नैतिकता, आदर्शता र आध्यात्मिक उन्नतितिर लाग्न प्रेरित गर्दा, शान्ति, सेवा र सद्भाव विकासको कामना गर्दा अनि सृष्टि र समयचक्रको प्रस्तुतिले संसारको अनित्यता र ईश्वरको सत्यता सिद्धि गर्ने क्रममा चाहिँ औत्सुक्य, विबोध, मति, निर्वेदजस्ता सञ्चारी भाव तथा शान्तोन्मुख शमभावको विकास भएको देखिन्छ । यिनै विविध भावहरूको सहज विधानद्वारा नै कविले आफ्नो दार्शनिकतालाई भावात्मक बनाई कवितामा प्रस्तुत गर्न सफल भएका छन् ।

## ५.२.४ लयात्मक अभिव्यक्ति

ध्वनिको उच्चारण गर्दा उत्पन्न हुने साङ्गीतिक आरोहावरोहलाई लय भनिन्छ । लयविना कविताको सिर्जना हुन सक्दैन । छन्दोबद्ध कवितामा नियोजित तथा मुक्तछन्दका कवितामा अनियोजित या स्वतःस्फूर्त रूपमा संयोजन गरिएको अनुप्रासयोजनाबाट लयात्मकताको उत्पादन गरिएको हुन्छ । **भिखारी** सङ्ग्रहका कविताहरू छन्दोबद्ध नै छन् । यसमा वार्णिक र मात्रिक गरी दुई किसिमका छन्दको प्रयोग गरी कविताहरूलाई लयात्मक बनाइएको छ । सङ्ग्रहमा वार्णिक छन्दअन्तर्गत शार्दूलविक्रीडित, पृथ्वी, स्रग्धरा, मन्दाक्रान्ता, वसन्ततिलका र उपजाति (वंशस्थ+इन्द्रवंशा) जस्ता शास्त्रीय छन्दको प्रयोग गरिएको छ भने मात्रिक छन्दअन्तर्गत सममात्रिक र विषममात्रिक दुबैको प्रयोग देखिन्छ । जीवनको अन्त्यकाल सुखमय होस् भन्ने भाव रहेको 'अन्त्यमा' कवितामा प्रत्येक चरणमा तीस-तीस मात्राको विनियोजन गरी सममात्रिक छन्दद्वारा लयको उत्पादन गरिएको छ भने 'भिखारी', 'तिनको घँसिया गीत', 'माली', 'सन्ध्या', 'सम्झना', 'यात्री', 'वन', 'जीवन', 'जिन्दगीको मौसम', 'झरना' र 'घाँसी' कवितामा फरक फरक मात्राका चरणहरूको कवितात्मक संरचना तयार गरी लय उत्पादन गरिएकाले तिनमा विषममात्रिक छन्दको प्रयोग छ । यस सङ्ग्रहका 'बादल', 'बालककाल' र 'वृक्ष' कविता शार्दूलविक्रीडित छन्दमा, 'आफ्नो घर' कविता पृथ्वी छन्दमा, 'जीवन वन' कवितामा तीन श्लोक स्रग्धरा र बाँकी एक श्लोक मन्दाक्रान्ता छन्दमा, 'प्रश्नोत्तर', 'किसान', 'चारु' र 'वसन्त' कविता वसन्ततिलका छन्दमा र 'गरीब' कविता वंशस्थ र इन्द्रवंशाको मिश्रण भएको उपजाति छन्दमा रचिएका देखिन्छन् । वार्णिक तथा मात्रिक छन्दहरूको प्रयोगले यस सङ्ग्रहका कविताहरू पठन-श्रवणका लागि रुचिकर एवं श्रुतिमधुर बनेका छन् र सामान्य साक्षरले पनि आफ्नै भाकामा गुनगुनाउन

सक्ने गरी लयबद्ध गरिएका यी कविताहरुकै समप्रवाहमा भाव, विचार, दर्शन, चिन्तन पनि प्रभावित भइरहेको छ । यसरी मात्रिक तथा वार्णिक छन्दको स्वतःस्फूर्त प्रयोग गरी यस सङ्ग्रहका कविताहरूमा गेयात्मक, लयात्मक रूपमा दर्शन, चिन्तनको स्वाभाविक अभिव्यक्ति दिइएको पाइन्छ ।

## ५.२.५ भाषाशैलीगत अभिव्यक्ति

**भिखारी** सङ्ग्रहका कवितामा सहज, प्राकृतिक किसिमको भाषाशैली अपनाएर जीवनजगत्सम्बन्धी भाव, चिन्तन, दर्शनको अभिव्यक्ति दिइएको छ । तत्सम, तद्भव र आगन्तुक गरी तिनै शब्दस्रोतको प्रयोग भएको यस सङ्ग्रहमा तद्भव शब्दको प्रयोग प्रचुर मात्रामा गरिएको पाइन्छ । तत्सम तद्भव र आगन्तुक शब्दहरूलाई भावानुकूल प्रयोग गरिएको भिखारी कवितासङ्ग्रह भाषाशैलीका दृष्टिकोणबाट हेर्दा उच्च कृतिका रूपमा ठहरिन आउँछ । तद्भवबाहेक संस्कृत वीथी, कलरव, मलय, मञ्जुल, तुहिन, सङ्गाती, स्याहीजस्ता शब्दहरू, आगन्तुकका मुसाफिर, जुदा, हसिना, तरानाजस्ता कठिन शब्दहरू आंशिक रूपमा मात्र प्रयोग गरिएको छ तर बढी मात्रामा जनजिब्रोमा झुण्डिएका शब्दहरूको अधिकता पाइन्छ । भावको गाँठो फुकाउन जति गाह्रो छ त्यही नै अनुपातमा कठिन शब्दहरूको प्रयोग भएको छैन अर्थात् सरल र सुबोध भाषामा पनि भावगत गहिराइ लुकेको पाइन्छ । अडिअडि, दिनदिन, धरहरा, युगयुग, टल्पल्, चिरबिर, छमछम, छलछल, झिलमिल, चलमल, सिरिसिरि, झिलिमिली, हराभरा, भराभर, चरचर, चमबम, धरमरजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कविताहरू गीतिमय बनेका छन् ।

**भिखारी** सङ्ग्रहका कविताहरू सरल, सुबोध तथा प्रवाहमय अलङ्कृत भाषाशैलीले परिपूर्ण छन् । नजर उठाउनु, दुःखको मौन प्रकाश, गोल खसाउनु, झोली बढाउनु, मुखमा खोंच पर्नु, सिरही चल्नु, नजर लगाउनु, धुलो र खरानी हुनु, स्वर्गको शिर छुनु, उडेर चन्द्र छुनु, आँखा खोल्नु, पसिना काढ्नु, नयाँ नयाँ संसार रच्नु, दङ्ग पर्नु, शान्ति भर्नु, फुरक्क पर्नु, घण्टा मन्द बजाउनु, धार लगाउनुजस्ता थुप्रै टुक्काहरूका प्रयोगले कतिपय कविताहरू सूत्रात्मक र दृष्टान्तमूलक बनेका छन् । आयो-उठायो, वैभव-भवले, पुकार-हाहाकार, फूल-मूल, दरबार-संसार, भर-सुन्दर, देखाउन-व्युँझाउन, पसेर-बसेर, विरोध-सोध, शिकारी-भारी, लिएर-भएर, घुम्दछौँ-रम्दछौँ, धाउनु-गाउनु, आउनु-पाउनु, डुल-भुल, भराभर-प्रभाकर, सुन्दर-मनोहर, झल्किइकन-ढल्किइकनजस्ता अन्त्यानुप्रासको कलात्मक प्रयोग अनि फेरी-

फेरि, आनन्दमा-अनन्तमा, हेर्छन्-बस्छन्, घुम्थिन्-टिप्थिन्, मुखमा-मनमा, मिल्दछ-जल्दछ, छमछम-चमचमजस्ता मध्यानुप्रसको प्रयोगले कविताहरू सलल्ल बगेका छन् । जसमा साङ्गीतिकता पनि प्रसस्त रूपमा प्रवाहित छ र गेयात्मक बनेका ती कविताहरू भाका हालेर गाउनमा पनि कुनै कठिनाइ देखिँदैन ।

यस सङ्ग्रहमा सिंहासन, जगदीश्वर, दिनोदय, इन्द्राणिमा, शिष्टाचार, वैचित्र्य, दृश्यादि, लोभादिजस्ता समासयुक्त शब्दहरू अल्पमात्रामा प्रयोग भएका छन् । यी शब्दहरूबाहेक अरु सम्पूर्ण शब्दहरू समासमुक्त भएकाले उच्चरणमा कुनै पनि कठिनाइ भएको पाइँदैन । फलस्वरूप कविताहरूको भाषाशैली सरल र सहज बन्न पुगेको छ । घाँसी र वन कवितामा अन्तर्नाटकीकरणविधि पनि अपनाइएको छ । नाटकीय संवादको तार्किक शैलीले कवितामा भाव र विचारको पनि उत्तिकै मात्रामा समन्वय देखिन्छ । यसैगरी भाषालाई गेयात्मक बनाउन मात्रिक तथा वार्णिक छन्दको प्रयोग गरिएकाले पनि कविताहरूको भाषाशैली विशिष्ट बन्न पुगेको छ भने विलास-लालस, सार-अपार, श्वास-सुवास, लोचन-विलोचनजस्ता लालित्यपूर्ण शब्दहरूको प्रयोगका साथै दृष्टान्त, रूपक, उपमा, स्वभावोक्तिजस्ता अलङ्कारहरूको प्रयोगले यसको भाषाशैली ओजस्वी बनेको छ । यसरी यस सङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनजस्तो बौद्धिक, तार्किक विषयलाई पनि सर्वसाधारण जनताको जिब्रोमा झुण्डिने गरी स्वादु बनाएर प्रस्तुत गर्न र साहित्यिक आह्लादका साथै बौद्धिक ज्ञानसमेत प्रदान गर्न कविताको भाषा सक्षम देखिएको छ ।

## ५.२.६ उक्तिढाँचागत अभिव्यक्ति

कविताकाव्यमा भावविचारको अभिव्यक्ति कसले गरेको छ भन्ने कुरा त्यसको उक्तिढाँचाबाट थाहा हुन्छ । कवितामा कवि-उक्ति वा कविनिबद्धपात्रोक्तिका रूपमा विषयवस्तुको प्रस्तुति गरिएको हुन्छ । भिखारी कवितासङ्ग्रहमा रहेका सम्पूर्ण कविताहरू कविउक्तिका रूपमा रचिएको छन् र त्यसअन्तर्गत तिनको घँसिया गीत कविता चाहिँ ग्रामबाला युवतीको रूपसौन्दर्य र तिनका कार्यकलापको वर्णन केही श्लोकमा गरिएको हुँदा तृतीय पुरुषोक्तिको आंशिक उपयोग पनि गरिएको देखिन्छ । यस सङ्ग्रहका कविताहरूमा अङ्गालिएको कविउक्तिअन्तर्गत वर्णन, स्मरण, सम्बोधन, प्रश्नोत्तर, विस्मय आदिसँग सम्बद्ध उक्तिका विविध ढाँचाहरूको विचित्रतापूर्ण प्रयोग भएको पाइन्छ । त्यो उक्तिढाँचा यसका रचयिता कविका स्वच्छन्दतावादी विचित्र कल्पना, आत्मपरक भावाकूलता, भावसहजता,

अलङ्कृत भाषिक माधुर्यद्वारा ओतप्रोत देखिन्छ । समग्रमा भन्नु पर्दा स्वच्छन्दतावादी आत्मपरक भावाकूलताले ओतप्रोत कविकथनका रूपमा रचिनु नै यस सङ्ग्रहका कविताहरूको उक्तिढाँचागत पहिचान हो ।

## ५.३ निष्कर्ष

यसप्रकार भिखारी सङ्ग्रहका कवितामा सहज, स्वाभाविक, साहित्यिक ढङ्गबाट दर्शनको भावात्मक अभिव्यक्ति दिइएको छ । कविताहरूमा ब्रह्म, माया, ईश्वर, प्रकृति, जीवन, संसार, सुख, दुःखलगायत जीवनजगत्का विविध कुराहरूलाई पूर्वीय दर्शनका दृष्टिबाट नियाली फुटकर कवितात्मक संरचनामा आलङ्कारिक, लयात्मक, भावात्मक तथा चमत्कारपूर्ण उक्तिगत शिल्पद्वारा सिङ्गारेर प्रस्तुत गरिएको छ । छन्द, अलङ्कार, भावविधान, अनुप्रासयोजना, तद्भवबहुल सरल शब्दहरूको प्रयोग र लघुआयामिक कवितात्मक संरचना नै यस सङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनको साहित्यिक अभिव्यक्ति प्रमुख युक्ति हुन् ।

# अध्याय छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

भिखारी सङ्ग्रहका कवितामा पूर्वीय दर्शन शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह चौँथो सत्रको नेपाली विषय ४८३ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो । भिखारी कवितासङ्ग्रह महाकवि लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राका प्रारम्भकालीन २२ कविताहरूको सँगालो हो । यस सङ्ग्रहका कवितामा देवकोटाका स्वच्छन्दतावादी, मानवतावादी भाव, विचारका साथसाथै पूर्वीय दार्शनिक विचारहरू पनि प्रशस्त मात्रामा अभिव्यक्त भएका छन् । नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुराएर महाकविको स्थान प्राप्त गर्न सफल देवकोटा अङ्ग्रेजी विषयको औपचारिक शिक्षा लिएको भए तापनि परम्परागत संस्कारका कारण पूर्वीय आर्षसंस्कृति, सभ्यता र जीवनदर्शनप्रति अगाध आस्था राख्दछन् । औपचारिक शिक्षाका माध्यमबाट पाश्चात्त्य दर्शनमा र परम्परा तथा पारिवारिक वातावरणका माध्यमबाट पूर्वीय दर्शनमा गरी देवकोटाले दुबैतर्फ उच्च दक्षता हासिल गरेको देखिन्छ । त्यसैले उनी स्वच्छन्दतावादी कवि मात्र होइनन् अध्यात्मनिष्ठ, ज्ञाननिष्ठ, पूर्वीय दर्शनका अनुयायी सन्त कवि पनि हुन् । सौन्दर्यमूलक दार्शनिक अभिव्यक्तिका दृष्टिले नेपाली साहित्यमा देवकोटाका कविताहरू अद्वितीय मानिएका छन् । यसै सन्दर्भमा भिखारी कवितासङ्ग्रहलाई क्षेत्र बनाई त्यसमा सङ्गृहीत कविताहरूमा अभिव्यक्त भएका पूर्वीय दर्शनसम्बद्ध विविध पक्षको अन्वेषण, अध्ययन, विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत शोधपत्र तयार पारिएको हो । पूर्वीय दर्शनका मूल पक्षहरूलाई आधार बनाएर ती कविताहरूको भावविश्लेषण गर्ने कार्य नेपाली साहित्यका क्षेत्रमा आजसम्म नभएकाले प्रस्तुत शोध आवश्यक र औचित्यपूर्ण पनि देखिन्छ । भिखारी कवितासङ्ग्रहका कविताहरूमा पूर्वीय षड् आस्तिक दर्शनका विविध पक्षहरूको खोजी गरिएको यस शोधपत्रलाई पाँच अध्यायका संरचनामा तयार पारिएको छ ।

शोधपत्रको पहिलो अध्यायमा यसको परिचय प्रस्तुत गरिएको छ । जसअन्तर्गत विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व,

शोधको सीमाङ्कन, अध्ययनविधि र शोधपत्रको रूपरेखा गरी आठ शीर्षकमा शोधपत्रलाई चिनाउने कार्य भएको छ ।

शोधपत्रको दोस्रो अध्यायलाई पूर्वीय दर्शनको परिचय शीर्षक दिई पूर्वीय दिग्विभाजन केलाउँदै पूर्वीय षड्दर्शनका रूपमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनको चिनारी दिइएको छ । पूर्वीय दर्शनका क्षेत्रमा आस्तिक, नास्तिक दुवै प्रकारका दर्शनभित्र विभिन्न सम्प्रदायहरू रहेको भए तापनि षड्दर्शनका नामले प्रचलित पूर्वोक्त छवटा दर्शनका सीमामा रहेर यस शोधकार्यलाई सम्पन्न गरिएको हो । यी छवटा दर्शनका पनि जीवनजगत्लाई हेर्ने, अर्थ्याउने आ-आफ्नै दृष्टिकोण रहेका छन् । चेतनबाहेक देखिएका सम्पूर्ण जड पदार्थलाई भ्रमात्मक र अवास्तविक मान्ने अद्वैत वेदान्तले ब्रह्म मात्रलाई एकमात्र सत्य स्विकार्दछ भने अन्य दर्शनले जड र चेतन दुवैलाई अविनाशी तत्त्वका रूपमा लिएर द्वैतको अस्तित्वलाई स्विकार्दछन् । यसरी पदार्थचिन्तनका क्रममा द्वैत, अद्वैत, द्वैताद्वैत आदि विभिन्न मत-मतान्तर रहे तापनि ती सबै दर्शनले जीवात्माको कल्याण, मुक्ति र परमानन्दलाई मुख्य केन्द्रविन्दु बनाएका छन् । त्यसैले तात्पर्यमा यी दर्शनको चिन्तन एक-आपसमा मिल्दो पनि छ । अतः पूर्वीय दर्शनका साझा मान्यताका रूपमा ईश्वर, आत्मा, जीव, प्रकृति, शरीर, मन, बन्धन-मोक्ष, ज्ञान-अज्ञान, सुख-दुःख, जन्म-मृत्यु, पूर्वजन्म-पुनर्जन्म, कर्म, आत्मसंयमजस्ता पक्षहरूको विश्लेषण पनि यस अध्यायका भित्र समेटिएको छ ।

शोत्रपत्रको तेस्रो अध्यायमा भिखारी कवितासङ्ग्रहभित्रका सबै कविताहरूको सामान्य अध्ययन गरी पूर्वीय दर्शनका दृष्टिले विवेचनीय पक्षको पहिचान गरिएको छ । कविताको सर्सर्ती अध्ययन गर्दा नै तिनमा पूर्वीय दर्शनसम्बद्ध ईश्वरचिन्तन, जीवेश्वरवादी धारणा, जन्म-मरण, प्रकृतिचिन्तन, सांसारिक सुख-दुःख, कर्मवादी चिन्तन, आस्तिक तथा नैतिक चेतना, ब्रह्म, माया, स्वर्ग, धर्म आदिसम्बन्धी धारणा, जीवनबोध तथा तत्त्वज्ञानको अवधारणा सारगर्भित रूपले प्रकट भएको पाइएको छ ।

शोधपत्रको चौँथो अध्यायमा शोधको सीमाक्षेत्रका अधीनमा रही भिखारी सङ्ग्रहभित्रका कविताहरूको दार्शनिक विश्लेषण गर्दै ती कवितामा परेको पूर्वीय दर्शनको प्रभाव केलाइएको छ । यसमा भाव तथा सन्दर्भहरूको आधिक्य तथा पुनरावृत्तिका दृष्टिले कवितामा प्रकट भएका पूर्वीय दर्शनसम्बद्ध पक्षहरूलाई ब्रह्म तथा मायासम्बन्धी धारणा,

कर्मसम्बन्धी चिन्तन, ईश्वरचिन्तन तथा जीवेश्वरवादी धारणा, प्रकृतिसम्बन्धी चिन्तन, जीवनसम्बन्धी चिन्तन र आस्तिक तथा नैतिक चेतनाजस्ता शीर्षकहरूमा समेटेर विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

त्यसैगरी शोधपत्रको पाँचौ अध्यायमा भखारी सङ्ग्रहका कविताम पूर्वीय दर्शनको अभिव्यक्ति कसरी गरिएको छ भन्ने अध्ययनमा कविताहरूको संरचना, अलङ्कार, लय, भावविधान, भाषशैली र उक्तिढाँचाजस्ता शिल्पपक्षको विवेचना गरिएको छ भने छैटौँ अध्यायमा शोधको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । जसअन्तर्गत सारांशमा प्रत्येक अध्यायहरूको संक्षिप्त दिग्दर्शन गराइएको छ भने निष्कर्षमा समग्र शोधको सार समेटिने गरी निष्कर्ष दिइएको छ र अन्त्यमा सन्दर्भ सामग्रीसूची खण्ड राखी त्यसअन्तर्गत शोधमा प्रयोग भएका तथा शोधको तयारीका निम्ति अध्ययन गरिएका सामग्रीहरूको सूची समावेश गरिएको छ ।

## ६.२ निष्कर्ष

सौन्दर्यमूलक दार्शनिक अभिव्यक्तिका दृष्टिले भिखारी सङ्ग्रहका कविताहरू निकै महत्त्वपूर्ण छन् । आफ्नो साहित्यिक जीवनको प्रथम उच्छ्वासमा नै *घनघोर दुःखसागर संसार जान* भनेर संसारको दुःखमयतालाई आत्मगत गरेका तथा जीवनको आखिरी कवितामा पनि *आखिर श्रीकृष्ण रहेछ एक* भनेर तत्त्वबोधको सङ्केतन गरेका महाकवि देवकोटामा वेदान्तादि पूर्वीय दर्शनको व्यावहारिक अवबोधन रहेको स्पष्ट देखिन्छ । पश्चिमी साहित्यको अध्ययन गरेर त्यसकै प्रभाव र प्रेरणामा साहित्यको सृजना तथा समग्र नेपाली साहित्यको उन्नयन र विस्तार गरे पनि वंशानुगत आधारबाट देवकोटा पूर्वीय दर्शनको गहिरो प्रभाव भएका दार्शनिक कवि हुन् । उनको त्यो दार्शनिक कवित्व भिखारी सङ्ग्रहभित्रका कविताहरूमा पनि प्रस्फुटित भएको छ । यस सन्दर्भमा पूर्वीय दर्शनसम्बद्ध ब्रह्म, माया, ईश्वर, प्रकृति, जीव, कर्म, जीवनभोगाइ, आस्तिकता, नैतिकताजस्ता विविध पक्षहरूको गम्भीर तथा सारगर्भित अभिव्यक्ति ती कविताहरूमा पाइन्छ ।

कुनै पनि दर्शनका सिद्धान्त, लक्षण तथा उदाहरणहरूलाई साहित्यमा यथावत् प्रयोग गर्न सकिन्न । अझ कविताको लालित्य र माधुर्यमा दर्शनको कटु यथार्थको हुबहु प्रयोग त असम्भव नै हुन्छ । यसैले महाकवि देवकोटाले बौद्धिक जटिलतालाई परै राखी साहित्यिक मूल्य-मान्यताभित्रै संयोजित गरेर सौन्दर्यपूर्ण ढङ्गबाट कवितामा पूर्वीय दर्शनको अभिव्यक्ति

दिएका छन् । **भिखारी** सङ्ग्रहका कविताहरूमा ईश्वर निर्गुण, निराकार तथा सगुण, साकार दुबै रूपमा प्रस्तुत भएको छ । 'यात्री' कवितामा आएको ईश्वर निर्गुण, निराकार छ । आत्मस्वरूप ब्रह्मका रूपमा ऊ प्रत्येक प्राणीको हृदयमा विराजमान छ ।  हरेक वस्तुमा परमात्माको अभिप्राय देख्ने देवकोटाले सो कवितामा प्रत्येक गतिशील तथा जड तत्त्वमा पनि ईश्वरको अस्तित्वलाई स्वीकार गरेका छन् । 'भिखारी' कवितामा पनि भिखारीलाई ईश्वरदेखि अभिन्न मानी प्रस्तुत गरिएको छ । यी दुवै कवितामा ईश्वरलाई सर्वव्यापक तत्त्वको रूपमा हेरिएकाले अनि जीव, जगत्भन्दा अभिन्न हो भन्ने भाव व्यक्त गरिएकाले अद्वैत वेदान्तदर्शनको ब्रह्मचिन्तन व्यञ्जित भएको । 'जीवन वन' कवितामा चाहिँ हाम्रो जन्म तथा लालनपालन गर्ने हामीलाई सुख र शान्ति प्रदान गर्ने पितासमान परमतत्वका रूपमा ब्रह्मलाई लिइएको छ । सृष्टिस्थितिलयमा प्रवृत्ति भएको ब्रह्मको यो स्वरूपलाई सगुण, साकार ईश्वरका रूपमा पूर्वीय दर्शनले व्याख्या गरेको छ । न्याय, वैशेषिक दर्शनले जगत्को निमित्तकारणका रूपमा ईश्वरलाई मानेको छ भने अद्वैत वेदान्तदर्शनले पनि व्यावहारिक सत्तामा जगत्को सृजनकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा ईश्वरलाई स्विकारेको छ र वेदान्तका अन्य सम्प्रदायले पनि ईश्वरलाई जीवजगत्का एकमात्र मालिक मानेका छन् । यसरी सगुण साकार ईश्वरसम्बन्धी तथा निर्गुण, निराकार ब्रह्मसम्बन्धी चिन्तन यस सङ्ग्रहका कवितामा पाइन्छ ।

कर्मवादी चिन्तनका दृष्टिले यस सङ्ग्रहका कवितामा श्रीमद्भगवद्गीताको निष्काम कर्मयोगको प्रभाव पाइन्छ । कर्म गरिरहेका हातलाई ईश्वरले चुम्दछन् भन्नु, गरीब तथा किसानलाई निस्वार्थ रूपमा कर्ममा प्रवृत्त गराएर सुखी एवम् आनन्दी देखाउनु, जिन्दगीलाई मौसमका रूपमा लिएर समयमा नै समुचित कर्म गर्न मार्गनिर्देश गर्नु तथा सच्चा काम गर्न सके पक्का इनाम मिल्छ भन्ने विश्वास राख्नुजस्ता कुराले कविताहरूमा पूर्वीय दर्शनको कर्मवादी चिन्तनको अभिव्यक्ति स्पष्ट छ भने प्रकृतिलाई जीवनजगत्को मूल स्रोत मानेर कविताहरूमा सम्पूर्ण जगत् प्रकृतिबाट प्रादुर्भूत भई प्रकृतिमै विलय हुन्छ भन्ने साङ्ख्य दर्शनको मान्यतालाई कविले आत्मसाथ गरेका छन् । जीवनलाई सुखदुःखको सङ्गमका रूपमा लिएका देवकोटाले वनमा सञ्जीवनी खोजेजस्तै जीवनमा मुक्तिको उपाय खोजेर आनन्दी हुने सन्देश दिएका छन् र मानवले धर्मको पालना गर्नु पर्ने, सबैमा दया, माया, प्रेम, करुणा राख्नु पर्ने, सत्यवादी तथा सेवापरायण बन्नुपर्ने, त्यागी, सन्तोषी एवम् संयमित जीवन

बाँच्नुपर्नेजस्ता धारणाहरूको अभिव्यक्तिबाट कवितामा आस्तिक तथा नैतिक चेतना पनि प्रबल रूपमा आएको छ ।

यसप्रकार **भिखारी** सङ्ग्रहका कविताहरूमा पूर्वीय दर्शनसम्बद्ध ब्रह्म, माया, ईश्वर, जीव, प्रकृति, कर्म, नैतिकता, आस्तिकता आदि पक्षहरू लालित्य एवम् माधुर्यपूर्ण सौन्दर्यका साथ संयोजित भएर आएका छन् र जीवनजगत्लाई सूक्ष्मवीक्षण गरिएका ती कवितामा पूर्वीय षड्दर्शनका मान्यताबाट अनुप्राणित दार्शनिकता अत्यन्त सरल र सशक्त ढङ्गले प्रस्तुत भएको छ ।

# सन्दर्भ सामग्रीसूची

## ग्रन्थसूची


अर्याल, दुर्गाप्रसाद (२०५५), “देवकोटाका निबन्धमा निहित दर्शन” (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) म.सं.वि. ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

आचार्य, भानुभक्त (२०७०), **भानुभक्तीय रामायण**, (सातौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६५), **तरुण तपसीको पुनमूल्याङ्कन**, (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, गोविन्दशरण (२०६६), **आर्यदर्शन**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

एम्. हिरियन्ना (सन् १९६९), **भारतीय दर्शनकी रूपरेखा**, (अनु. डा.गोवर्धन भट्ट आदि), भारत, दिल्ली : रामकमल प्रकाशन ।

गिरि, स्वामी रामानन्द (२०५५), **जनकदर्शन**, (अनु. रामहरि तिमिल्सिना), भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

गोयन्दका, जयदयाल (२०७१), **श्रीमद्भगवद्गीता** (तत्वविवेचनी हिन्दी-टीका), (एकतीसौँ संस्क.) भारत, गोरखपुर : गीताप्रेस ।

घिमिरे, उमेशप्रसाद (२०६७), *धर्मविमर्श, **अनुभूति**, (१:१), पृ. ६४-७० ।*

...................... (२०७१), **पञ्चदशी** (तत्वविवेक-प्रकरण-व्याख्या), नुवाकोट : डा. वैकुण्ठ घिमिरे ।

...................... (२०७१), **वेदान्त-सिद्धान्त**, रामेछाप : नीतु घिमिरे ।

...................... (२०७३), **पूर्वीय दर्शनमा मोक्ष-चिन्तन**, रामेछाप : उमेशप्रसाद घिमिरे ।

चतुर्वेदी, व्रजमोहन (सन् १९६९), **साङ्ख्यकारिका**, भारत, दिल्ली : नेशनल पब्लिशिंग हाउस ।

जोशी, कुमारबहादुर (२०४०), **कविता चर्चा**, ललितपुर : साझा प्रकाशन ।

...................... (२०५७), **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन**, (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

...................... (२०६७), **देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना**, (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, पुरुषोत्तम (२०६९), “भिखारी कवितासङ्ग्रहको कृतिगत अध्ययन” (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

टण्डन, गोविन्द (२०६७), **ज्ञानको चमत्कार**, ललितपुर : रवि पराजुली, केशव पराजुली, सीताराम खत्री, स्वाध्याय परिवार

थापा, मोहनहिमांशु (२०६६), **साहित्य परिचय**, (पाँचौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६४), **लक्ष्मी निबन्धसङ्ग्रह**, (सत्रौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

...................... (२०६८), **भिखारी**, (उन्नाइसौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

...................... (२०६५), **मुनामदन**, (पच्चीसौँ ), ललितपुर : साझा प्रकाशन ।

पन्त, जयराज (२०७३), **प्रा. शिवगोपाल रिसाल**, ललितपुर : स्वाध्याय परिवार ।

पाण्डे, नित्यराज (२०६६), **महाकवि देवकोटा**, (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

पौडेल, फणीन्द्रप्रसाद (२०७१), “तरुण तपसीमा अद्वैत वेदान्त दर्शनको प्रभाव” (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

प्रधान, हृदयचन्द्रसिंह (२०२१), **नेपाली काव्य र उसका प्रतिनिधि कवि**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६७), **देवकोटा**, (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, टिकादत्त (२०६८), **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बुढाथोकी, रुद्रबहादुर (२०६२), “भिखारी कवितासङ्ग्रहका कविताहरूको पाठनिर्धारण” (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

बृहदारण्यकोपनिषद् (२०३१), **बृहदारण्यकोपनिषद्**, (अनु. माधवप्रसाद देवकोटा), काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, घटराज (२०३५), *लक्ष्मीप्रसाद देवकोटा, व्यक्ति र कृति,* **मधुपर्क**, (६:४), पृ. ६१-६४) ।

भट्टराई, बैजनाथ (२०४०), **दर्शनपरिचय**, सुनसरी धरान : बैजनाथ भट्टराई ।

भूसाल, वेदुराम (२०६८), **नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू**, काठमाडौ : ने.प्र.प्र. ।

मिश्र, वीरेन्द्रप्रसाद (२०६५), **दर्शनशास्त्रपरिचय**, (दोस्रो संस्क.), काठमाडौं : नेपाल च्यारिटी फाउन्डेसन ।

रिसाल, शिवगोपाल (२०५६), **अभेद दर्शन**, ललितपुर : अनादिगोपाल रिसाल ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), **नेपाली काव्य समालोचना**, काठमाडौं : पैरवी प्रकाशन ।

वेदव्यास (२०६३), **श्रीमद्भागवतमहापुराणम्**, (सत्ताइसौँ संस्क.) भारत, गोरखपुर : गीताप्रेस ।

शर्मा, गार्गी (२०४१), **केही समीक्षा**, काठमाडौं : भगीरथ काफ्ले ।

शर्मा, सोमनाथ (२०५८), **साहित्य प्रदीप**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

संग्रौला, डिल्लीराम (२०६५), “भिखारी कवितासङ्ग्रहमा स्वच्छन्दतावाद” (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रि.वि., नेपाली केन्द्रीय विभाग ।